# नगर शिक्षा योजना (२०७८–२०८७)

## अध्यावधिक संस्करण २०८३

धनकुटा नगरकार्यपालिकाको
२०८३।०३।२१ को बैठकबाट
स्वीकृत

चिन्तन तामाङ
प्रमुख

धनकुटा नगरपालिका
धनकुटा
२०७३


**धनकुटा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**धनकुटा, कोशी प्रदेश, नेपाल**

# धनकुटा नगरपालिको १० वर्षे शिक्षा योजना




## धनकुटा नगरपालिका, धनकुटा
## प्रदेश नं. १,नेपाल
## २०७८

धनकुटा नगरपालिकाको १० वर्षे शिक्षा योजना धनकुटा  २०७८ — २०८७
धनकुटा नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत : २०७८ पौष २९ गते

**नगर शिक्षा योजना निर्माण कार्यदलका सदस्यहरु :**

श्री जम्सेर राई - संयोजक
श्री सिताराम गौतम - सदस्य
श्री थोपा निरौला - सदस्य
श्री यज्ञ प्रकाश चापागाईँ- सदस्य
श्री नगेन्द्रमणि श्रेष्ठ - सदस्य सचिव

**शिक्षा योजना लेखन समुह**

श्री नगेन्द्रमणि श्रेष्ठ (शा.अ. धनकुटा नगरपालिका नगरकार्यपालिकाको कार्यालय धनकुटा )
श्री नर बहादुर विश्वकर्मा (प्र .अ. श्री श्रीमान टंक माध्यमिक विद्यालय ध.न.पा.- २ भीरगाउँ)
श्री यज्ञ प्रकाश चापागाईँ (प्र. अ. श्री गोकुण्डेश्वर माध्यमिक विद्यालय ध.न.पा.- ६ सिरानबजार)
श्री दीपक पोख्रेल (प्र .अ. श्री त्रिवेणी माध्यमिक विद्यालय ध.न.पा.- ७ चुलिवन)
श्री लक्ष्मी प्रसाद सापकोटा (मा. शि. श्री गोकुण्डेश्वर माध्यमिक विद्यालय ध.न.पा. -६ सिरानबजार)
श्री गोविन्द राई (प्र .अ. श्री भाषा माध्यमिक विद्यालय ध.न.पा.- ३ कागते)
श्री नवराज खतिवडा ( प्रा .स . धनकुटा नगरपालिका नगरकार्यपालिकाको कार्यालय, धनकुटा)

**शिक्षा योजना लेखन पुनरालोकन तथा सुझाबकर्ता**

श्री राम बहादुर थापा उपसचिव, प्रमुख प्रशासकीय अधिकृत धनकुटा नगरपालिका
जिल्ला प्राविधिक कार्यदल सदस्य शिक्षा विकास तथा समन्वय इकाइ धनकुटा

**योजना निर्माणको विशेष प्राविधिक सहयोग**

श्री योगेन्द्र चापागाईं – जिल्ला संयोजक तथा क्षेत्रिय प्राविधिक संयोजक, EGRP II

नोट : NEGRP/EGRP II को प्राविधिक सहयोग तथा सहजीकरणमा यस नगरपालिकाबाट विद्यालय शिक्षा क्षेत्रको समग्र विकासको लागि दश वर्षिय शिक्षा क्षेत्रको योजना तयार पारिएको छ।

अध्यावधिक नगर शिक्षा योजना, धनकुटा नगरपालिका धनकुटा

नगर शिक्षा योजना (२०७८-२०८७)  अध्याविधक संकरण २०८२

नगर शिक्षा योजना (२०७८-२०८७) अध्यावधिक मिति : २०८३/०३/२९

नगरकार्यपालिकाबाट स्वीकृत तथा सिफारिस: २०८३ /०३/२९

प्रकाशक

नगर कार्यपालिकाको कार्यालय, शिक्षा युवा तथा खेलकुद  विकास शाखा, धनकुटा नगरपालिका, धनकुटा
कोशी प्रदेश, नेपाल

**मुद्रण:**

**नगर शिक्षा योजना अध्यावधिक  समितिका सदस्यहरु :**

श्री सुरेन्द्र आठपहरीया राई – संयोज

श्री दशरथ राई       - सदस्य

श्री सिताराम गौतम  - सदस्य

श्री नर बहादुर भुजेल  - सदस्य

श्री रमेश प्रसाद दाहाल - सदस्य

श्री नवराज खतिवडा - सदस्य सचिव

**अध्यावधिक शिक्षा योजना लेखन उपसमूह**

श्री रमेश प्रसाद दाहाल - संयोजक (शाखा अधिकृत)

श्री लोक बहादुर खड्का –सदस्य (विषय विज्ञ)

श्री प्रेम प्रसाद निरौला - सदस्य (MIS OPERATOR)

श्री नवराज खतिवडा - सदस्य- सचिव ( शिक्षा अधिकृत)

**अध्यावधिक शिक्षा योजना लेखन पुनरालोकन तथा सुझाबकर्ता**

श्री दशरथ राई उपसचिव, प्रमुख प्रशासकीय अधिकृत, धनकुटा नगरपालिका

**योजना निर्माणको  विशेष प्राविधिक सहयोग**

श्री लोक बहहादुर खड्का  –  क्रियटिभ रिसर्च एण्ड डेभलपमेन्ट हव महालक्ष्मी नगरपालिका, ललितपुर, योजना विज्ञ



कुनै पनि पालिकाको शिक्षा योजनाले त्यस पालिकाको समग्र शिक्षाको मार्गदर्शन गरेको हुन्छ। यस धनकुटा नगरपालिका धनकुटाको नगरपालिकास्तरीय शिक्षा योजनामा नगरपालिका भित्रको समग्र शैक्षिक अवस्था समावेश गरीएको छ र त्यस अवस्थाका आधारमा दश वर्ष भित्रमा शिक्षा कुन अवश्थामा पुर्याउने भनी चित्रण गरिएको छ। यस शिक्षा योजनाले धनकुटा नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक सूचनाहरुको बस्तुस्थिति प्रस्तुत गर्नुका साथै धनकुटा जिल्लाको समग्र शैक्षिक पक्षलाई धनकुटा नगरपालिका सँग समेत तुलना गरी नगर शिक्षा योजना निर्माणका भावी रणनीतिक योजना कार्यान्वयनले महत्वपूर्ण भूमिका निर्वाह गर्नुका साथै भावी कार्यदिशा निर्धारणका लागि समेत उपयुक्त भएकाले यसको अपरिहार्यतालाई मध्यनजर गरी धनकुटा नगरपालिकाको अन्य स्थानिय तहहरुको शैक्षिक योजना निर्माण ,वार्षिक योजना तर्जुमा लगायतमा सहयोग पुगोस् भन्ने उद्देश्यका साथ धनकुटा नगरपालिकाले यो शिक्षा योजना तयार गरिएको छ।

यस शिक्षा योजनमामा नगरपालिकाको शैक्षिक सूचना, घरधुरी तथा जनसङ्ख्या,पालिकाको साक्षरताको अवस्था, कार्यान्वयनमा आएका शैक्षिक कार्यक्रमहरु, शैक्षिक सुचांकको माध्यमिक तथा आधारभूत तहको विवरण, पालिकाको शिक्षाको दुरदृष्टि, धेय, लक्ष्य, उदेश्य, रणनीति तथा सिकाइ उपलब्धि विवरण २०७७ आदि शैक्षिक क्षेत्रका पक्षहरु समेटिएका छन् जसले वर्तमान शैक्षिक सूचनाहरुको अवस्थाका बारेमा जानकारी दिएको छ जसका आधारमा सुचकगत लक्ष्य निर्धारण समेत गरिएको छ। त्यस्तै यस शिक्षा योजनाले नगरपालिकास्तरीय स्थानिय वार्षिक योजना तर्जुमा,नीति तथा कार्यक्रम र कार्यविधिहरु निर्धारण गर्न समेत अहम् भूमिका निर्वाह गर्ने कुरामा म विश्वस्त छु।

यो शिक्षा योजना तयार गर्नका लागि आर्थिक सहयोग गर्ने धनकुटा नगरपालिका नगरकार्यपालिकाको कार्यालय धनकुटा, प्राविधिक सहयोग उपलब्ध गराउनु हुने, सही सूचना उपल्ब्ध गराइ सहयोग गर्नु हुने तथा यस कार्यमा व्यवस्थापन तथा समन्वयकारी भूमिका निर्वाह गर्नु हुने सबै प्रति हार्दिक आभार प्रकट गर्दछु।



**चिन्तन तामाङ्ग**
**नगर प्रमुख**



शिक्षा मानव जीवनको उज्यालो ज्योति हो जसले मानिसलाई सामाजिक र व्यवहारिक बनाउदै सभ्यताको पहिचान दिलाई राज्यप्रति उत्तरदायी बनाउने भएकाले नागरिकको शैक्षिकस्तरले राज्य सञ्चालनमा प्रभावकारीता ल्याउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । विश्वमा भएका विकसित देशहरुमा परिर्वतनका आधार भनेकै शिक्षामा भएको गुणस्तरीयता र व्यवसायिकता नै हुन । जहाँ गुण्स्तरीय, प्रविधिमैत्री शिक्षाको विकास भएको छ त्यहाँ बेरोजगारी र गरिवी कम हुँदै आर्थिक तथा सामाजिक रुपमा समेत दिगो विकास भई समृद्ध राष्ट्र निर्माण भएको छ ।

नगरपालिका क्षेत्रमा बसोवास गर्ने नागरिकले पाएको शिक्षाको अवसरको विषयमा विस्तृत योजना तयार गर्नु अपरिहार्य रहेको परिप्रेक्ष्यमा धनकुटा नगरपालिकाको पहिलो पटक स्थानीय शिक्षा योजना तयार हुँदा अत्यन्तै खुसी लागेको छ । यो शिक्षा योजनालेले नगर क्षेत्रमा शिक्षाको क्षेत्रमा सवै नगरवासीले समान रुपमा सेवा पाइरहेका छन् छैनन्, हरेक जातजाति र समुदायको शिक्षाको क्षेत्रमा के कस्तो सहभागिता रहेको छ ? असक्त, फरक क्षमता भएका समुदाय, शिक्षाको समान अवसरवाट वञ्चित छन्, छैनन् ? गरिव तथा पिछाडिएको क्षेत्र र समुदायमा शिक्षाको गुणस्तर र सहभागिताको अवस्था कस्तो छ ? सो विषयमा समेत मध्यनजर गर्दै सुनिश्चितताका लागि नगरपालिकाले आगामी दिनमा शिक्षा सम्बन्धी नीति, वार्षिक बजेट तथा कार्यक्रम तयार गर्न सहयोग पुग्ने र शैक्षिक गुणस्तर प्राप्ति हुने विश्वास लिएको छु ।

स्थानीय तहलाई संबैधानिक तथा कानूनी रुपमा शिक्षा क्षेत्रमा प्राप्त भएको कानुनी अधिकारलाई संस्थागत गर्दै कार्यान्वयन गर्ने चरणमा धनकुटा नगरपालिकाले शिक्षा ऐन, २०७६ जारी गरी नगर शिक्षा समितिको संरचनागत व्यवस्था समेत गरिसकेको छ । नगरपालिकाले यही शिक्षा ऐनलाई आत्सात् गर्दै शिक्षा समितिको समन्वय र सहकार्यमा सम्पूर्ण शैक्षिक गतिविधिहरु समेत सञ्चालनमा रहेको हुँदा यो शिक्षा योजनाको आधारमा देखिएका सुधारका पक्षहरुलाई सूचकगत रुपमा वार्षिक कार्यक्रम बनाई हरेक वर्ष क्रमश शैक्षिक क्रियाकलापहरु सञ्चालन गरी शैक्षिक उपलव्धि हासिल हुने अपेक्षा गरेको छु ।

धनकुटा नगरपालिकाले द्वारा तयार पारिएको यस शिक्षा योजना तयार गर्नका लागि अहोरात्र रुपमा प्राविधिक सहयोग गर्नुहुने जिल्ला संयोजक योगेन्द्र चापागाई, यस कार्यका लागि स्थानीय सरकारको तर्फबाट समन्वय गर्नुहुने प्रमुख श्री चिन्तन तामाङज्यु , अध्ययन तथा व्यवस्थापकीय भूमिका निर्वाह गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत श्री दशरथ राईज्यु, शैक्षिक प्रशासनमा कार्यरत कर्मचारी लगायत सवै प्रति उच्च सम्मान् प्रकट गर्दछु ।

**शकुन्तला बस्नेत**
**उपप्रमुख**



धनकुटा नगरपालिका, धनकुटाको नगरपालिकास्तरीय शिक्षा योजनामामा धनकुटा नगरपालिकाको आधार वर्षको शैक्षिक अवस्थ समावेश गरी दश वर्षको शैक्षिक योजाना तयार गरिएको छ। यस शिक्षा योजनामा आफ्नो पालिकाको परिचय, भौगोलिक अवस्था, सामाजिक तथा सांस्कृतिक अवस्था, समग्र शैक्षिक अवस्था, सिकाइ उपलब्धि सहित समग्र शैक्षिक अवस्था तथा अन्य विविध शैक्षिक जानकारीहरुलाई गतारीएको छ।

संविधानतः संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति सुशासन, विकास र समृद्धिका लागि शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगार मूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिष्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य वनाई क्रमश निःशुल्क बनाउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको लागि आधारभूत तह अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरिएको छ। शिक्षाका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई पूरा गर्न स्थानीय सरकारद्वारा निमार्ण गरिएको यस पालिका स्तरयि शिक्षा योजनाले नगरपालिकाको समग्र दश वर्षे शैक्षिक कार्यक्रम लागू गरी शैक्षिक सुधार हुने कुरामा म विश्वस्त रहेको छु।

अन्त्यमा यस नगरपालिपकाको शिक्षा योजना बनाउनका लागि सहयोग गर्ने विशेषत धनकुटा नगरपालिका नगरकायपालिकाको कार्यालय, शिक्षा योजना निर्माण समिति, लेखन समिति तथा यस शिक्षा योजना निर्माणका लगिा प्रविधिक सहयोग तथा सहजीकरण प्रदान गर्नुहुने तथा तथ्याङक सङ्कलनकर्ता लगायत आ–आफ्नो तर्फबाट सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवाला पक्षहरुमा विशेष धन्यवाद व्यक्त गर्दछु।

**प्रमुख प्रशासकीय अधिकृत**

**(राम बहादुर थापा)**

# विषयसूची


परिच्छेद १ : परिचय ........ १

१.१ वर्तमान अवस्था ........ १

१.१.१ भौगोलिक अवस्थितिको विश्लेषण ........ २

१.१.२ जनसाङ्ख्यिक संरचनाको विश्लेषण ........ ४

१.१.३ सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण ........ ८

१.१.४ आर्थिक अवस्थाको विश्लेषण ........ १०

१.१.५ धनकुटा नगरपालिकाको शैक्षिक अवस्था ........ १२

१.२ शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीको विश्लेषण ........ २१

१.३ शिक्षा क्षेत्रका अवसरहरू ........ २३

परिच्छेद २ : लक्ष्य निर्धारण ........ २४

२.१ दूर दृष्टि ........ २४

२.२ लक्ष्य ........ २४

२.३. उद्देश्यहरु ........ २४

२.४ रणनीतिहरु ........ २५

२.५ कार्यनीतिहरु ........ २६

२.६ अपेक्षित उपलब्धि ........ २८

२.७ मुख्य कार्यसम्पादन सुचकहरु ........ २९

परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू ........ ३१

३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा ........ ३१

३.१.१ परिचय ........ ३१

३.१.२ वर्तमान अवस्था ........ ३२

३.१.३ उद्देश्यहरु ........ ३३

३.१.४ रणनीति ........ ३४

३.१.५ उपलब्धि तथा प्रमुख नतिजाहरू ........ ३५

३.१.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू ........ ३५

३.२ आधारभूत शिक्षा ........ ३७

३.२.१ परिचय ........ ३७

३.२.२ वर्तमान अवस्था ........ ३७

३.२.३ उद्देश्य ........ ३९

३.२.४ रणनीति........ ३९

३.२.५ उपलब्धि  र नतिजा........ ४०

३.२.६  प्रमुख क्रियापलाप तथा लक्ष्यहरू........ ४०

३.३ माध्यमिक शिक्षा ........ ४३

३.३.१ परिचय ........ ४३

३.३.२ वर्तमान अवस्था ........ ४४

३.३.३ उद्देश्यहरू ........ ४६

३.३.४ रणनीतिहरु ........ ४७

३.३.५ उपलब्धि तथा प्रमुख नतिजाहरू ........ ४८

३.३.६ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु........ ४९

३.४  प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ........ ५१

३.४.१ परिचय........ ५१

३.४.२ वर्तमान अवस्था ........ ५१

३.४.३ उद्देश्यहरु........ ५२

३.४.४ रणनीतिहरु ........ ५२

३.४.५  उपलब्धि र नतिजा........ ५३

३..४.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य........ ५३

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........ ५४

३.५.१ परिचय ........ ५४

३.६.२ वर्तमान अवस्था ........ ५५

३.५.३ उद्देश्यहरु........ ५६

३.५.४ रणनीतिहरु ........ ५७

३.५.५  उपलब्धि र नतिजा........ ५७

३.५.६  प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ५८

परिच्छेद ४ :  अन्तर सम्बन्धित क्षेत्रहरू........ ५९

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन........ ५९

४.१.१ परिचय ........ ५९

४.१.२ वर्तमान अवस्था ........ ५९

**४.१.३ उद्देश्य**........ ६०

**४.१.४ रणनीतिहरू**........ ६१

**४.१.५ उपलब्धि तथा प्रमुख नतिजा ..... ६२**

**४.१.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य ..... ६३**

४.२ शिक्षक व्यवस्थापन र विकास ..... ६४

४.२.१ परिचय ..... ६४

४.२.२ वर्तमान अवस्था ..... ६५

४.२.३ उद्देश्य ..... ६६

४.२.४ रणनीति ..... ६७

४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ..... ६७

४.२.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य ..... ६८

४.३ शैक्षिक समता र समावेशीकरण ..... ६९

४.३.१ परिचय ..... ६९

४.३.२ वर्तमान अवस्था ..... ६९

४.३.४ उद्देश्यहरू ..... ७०

४.३.५ रणनीतिहरू ..... ७१

४.३.६ उपलब्धि तथा प्रमुख नतिजाहरू ..... ७२

४.३.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू ..... ७३

४. ४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ..... ७४

४.४.१ परिचय ..... ७४

४.४.२ वर्तमान अवस्था ..... ७४

४.४.३ अवसर र चुनौतिहरू ..... ७५

४.४.४ उद्देश्य ..... ७५

४.४.५ रणनीति ..... ७५

४.४.६ उपलब्धि तथा प्रमुख नतिजा ..... ७६

४.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू ..... ७७

४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता ..... ७८

४.५.१ परिचय ..... ७८

४.५.२ वर्तमान अवस्था ..... ७९

४.५.३ उद्देश्यहरु ..... ८१

४.५.४ रणनीति ..... ८१

४.५.५ उपलब्धि र नतिजा ..... ८२

४.४.६ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू........ ८३
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ ८४
४.६.१ परिचय ........ ८४
४.६.२ वर्तमान अवस्था ........ ८४
४.६.३ अवसर र चुनौतीहरू........ ८५
४.६.४ उद्देश्य ........ ८५
४.६.५ रणनीतिहरू ........ ८५
४.६.६ उपलब्धि तथा नतिजाहरू ........ ८६
४.५.७ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू........ ८६
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ ८७
४.७.१ परिचय ........ ८७
४.७.२ वर्तमान अवस्था ........ ८८
४.७.३ उद्देश्यहरु........ ८९
४.७.४ रणनीतिहरु ........ ८९
४.७.५ उपलब्धि र नतिजा ........ ९०
४.७.६ प्रमुख क्रियापलाप तथा लक्ष्यहरु........ ९०
परिछेद ५ विद्यालय सुशासन तथा व्यवस्थापन ........ ९१
५.१ परिचय........ ९१
५.१.१ वर्तमान अवस्था : ........ ९२
५.१.२ उद्देश्य :........ ९३
५.१.३ रणनीतिहरू : ........ ९३
५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य : ........ ९४
५.१.४ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु........ ९४
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध........ ९५
५.२.१ परिचय ........ ९५
५.२.२ वर्तमान अवस्था ........ ९६
५.२.३ उद्देश्यहरू ........ ९६
५.२.४ रणनीतिहरू........ ९६
५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य........ ९७
परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन........ ९९

६.१ परिचय ........ ९९

६.२ वर्तमान अवस्था ........ ९९

६.४ उद्देश्य ........ १०१

६.५ रणनीतिहरु ........ १०१

६.६ प्रस्तावित कार्यक्रम तथा वजेट अनुमान ........ १०२

प्रस्तावित बजेट ........ १०३

परिच्छेद ७ कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन ........ १०५

७.१ परिचय ........ १०५

७.२ वर्तमान अवस्था ........ १०५

७.४ उद्देश्य ........ १०६

७.५ रणनीतिहरू ........ १०६

७.६ उपलब्धि ,नतिजा ........ १०७

७.७ समन्वय र सहजीकरणः ........ १०८

७.८ मुख्य क्रियाकलाप र लक्ष्य ........ १०९

अनुसूचिहरु ........ ११०

अनुसूची १ नगरशिक्षा समितिका पदाधिकारीहरुको विवरण ........ ११०

अनुसूची २ सामाजिक विकास समितिको विवरण ........ ११०

अनुसूची ३ नगर शिक्षा क्षेत्रको योजना अद्यावधिक निर्माण समितिको विवरण ........ ११०

अनुसूची ४ नगर शिक्षा योजनाको मस्यौदा उपसमितिको विवरण ........ १११

अनुसूची ५ शिक्षा, युवा तथा खेलकुद विकास शाखाका कर्मचारीको विवरण ........ १११

अनुसूची ६ सामुदायिक विद्यालय तर्फ रहेको विद्यालयगत दरबन्दी संख्या ........ १११

अनुसूची ७ सामुदायिक, धार्मिक, निजामती आवासिय तथा संस्थागत विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुको विवरण ........ ११३

अनुसूची ८ धार्मिक,निजामती आवासीय तथा संस्थागत विद्यालयहरु ........ ११६

अनुसूची ९ धनकुटा नगरपालिका अन्तर्गतका सञ्चालनमा रहेका क्याम्पसहरुको विवरण ........ ११७

अनुसूची १० धनकुटा नगरपालिका अन्तर्गतका सामुदायिक सिकाई केन्द्र र परिचालकहरुको विवरण ........ ११७

# परिच्छेद १ : परिचय

## १.१ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अन्तर्गत संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको व्यवस्था गरेको छ। संविधानले समतामूलक, समावेशी तथा समाजवाद उन्मुख राष्ट्र निर्माणलाई मूल लक्ष्यका रूपमा आत्मसात् गर्दै शिक्षासम्बन्धी मौलिक हक तथा राज्यका दायित्वहरू सुनिश्चित गरेको छ। यी संवैधानिक व्यवस्था कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ तथा बालबालिकासम्बन्धी ऐन, २०७५ जारी गरिएका छन्। त्यसैगरी, राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मूल्य र मान्यतामा आधारित शिक्षा प्रणालीको विकास, सुधार तथा रूपान्तरणका लागि आवश्यक नीतिगत व्यवस्था गरेको छ।

संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरेको छ भने माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने हक सुनिश्चित गरेको छ। साथै, अपाङ्गता भएका तथा आर्थिक रूपमा विपन्न बालबालिकालाई कानुनबमोजिम निःशुल्क शिक्षाको व्यवस्था गर्ने प्रावधान पनि रहेको छ। संघीय शासन प्रणाली कार्यान्वयनसँगै तीनै तहका सरकार आफ्नो-आफ्नो अधिकारक्षेत्रमा क्रियाशील छन्। यस परिवर्तित सन्दर्भमा प्रत्येक तहका सरकारले आफ्नो अधिकार, दायित्व र स्थानीय आवश्यकता अनुरूप शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा विकास गर्नुपर्ने आवश्यकता अझ स्पष्ट भएको छ।

शिक्षा क्षेत्रको समग्र विकासका लागि संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य, समन्वय तथा सहअस्तित्वको भावनामा आधारित योजनाबद्ध प्रयास आवश्यक छ। राष्ट्रिय लक्ष्य, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा स्थानीय आवश्यकता समेटी शिक्षा क्षेत्रको दीर्घकालीन विकासका लागि योजनाबद्ध रूपमा कार्य गर्नु आजको आवश्यकता हो।

नेपाललाई अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्दै वि.सं. २०८९ (सन् २०३३) सम्म मध्यम आय भएको मुलुकमा रूपान्तरण गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्न सक्षम, दक्ष र प्रतिस्पर्धी जनशक्ति उत्पादन अपरिहार्य छ। साथै, नेपाल सरकारको २५ वर्षे दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" को सफल कार्यान्वयनका लागि शिक्षा क्षेत्रको विकास, सुधार तथा गुणस्तर अभिवृद्धि अनिवार्य छ। संघीय शासन प्रणालीको सहकारिता, समन्वय र सहअस्तित्वको मूल मर्मलाई आत्मसात् गर्दै स्थानीय सरकारले शिक्षा क्षेत्रको विकासमा प्रभावकारी भूमिका निर्वाह गर्नु आवश्यक छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा क्षेत्रसम्बन्धी २३ वटा अधिकार प्रदान गरेको छ। यी अधिकारको प्रभावकारी कार्यान्वयन गर्दै राष्ट्रिय शिक्षा नीति, २०७६, १६औँ आवधिक योजना तथा अन्य राष्ट्रिय नीति तथा योजनाले निर्धारण गरेका लक्ष्य र उद्देश्य प्राप्त गर्न स्थानीय सरकारले योजना निर्माण, समन्वय र कार्यान्वयनमा सक्रिय भूमिका खेल्नुपर्छ। समावेशी, समतामूलक र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्दै आजीवन सिकाइका अवसर प्रवर्द्धन गर्नु यस योजनाको प्रमुख उद्देश्य हो।

यसैगरी, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद–६ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकारभित्रका विषयमा आवधिक, वार्षिक तथा क्षेत्रगत योजना निर्माण गर्नुपर्ने व्यवस्था गरिएको छ। योजना निर्माण गर्दा संघ तथा प्रदेश सरकारका नीति, लक्ष्य र प्राथमिकतासँग सामञ्जस्य कायम गर्नुका साथै वातावरण संरक्षण, जलवायु परिवर्तन, लैङ्गिक समानता, सामाजिक समावेशीकरण, अपाङ्गता, समान पहुँच, विपद् व्यवस्थापन तथा सुशासनजस्ता विषयलाई समेट्नुपर्ने व्यवस्था गरिएको छ। साथै, सहभागितामूलक योजना तर्जुमा गरी सरोकारवालाको सक्रिय सहभागितामा क्षेत्रगत योजना तयार गर्नुपर्ने कानुनी व्यवस्था पनि रहेको छ।

प्रत्येक आर्थिक वर्षमा स्थानीय सरकारले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्नुपर्ने हुन्छ। संघीय सरकारबाट प्राप्त वित्तीय स्रोत तथा स्थानीय स्रोत–साधनको प्रभावकारी परिचालन गर्दै वार्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने दायित्व स्थानीय सरकारको हो। विशेष गरी कोभिड–१९ महामारीले शिक्षा क्षेत्रमा पारेको असरलाई मध्यनजर गर्दै सीमित स्रोत–साधनका बीच शिक्षा क्षेत्रका चुनौती र आवश्यकतालाई सम्बोधन गर्न व्यावहारिक तथा कार्यान्वयनयोग्य दीर्घकालीन योजना अपरिहार्य भएको छ।

उल्लिखित सन्दर्भमा राष्ट्रिय शिक्षा नीति, कार्यक्रम, लक्ष्य तथा उद्देश्य कार्यान्वयन गर्नुका साथै स्थानीय आवश्यकता र प्राथमिकतालाई सम्बोधन गर्न स्थानीय परिवेशअनुकूल दीर्घकालीन शिक्षा योजना निर्माण आवश्यक छ। यही उद्देश्यका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले "स्थानीय तहका लागि नयाँ शिक्षा क्षेत्र योजना निर्माण कार्यढाँचा, २०७७" तयार गरेको छ। साथै, स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१) ले पनि स्थानीय तहले शिक्षा योजना निर्माण गर्नुपर्ने व्यवस्था गरेको छ। सोही कार्यढाँचा र मार्गदर्शनलाई आधार मानी तयार गरिएको धनकुटा नगरपालिकाको १० वर्षे शिक्षा योजनालाई समयानुकूल परिमार्जन तथा अद्यावधिक गरिएको हो।

यस योजनाले शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय, समावेशी, उत्तरदायी तथा परिणाममुखी बनाउने लक्ष्य लिएको छ। साथै, धनकुटा नगरपालिकाको शिक्षा क्षेत्रको समग्र विकास, व्यवस्थापन तथा दीर्घकालीन दिशानिर्देशनका लागि यो १० वर्षे शिक्षा योजना मार्गदर्शक दस्तावेजका रूपमा कार्य गर्ने अपेक्षा गरिएको छ।

### १.१.१ भौगोलिक अवस्थितिको विश्लेषण

विश्वमान चित्रमा एशिया महादेशभित्रको दक्षिण एशियामा अवस्थित सानो भुपरिवेष्ठित मुलुक नेपालको पूर्वी पहाडमा अवस्थित धनकुटा नगरपालिका भौगोलिक अवस्थितिको हिसावले २६ डिग्री ५९ मिनेट देखि २७ डिग्री ०२ मिनेट उत्तरी अक्षांश र ८६ डिग्री १७ मिनेट देखि २७ डिग्री २३ मिनेट पूर्वी देशान्तरमा अवस्थित छ।धनकुटा नगरपालिका धनकुटा जिल्लाका ७ वटा स्थानीय तहमध्ये एक हो। कूल १११.०८ व.कि.मी. क्षेत्रफलमा फैलिएको यो नगरपालिकाले धनकुटा जिल्ला (८८७.७ व.कि.मी.) को १२.५% र नेपालको कूल भू–भाग (१,४७,१८१ व.कि.मी.) को०.०७५% क्षेत्रफल ओगटेको छ।

धनकुटा नगरपालिका पूर्वी नेपालको महाभारत पर्वत श्रृङ्खलामा अवस्थित एक सुन्दर पहाडी नगरी हो। यस नगरपालिका नेपालको पुरानो राजनैतिक संरचना अनुसार पूर्वाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम पनि हो र हाल यो नगरपालिका कोशी प्रदेश अन्तर्गत पर्दछ। यो नगरपालिका धनकुटा जिल्लाको सदरमुकाम पनि रहेको छ। यसको विकास क्रमलाई हेर्दा यहाँ करिव ४०० वर्ष पहिलेदेखि बस्ती बसेको मानिन्छ। यस नगरपालिकाको वडा नं ७ हुलाकटोलको पुछारमा शिरवानी भन्ने ठाउँमा रहेको मेजर पाटी नाउँले चिनिने पाटीभित्र नटाँसिएको शिलालेख

अनुसार वि. सं. १८८३ सालमा त्यो पाटी र त्यहाँ देखि अलि तल घुमाउने चौतारा थापाको थर भएको मान्छेले बनाएको शिलालेखमा प्रष्ट छ । त्यस बखत त्यहाँ यस्माली मगरहरूको बसोबास र पछि भादगाउँबाट आएका नेवारहरूको बसोबास भएको देखिन्छ ।

नगरको पूर्वमा छथर जोरपाटी गाउँपालिका, पश्चिममा सहिदभूमि गाउँपालिका, उत्तरमा पाख्रीबास नगरपालिका र छथर जोरपाटी गाउँपालिका तथा दक्षिणमा साँगुरीगढी गाउँपालिका पर्दछ। धनकुटा नगरपालिकाका विशेषता भनेको ऐतिहासिक धनकुटा गौंडा, सल्लेरी वन, बिहीबारे साप्ताहिक हाट बजार, ऐतिहासिक बाउन्न ढोके दरबार, श्रीपञ्चमी पार्क, थामडाँडा, चुलिवन, टुँडिखेल र धरहरा ऐतिहासिक भाषा स्कूल र ऐतिहासिक गोकुण्डेश्वर स्कूल, निशान भगवती, गुराँसे र नारायणी टी स्टेट, क्षेत्रीय सङ्ग्रहालय र पर्यटकीय तथा व्यापारिक स्थल मानिएको हिले बजार छन्। धनकुटा जिल्लाको मध्य भागमा अवस्थित यो नगर समुन्द्री सतहबाट २५० मीटर देखि २१४४ मीटर सम्मको उचाईमा अवस्थित छ । डाँडाको थाप्लोदेखि तल पुच्छारसम्म बस्ती फैलिएको हुनाले भौगोलिक बनावटको आधारमा यस नगरपालिका लाई पहाडी प्रदेश र बेसी प्रदेशमा विभाजन गर्न सकिन्छ । अधिकांश भूभाग भिरालो र दक्षिणी मोहडातिर फैलिएको छ । डाँडामै अवस्थित भएको कारणले यसको पानी निकास दक्षिण दिशातिर हुने गरेको छ । सबै खोलाहरु तमोर नदी भई नगरपालिकाको पश्चिमदेखि दक्षिणबाट बाहिर निस्किन्छ । पहुँच को सुविधाको हिसाबले धनकुटालाई सुगम मान्नुपर्छ । विराटनगर, धरान, इटहरी जस्ता ठूला शहरबाट कोशी राजमार्ग हुँदै धनकुटा पुग्न सजिलो छ भने ध.न.पा.को हिले बजार हुँदै संखुवासभा र तेह्रथुम जिल्ला पुग्न सकिन्छ । छिमेकी धरान शहरबाट यो नगरपालिकाको केन्द्र ५२ कि.मी. उत्तरतर्फ रहेको छ ।

धनकुटा नगरपालिकाको हावापानी समशितोष्ण मनसुन प्रकारको रहेको छ । जाडोमा अलि जाडो र गर्मी महिनामा सामान्य गर्मी हुनु यहाँको विशेषता हो । यहाँ चैत्र देखि आश्विन सम्म गर्मी रहन्छ भने कार्तिक देखि माघ सम्म जाडो मौसम रहन्छ । सबैभन्दा जाडो महिना पुष – माघमा अधिकतम तापक्रम ३ देखि ७° सेल्सियससम्म झर्छ भने सबैभन्दा गर्मी महिना जेठमा तापक्रम २७ देखि ३२° सेल्सियससम्म पुग्छ । नगरको सवै भन्दा गर्मी ठाउँ मुलघाट र सबै भन्दा जाडो ठाउँ पर्यटकीय स्थान हिले बजार हो । त्यसैगरी, यस नगरपालिकामा औषत बर्षा १००० देखि १२०० मिलीमीटर रहेको छ । यहाँको प्रमुख नदीनालाहरु तमोर नदी, ताङ्खुवा खोला, पात्ले खोला, निबुवा खोला, सिस्ने खोला र ठोका खोला हुन् । प्रशासनिक रुपमा सेवा प्रवाह गर्न यो नगरलाई १० वटा वडाहरुमा विभाजन गरिएको छ ।

**तालिका १.१ वडागत आधारमा जनसंख्याको वितरण**

| नयाँ वडा | समावेश साविकका क्षेत्रहरू | क्षेत्रफल (वर्ग कि.मी.) | जनघनत्व (व्यक्ति/वर्ग कि.मी.) |
|---|---|---|---|
| १ | धनकुटा (१) | ७.४७ | ९५२.२१ |
| २ | भिरगाउँ धनकुटा २ | २०.९६ | १८२.८७ |
| ३ | धनकुटा (२) | ११.३१ | १८६.७४ |
| ४ | धनकुटा (४) | ३.५७ | ८०९.२४ |
| ५ | धनकुटा (५) | ३.८७ | ७२४.८१ |
| ६ | धनकुटा (३, ६) | ६.५४ | ६२६.३ |
| ७ | धनकुटा (७) | ३.१७ | १६४५.४३ |
| ८ | धनकुटा (८, ९) | १२.४१ | १४८.५९ |

| | | | |
|---|---|---|---|
| ९ | बेलहरा (४-९) | २९.९९ | १३३.५८ |
| १० | बेलहरा (१-३) | ११.५६ | १७८.९८ |
| **जम्मा** | | **११०.८५** | **३२४.६१** |

*श्रोतः* धनकुटा नगरपालिका

धनकुटा नगरपालिकाको कुल क्षेत्रफल ११०.८५ वर्ग कि.मी. रहेको छ भने औसत जनघनत्व ३२४.६१ व्यक्ति प्रति वर्ग कि.मी. रहेको देखिन्छ। वडागत रूपमा हेर्दा वडा नं. ७ को जनघनत्व सबैभन्दा बढी १,६४५.४३ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ, जसले यो वडा अत्यधिक सघन बस्ती भएको क्षेत्र रहेको संकेत गर्दछ। त्यसैगरी वडा नं. १ (९५२.२१), वडा नं. ४ (८०९.२४), वडा नं. ५ (७२४.८१) र वडा नं. ६ (६२६.३०) को जनघनत्व पनि नगरपालिकाको औसतभन्दा धेरै माथि रहेको छ। अर्कोतर्फ वडा नं. ९ को जनघनत्व सबैभन्दा कम १३३.५८ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ। यसपछि वडा नं. ८ (१४८.५९), वडा नं. १० (१७८.९८), वडा नं. २ (१८२.८७) र वडा नं. ३ (१८६.७४) मा अपेक्षाकृत कम जनघनत्व रहेको देखिन्छ। यी वडाहरूमा क्षेत्रफल ठूलो भए पनि जनसंख्या कम भएकाले बस्ती छरिएको अवस्थाको संकेत मिल्छ।

क्षेत्रफलका आधारमा वडा नं. ९ सबैभन्दा ठूलो क्षेत्रफल भएको वडा हो, जसको क्षेत्रफल २९.९९ वर्ग कि.मी. रहेको छ। त्यसपछि वडा नं. २ (२०.९६ वर्ग कि.मी.), वडा नं. ८ (१२.४१ वर्ग कि.मी.), वडा नं. १० (११.५६ वर्ग कि.मी.) र वडा नं. ३ (११.३१ वर्ग कि.मी.) रहेका छन्। यता वडा नं. ७ (३.१७ वर्ग कि.मी.), वडा नं. ४ (३.५७ वर्ग कि.मी.) र वडा नं. ५ (३.८७ वर्ग कि.मी.) क्षेत्रफलका हिसाबले साना भए पनि जनघनत्व अत्यधिक रहेको पाइन्छ।

### १.१.२ जनसाङ्ख्यिक संरचनाको विश्लेषण

कोशी प्रदेश स्थित धनकुटा जिल्लाका साविक भिरगाउँ र बेलहरा गाविसहरूलाई मिलाएर वि.सं. २०७१ सालमा धनकुटा नगरपालिकाको क्षेत्र विस्तार गरिएको हो। राष्ट्रिय जनगणना २०७८ को जनगणना अनुसार धनकुटा नगरपालिकाको कुल जनसङ्ख्या ३५,९८३ रहेको छ भने यहाँ ९,६३७ घरधुरी रहेका छन्। यसमध्ये पुरुष १७,१९२ (४७.७८ प्रतिशत) र महिला १८,७९१ (५२.२२ प्रतिशत) रहेका छन्। नगरपालिकाको औसत घरधुरी आकार ३.७३ व्यक्ति रहेको छ भने लैङ्गिक अनुपात ९१.४९ रहेको छ, अर्थात् प्रत्येक १०० महिलामा करिब ९१ पुरुष रहेका छन्।

**तालिका १.२ वडागत आधारमा जनसंख्याको वितरण**

| क्र.स. | घरघूरी संख्या | जनसंख्या | | | औषत घरघुरी आकार | लैगिंक अनुपात |
|---|---|---|---|---|---|---|
| | | कुल | पुरुष | महिला | | |
| | | | | | | |
| १ | १९१३ | ३४३६ | ३६७७ | ७११३ | ३.७२ | ९३.४५ |
| २ | ९६४ | १८११ | २०२२ | ३८३३ | ३.९८ | ८९.५६ |
| ३ | ५१८ | १००५ | ११०७ | २११२ | ४.०८ | ९०.७९ |
| ४ | ८७३ | १३६९ | १५२० | २८८९ | ३.३१ | ९०.०७ |
| ५ | ७५९ | १३१२ | १४९३ | २८०५ | ३.७० | ८७.८८ |
| ६ | ११५३ | १९६६ | २१३० | ४०९६ | ३.५५ | ९२.३० |
| ७ | १५१९ | २४२९ | २७८७ | ५२१६ | ३.४३ | ८७.१५ |
| ८ | ४७९ | ८६९ | ९७५ | १८४४ | ३.८५ | ८९.१३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | ९३६ | १९८२ | २०२४ | ४००६ | ४.२८ | ९७.९२ |
| १० | ५२३ | १०१३ | १०५६ | २०६९ | ३.९६ | ९५.९३ |
| | ९६३७ | १७१९२ | १८७९१ | ३५९८३ | ३.७३ | ९१.४९ |

श्रोतः राष्ट्रिय जनगणना २०७८

राष्ट्रिय जनगणना २०७८को जनगणना अनुसार धनकुटा नगरपालिकाको वडागत रूपमा हेर्दा वडा नं. १ मा सबैभन्दा बढी ७,११३ जनसंख्या र १,९१३ घरधुरी रहेका छन्, जसले यसलाई नगरपालिकाको सबैभन्दा बढी जनसंख्या भएको वडा बनाएको छ। त्यसपछि वडा नं. ७ (५,२१६ जना), वडा नं. ६ (४,०९६ जना) र वडा नं. ९ (४,००६ जना) मा उल्लेखनीय जनसंख्या रहेको देखिन्छ। अर्कोतर्फ वडा नं. ८ मा सबैभन्दा कम १,८४४ जनसंख्या रहेको छ। घरधुरी आकारका दृष्टिले वडा नं. ९ मा सबैभन्दा बढी ४.२८ व्यक्ति प्रति घरधुरी रहेको छ, जसले यस वडामा तुलनात्मक रूपमा ठूला परिवारहरूको उपस्थिति देखाउँछ। त्यसपछि वडा नं. ३ (४.०८), वडा नं. २ (३.९८) र वडा नं. १० (३.९६) रहेका छन्। सबैभन्दा कम औसत घरधुरी आकार वडा नं. ४ मा ३.३१ व्यक्ति रहेको छ।

लैङ्गिक अनुपातको विश्लेषण गर्दा वडा नं. ९ मा सबैभन्दा उच्च ९७.९२ रहेको छ, जसले पुरुष र महिलाको संख्या लगभग समान रहेको देखाउँछ। त्यसैगरी वडा नं. १० (९५.९३) र वडा नं. १ (९३.४५) मा पनि तुलनात्मक रूपमा सन्तुलित लैङ्गिक अनुपात रहेको छ। सबैभन्दा न्यून लैङ्गिक अनुपात वडा नं. ७ (८७.१५) मा रहेको छ, जसले पुरुषको तुलनामा महिलाको संख्या उल्लेखनीय रूपमा बढी रहेको संकेत गर्दछ। वडा नं. ५ (८७.८८), वडा नं. २ (८९.५६) र वडा नं. ८ (८९.१३) मा पनि लैङ्गिक अनुपात नगरपालिकाको औसतभन्दा कम रहेको छ।




समग्र रूपमा हेर्दा धनकुटा नगरपालिकामा महिलाको जनसंख्या पुरुषको तुलनामा बढी रहेको छ। वडा नं. १, ६, ७ र ९ मा जनसंख्याको उच्च एकाग्रता देखिन्छ भने वडा नं. ८, १० र ३ मा अपेक्षाकृत कम जनसंख्या रहेको छ। भविष्यमा शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक सुरक्षा तथा अन्य आधारभूत सेवाहरूको योजना तर्जुमा गर्दा वडागत जनसंख्या, घरधुरी संरचना तथा लैङ्गिक अवस्थालाई आधार बनाएर स्रोत तथा सेवाको समुचित वितरण गर्न आवश्यक देखिन्छ।

जनगणना २०७८ का अनुसार यस नगरपालिकाको विभिन्न उमेर समूहको जनसंख्यालाई तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १.३ उमेर समूहमा जनसंख्याको वितरण**

| उमेर समूह | जनसंख्या | | |
|---|---|---|---|
| | जम्मा | पुरूष | महिला |
| ९५ बर्ष माथि | ४ | ८ | १२ |
| ९० बाट ९४ बर्ष | १८ | ३२ | ५० |
| ८५ बाट ८९ बर्ष | ४४ | ६० | १०४ |
| ८० बाट ८४ बर्ष | ११५ | १३५ | २५० |
| ७५ बाट ७९ बर्ष | २०१ | २४२ | ४४३ |
| ७० बाट ७४ बर्ष | ३७६ | ३४८ | ७२४ |
| ६५ बाट ६९ बर्ष | ५१९ | ५२८ | १०४७ |
| ६० बाट ६४ बर्ष | ६७९ | ७२१ | १४०० |
| ५५ बाट ५९ बर्ष | ७९४ | ८४९ | १६४३ |
| ५० बाट ५४ बर्ष | ९५७ | १००२ | १९५९ |
| ५० बाट ४९ बर्ष | ९०५ | १०४२ | १९४७ |
| ४५ बाट ४९ बर्ष | १०८५ | १२८४ | २३६९ |
| ४० बाट ४४ बर्ष | १२८४ | १४७४ | २७५८ |
| ३५ बाट ३९ बर्ष | १२४१ | १६५१ | २८९२ |
| ३० बाट ३४ बर्ष | १३३२ | १६५८ | २९९० |
| २५ बाट २९ बर्ष | १३८८ | १७३५ | ३१२३ |
| २० बाट २४ बर्ष | १६५४ | १७०५ | ३३५९ |
| १५ बाट १९ बर्ष | १६५२ | १५९६ | ३२४८ |
| १० बाट १४ बर्ष | १६९९ | १५१० | ३२०९ |
| ० बाट ४ बर्ष | १२४५ | १२११ | २४५६ |
| जम्मा | १७१९२ | १८७९१ | ३५९८३ |

श्रोतः राष्ट्रिय जनगणना २०७८

धनकुटा नगरपालिकाको कुल जनसंख्या ३५,९८३ रहेको छ, जसमा पुरुष १७,१९२ (४७.७८ प्रतिशत) र महिला १८,७९१ (५२.२२ प्रतिशत) रहेका छन्। उमेर समूहगत विश्लेषणले नगरपालिकाको जनसांख्यिक संरचना, श्रमशक्ति उपलब्धता तथा सामाजिक सेवाको आवश्यकता सम्बन्धी महत्वपूर्ण जानकारी प्रदान गर्दछ।

उपलब्ध तथ्याङ्क अनुसार २०–२४ वर्ष उमेर समूह मा सबैभन्दा बढी ३,३५९ जना (९.३३ प्रतिशत) जनसंख्या रहेको छ। त्यसपछि १५–१९ वर्ष (३,२४८ जना), १०–१४ वर्ष (३,२०९ जना) तथा २५–२९ वर्ष (३,१२३ जना) उमेर समूहमा उल्लेखनीय जनसंख्या रहेको छ। यसले नगरपालिकामा युवा तथा किशोर जनसंख्याको हिस्सा उच्च रहेको देखाउँछ, जसले शिक्षा, सीप विकास, रोजगार तथा उद्यमशीलता प्रवर्द्धनका कार्यक्रमहरूको आवश्यकता औंल्याउँछ। ०–१४ वर्ष उमेर

समूह (बालबालिका) को कुल जनसंख्या ८,८७४ जना रहेको छ, जुन कुल जनसंख्याको करिब २४.७ प्रतिशत हो। यसले विद्यालय शिक्षा, बाल स्वास्थ्य, पोषण तथा बाल संरक्षण कार्यक्रमहरूलाई प्राथमिकता दिनुपर्ने देखाउँछ। त्यसैगरी १५–५९ वर्ष उमेर समूह (आर्थिक रूपमा सक्रिय जनसंख्या) मा करिब २६,४९८ जना रहेका छन्, जुन कुल जनसंख्याको करिब ७३.६ प्रतिशत हो। यसले नगरपालिकामा श्रमशक्ति तथा उत्पादनशील उमेर समूहको प्रभुत्व रहेको देखाउँछ। यस वर्गलाई लक्षित गरी रोजगारी सिर्जना, सीप विकास, कृषि आधुनिकीकरण तथा उद्यम विकासका कार्यक्रम सञ्चालन गर्न सकिने सम्भावना उच्च रहेको छ। ६० वर्ष र माथिका ज्येष्ठ नागरिक को संख्या ५,६७४ जना रहेको छ, जुन कुल जनसंख्याको करिब १५.८ प्रतिशत हो। यसले नगरपालिकामा वृद्धजनको संख्या पनि उल्लेखनीय रहेको देखाउँछ। त्यसैले ज्येष्ठ नागरिकमैत्री स्वास्थ्य सेवा, सामाजिक सुरक्षा, हेरचाह तथा सामाजिक सहभागिता सम्बन्धि कार्यक्रमहरू आवश्यक देखिन्छन्।

लैङ्गिक दृष्टिकोणबाट हेर्दा अधिकांश उमेर समूहमा महिलाको संख्या पुरुषभन्दा बढी रहेको छ। विशेष गरी ६५ वर्षभन्दा माथिका उमेर समूहहरूमा महिलाको संख्या उल्लेखनीय रूपमा बढी रहेको देखिन्छ, जसले महिलाको औसत आयु पुरुषको तुलनामा बढी रहेको संकेत गर्दछ। वृद्धावस्थामा महिला केन्द्रित स्वास्थ्य तथा सामाजिक सुरक्षा कार्यक्रमहरूको आवश्यकता यस तथ्याङ्कले स्पष्ट पार्दछ।

धनकुटा नगरपालिकाको जनसंख्या संरचना युवा तथा कामकाजी उमेर समूह केन्द्रित रहेको छ। यद्यपि बालबालिका र ज्येष्ठ नागरिकको हिस्सा पनि महत्वपूर्ण भएकाले शिक्षा, स्वास्थ्य, रोजगार, सामाजिक सुरक्षा तथा मानव विकासका कार्यक्रमहरूलाई उमेर समूहको आवश्यकता अनुसार सन्तुलित रूपमा योजना गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ। उमेरगत जनसंख्या संरचनाबाट धनकुटा नगरपालिकामा बालबालिका तथा युवा जनसंख्याको हिस्सा उल्लेखनीय रहेको देखिन्छ।



यस तथ्याङ्कका आधारमा शिक्षा योजना तर्जुमा गर्दा प्रारम्भिक बाल विकास (ECD), आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा पर्याप्त कक्षाकोठा, शिक्षक तथा शैक्षिक सामग्रीको व्यवस्थालाई प्राथमिकता दिन आवश्यक छ। विशेषगरी ५–१४ वर्ष उमेर समूहमा जनसंख्या बढी रहेकाले विद्यालय पूर्वाधार विस्तार, शिक्षक व्यवस्थापन तथा गुणस्तरीय शिक्षाको सुनिश्चिततामा विशेष जोड दिनुपर्छ। साथै १५–२४ वर्ष उमेर समूहलाई लक्षित गरी प्राविधिक, व्यावसायिक तथा सीपमूलक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ। लैङ्गिक दृष्टिले महिलाको संख्या पुरुषको तुलनामा केही बढी रहेकाले बालिका शिक्षा प्रवर्द्धन, छात्रवृत्ति कार्यक्रम तथा सुरक्षित, समावेशी र लैङ्गिकमैत्री विद्यालय वातावरण निर्माणमा विशेष ध्यान दिनु शिक्षा योजनाको महत्वपूर्ण पक्ष हुनेछ। समग्रमा, बालबालिका र युवाको उच्च जनसंख्या तथा कार्यशील उमेर समूहको उल्लेखनीय उपस्थितिलाई मध्यनजर गर्दै शिक्षा, सीप विकास र रोजगारीमुखी कार्यक्रमहरूलाई प्राथमिकता दिन आवश्यक छ। साथै, वृद्धजनको बढ्दो संख्यालाई ध्यानमा राखी सामाजिक सुरक्षा, स्वास्थ्य सेवा तथा हेरचाह सम्बन्धी सेवा प्रवाह प्रणालीलाई समेत सुदृढ बनाउँदै लैजानु आवश्यक देखिन्छ।

### १.१.३ सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

धनकुटा नगरपालिका पूर्वी नेपालको एक बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषता बोकेको क्षेत्र हो। यस नगरमा ब्राह्मण, क्षेत्री, नेवार, राई, लिम्बु, मगर, आठपहरिया, तामाङ, शेर्पा, दमाई, कामी, सार्की जातिहरू बसोबास गर्छन्। जसले सामाजिक विविधता र सहिष्णुताको वातावरण सिर्जना गरेको छ। अधिकांश जनसंख्या कृषि, सेवा क्षेत्र, व्यापार तथा वैदेशिक रोजगारीमा निर्भर रहेको देखिन्छ। परिवार संरचना परम्परागत रूपमा संयुक्त परिवार प्रणालीमा आधारित भए पनि शहरीकरण र आधुनिक जीवनशैलीको प्रभावले एकल परिवारको संख्या पनि बढ्दै गएको छ।

धनकुटा नगरपालिकाका विशेषता भनेको ऐतिहासिक धनकुटा गौंडा, सल्लेरी वन, बिहीबारे साप्ताहिक हाट बजार, ऐतिहासिक बाउन्न ढोके दरबार, श्रीपञ्चमी पार्क, थामडाँडा, चुलिवन, टुँडिखेल र धरहरा ऐतिहासिक भाषा स्कूल र ऐतिहासिक गोकुण्डेश्वर स्कूल, निशान भगवती, गुराँसे र नारायणी टी स्टेट, क्षेत्रीय सङ्ग्रहालय र पर्यटकीय तथा व्यापारिक स्थल मानिएको हिले बजार छन्।

सांस्कृतिक दृष्टिले धनकुटा नगरपालिका अत्यन्तै समृद्ध छ। यहाँ विभिन्न जातजातिका आफ्नै भाषा, धर्म, भेषभूषा, परम्परा तथा चाडपर्वहरू जस्तै किराँत समुदायका उँधौली–उभौली, ल्होसारलगायतका पर्वहरू उत्साहका साथ मनाइन्छन्। यसले सामाजिक एकता, आपसी सम्मान र सांस्कृतिक सहअस्तित्वलाई बलियो बनाएको छ। यद्यपि, सांस्कृतिक विविधता, युवा जनसंख्या र बढ्दो चेतनास्तरलाई अवसरका रूपमा उपयोग गर्न सकेमा पर्यटन, शिक्षा, सामाजिक विकास र सांस्कृतिक प्रवर्द्धनमार्फत नगरपालिकाको समग्र विकास सम्भव देखिन्छ। समग्रमा धनकुटा नगरपालिका सामाजिक धार्मिक र सांस्कृतिक सहिष्णुता भएको र विकासोन्मुख अवस्थामा रहेको छ। धनकुटा नगरपालिका सामाजिक विविधताले भरिएको क्षेत्र हो, जहाँ जातीय विविधताले सांस्कृतिक समृद्धि, सहिष्णुता र सामाजिक सहकार्यलाई मजबुत बनाएको देखिन्छ। यस्तो संरचनाले समावेशी नीति निर्माण, शिक्षा योजना, तथा स्थानीय विकास कार्यक्रमहरूमा सन्तुलित प्रतिनिधित्व र अवसर सुनिश्चित गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ।

**धनकुटा नगरपालिकाको जातीय संरचना**




श्रोतः राष्ट्रिय जनगणना २०७८

राष्ट्रिय जनगणना २०७८ अनुसार धनकुटा नगरपालिकाको कुल जनसंख्या ३०,०२७ रहेको छ। नगरपालिकाको जातीय संरचना बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक स्वरूपको रहेको देखिन्छ। कुल जनसंख्यामध्ये क्षेत्री समुदाय ६,९७४ (२३.२ प्रतिशत) सहित सबैभन्दा ठूलो जातीय समूहका रूपमा रहेको छ। त्यसपछि आठपहरिया समुदाय ५,००९ (१६.७ प्रतिशत), राई ३,२८८ (११.० प्रतिशत), नेवार २,९१९ (९.७ प्रतिशत), तामाङ २,८६० (९.५ प्रतिशत), ब्राह्मण–पहाडी २,७१६ (९.० प्रतिशत) तथा मगर समुदाय २,६४५ (८.८ प्रतिशत) रहेका छन्। त्यसैगरी याक्थुङ/लिम्बू १,४८४ (४.९ प्रतिशत), विश्वकर्मा १,३७६ (४.६ प्रतिशत) र परियार ७७२ (२.६ प्रतिशत) सहित अन्य जातीय समुदायहरूको पनि उल्लेखनीय उपस्थिति रहेको छ।

नगरपालिकाको जातीय संरचनाले कुनै एक समुदायको प्रभुत्वभन्दा पनि विविध समुदायबीचको सन्तुलित सहअस्तित्वलाई प्रतिबिम्बित गर्दछ। यस प्रकारको सामाजिक तथा सांस्कृतिक विविधताले नगर क्षेत्रलाई समावेशी, बहुसांस्कृतिक र सामाजिक रूपमा समृद्ध बनाएको छ। शिक्षा क्षेत्रको सन्दर्भमा यसले विभिन्न जातीय समुदायको भाषा, संस्कृति, परम्परा तथा सिकाइ आवश्यकतालाई सम्बोधन गर्ने अवसर प्रदान गर्दछ।

नगर शिक्षा योजना तर्जुमा तथा कार्यान्वयनका क्रममा सबै जातीय समुदायको समान पहुँच, सहभागिता र उपलब्धिलाई सुनिश्चित गर्न विशेष ध्यान दिन आवश्यक देखिन्छ। विशेषगरी सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका समुदायका बालबालिकाको विद्यालय पहुँच, निरन्तरता, सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तर अभिवृद्धिमा लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ। साथै स्थानीय भाषा, संस्कृति र ज्ञानलाई विद्यालय शिक्षासँग जोड्ने, समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने तथा सबै समुदायको समान प्रतिनिधित्व सुनिश्चित गर्ने नीति तथा कार्यक्रमलाई प्राथमिकता दिनु उपयुक्त हुनेछ। यसबाट नगरपालिकामा गुणस्तरीय, समतामूलक र समावेशी शिक्षा प्रणाली विकास गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

**धनकुटा नगरपालिकाको धार्मिक संरचना**




श्रोतः राष्ट्रिय जनगणना २०७८

धनकुटा नगरपालिकाको धार्मिक संरचना बहुधार्मिक भए पनि हिन्दू धर्मावलम्बीहरूको स्पष्ट बहुमत रहेको देखिन्छ। कुल जनसंख्यामध्ये हिन्दू धर्मावलम्बी ६०.४ प्रतिशत रहेका छन्, जसले नगरपालिकाको प्रमुख धार्मिक समुदायको प्रतिनिधित्व गर्दछ। हिन्दू धर्मसँग सम्बन्धित चाडपर्व, संस्कार तथा सांस्कृतिक परम्पराहरू स्थानीय सामाजिक जीवनमा महत्वपूर्ण प्रभाव राख्ने देखिन्छ। दोस्रो ठूलो धार्मिक समूह किराँत धर्मावलम्बी (२५.६ प्रतिशत) रहेका छन्। धनकुटा पूर्वी पहाडी क्षेत्रमा अवस्थित भएकाले राई, लिम्बू तथा अन्य किराँती समुदायहरूको उल्लेखनीय उपस्थिति रहेको तथ्य यस प्रतिशतबाट पनि स्पष्ट हुन्छ। किराँत धर्मले नगरपालिकाको सांस्कृतिक विविधता र मौलिक पहिचानलाई समृद्ध बनाएको छ।

धनकुटा नगरपालिका धार्मिक रूपमा विविधतायुक्त समाज भएको देखिन्छ जहाँ हिन्दू, किराँत र बौद्ध धर्मावलम्बीहरूको प्रमुख उपस्थिति रहेको छ। कुनै एक धर्मको मात्र पूर्ण प्रभुत्व नभई विभिन्न धार्मिक समुदायहरूको सहअस्तित्व, आपसी सम्मान र धार्मिक सहिष्णुताले सामाजिक सद्भाव कायम राख्न महत्वपूर्ण योगदान पुर्‍याएको छ। यस्तो धार्मिक विविधता स्थानीय संस्कृति, सामाजिक एकता तथा समावेशी विकासका लागि महत्वपूर्ण आधार मान्न सकिन्छ।

## १.१.४ आर्थिक अवस्थाको विश्लेषण

धनकुटा नगरपालिकाको आर्थिक संरचना मुख्यतः कृषि, सेवा क्षेत्र, वैदेशिक रोजगारी, साना उद्योग तथा व्यापारमा आधारित रहेको देखिन्छ। यहाँको अर्थतन्त्रमा कृषि क्षेत्र अझै पनि प्रमुख आधार हो, जहाँ धान, मकै, कोदो, आलु, तरकारी तथा नगदे बालीहरूको उत्पादन गरिन्छ। पहाडी भौगोलिक बनावटका कारण कृषिमा परम्परागत तथा अर्ध-आधुनिक प्रणालीको प्रयोग बढी देखिन्छ, जसले उत्पादन क्षमतामा केही सीमितता भए पनि स्थानीय जीविकोपार्जनमा महत्वपूर्ण योगदान पुर्‍याएको छ। नगरपालिकामा कृषि, पशुपालन, फलफूल तथा तरकारी

उत्पादन, लघु उद्यम, सहकारी गतिविधि र साना व्यवसायहरूले स्थानीय आयआर्जन तथा रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन्।

विशेषगरी व्यावसायिक कृषि, कृषि आधुनिकीकरण, मूल्य शृङ्खलामा आधारित उत्पादन तथा बजारीकरण, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, पर्यटन विकास र उद्यमशीलता विस्तारका माध्यमबाट स्थानीय आर्थिक गतिविधिलाई अझ गतिशील बनाउन सकिने सम्भावना रहेको छ।सेवा क्षेत्र (शिक्षा, स्वास्थ्य, प्रशासन, बैंकिङ, र व्यापार) पनि विस्तार हुँदै गएको छ। धनकुटा नगर क्षेत्र पूर्वी पहाडी क्षेत्रको एक प्रशासनिक केन्द्र भएकाले यहाँ सरकारी कार्यालय, शैक्षिक संस्था तथा बजार केन्द्रहरूको विकास भएको छ, जसले रोजगारी सिर्जना र आर्थिक गतिविधि बढाएको छ। त्यसैगरी, वैदेशिक रोजगारी पनि यहाँको आर्थिक संरचनाको महत्वपूर्ण पक्ष हो। धेरै घरपरिवारको आयको स्रोत रेमिट्यान्समा आधारित छ, जसले स्थानीय बजारमा उपभोग, घर निर्माण, शिक्षा तथा स्वास्थ्य सेवामा खर्च वृद्धि गरेको छ। यहाँ भएका धार्मिक तथा पर्यटन क्षेत्र पनि सम्भावनायुक्त रहेको छन्। साना तथा घरेलु उद्योगहरू (जस्तै कृषि प्रशोधन, हस्तकला, काठ तथा बाँसजन्य सामग्री, र स्थानीय उत्पादन आधारित व्यवसाय) विस्तार हुँदै गए गएका छन्।

धनकुटा नगरपालिकाको आर्थिक संरचना विविध र सन्तुलित प्रकृतिको रहेको छ। परम्परागत रूपमा कृषि यहाँको प्रमुख आर्थिक आधार भए पनि सेवा क्षेत्र, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण, स्थानीय उत्पादनमा आधारित उद्यम–व्यवसाय तथा व्यापारले नगरपालिकाको आर्थिक गतिविधिलाई थप सुदृढ बनाएका छन्। स्थानीय स्रोत, सीप र सम्भावनाको प्रभावकारी उपयोग गर्दै कृषि आधुनिकीकरण, साना तथा घरेलु उद्योगको प्रवर्द्धन, पर्यटन विकास र स्थानीय स्तरमा रोजगारीका अवसर विस्तार गर्ने कार्यले नगरपालिकाको समृद्धि तथा दिगो आर्थिक विकासलाई थप गति प्रदान गर्ने अपेक्षा गरिएको छ।

**धनकुटा नगरपालिकाको आर्थिक विवरण**



श्रोतः राष्ट्रिय जनगणना २०७८

धनकुटा नगरपालिकाको आर्थिक रूपमा सक्रिय जनसंख्याले वर्षभरि कति समय काम गरेको थियो भन्ने अवस्था देखाउँछ। चित्र अनुसार ६ महिना वा सोभन्दा बढी समय काम गर्ने जनसंख्या सबैभन्दा बढी (५५.५%) रहेको छ। पुरुषमा यो अनुपात ६२.४ प्रतिशत रहेको छ भने महिलामा ४९.३ प्रतिशत रहेको छ। यसले पुरुषहरूको नियमित तथा दीर्घकालीन रोजगारीमा सहभागिता महिलाको तुलनामा बढी रहेको संकेत गर्दछ।त्यसैगरी ३ महिनाभन्दा कम समय काम गर्ने जनसंख्या ८.५ प्रतिशत रहेको छ, जसमा पुरुष ७.३ प्रतिशत र महिला ९.५ प्रतिशत रहेका छन्। यसले महिलाहरूमा मौसमी, अस्थायी वा आंशिक रोजगारीको प्रवृत्ति तुलनात्मक रूपमा बढी रहेको देखाउँछ। ३ देखि ६ महिना काम गर्ने जनसंख्या ७.३ प्रतिशत रहेको छ। यस समूहमा पनि महिलाको सहभागिता (८.६%) पुरुष (५.९%) भन्दा बढी देखिन्छ। यसले कृषि, घरेलु उद्योग वा अन्य मौसमी पेशामा महिलाहरूको संलग्नता बढी हुन सक्ने संकेत गर्दछ।

धनकुटा नगरपालिकामा अधिकांश आर्थिक रूपमा सक्रिय जनसंख्या वर्षको कम्तीमा ६ महिना वा सोभन्दा बढी समय रोजगारमा संलग्न रहेको देखिन्छ। तथापि, महिलाहरूमा पूर्णकालीन तथा नियमित रोजगारीको सहभागिता पुरुषको तुलनामा कम रहेको र काम नगर्ने जनसंख्या पनि बढी रहेको अवस्था देखिन्छ। यसले महिला लक्षित सीप विकास, उद्यमशीलता प्रवर्द्धन, स्वरोजगार कार्यक्रम तथा आयआर्जनका अवसर विस्तार गर्न आवश्यक रहेको संकेत गर्दछ।

### १.१.५ धनकुटा नगरपालिकाको शैक्षिक अवस्था

नेपालको शैक्षिक संरचनाको दृष्टिले हेर्दा विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ । एक वर्ष अवधिको प्रारम्भिक बालविकास र कक्षा १ देखि ८ सम्म गरी जम्मा नौ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ भने कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने ब्यवस्था गरिएको छ । आधारभूत तहलाई अनिवार्य तथा नि:शुल्क गरिएको छ भने माध्यमिक तह नि:शुल्क रहने ब्यवस्था गरिएको छ । विद्यालय शिक्षामा दुई तरिकाबाट  लगानी  गरिएको छ जसमा सरकारी र निजी स्रोतबाट ब्यवस्थापन गरिएको छ । नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ। यसै गरी धनकुटा नगरपालिकाभित्र पनि यी दुवै प्रकृतिका विद्यालयहरू सञ्चालनमा आएका छन् ।

यस धनकुटा नगरपलिकाको स्थापना सँगै शिक्षामा विशेष जोड दिदै आएको छ हरेक वर्ष शिक्षा क्षेत्रको बजेट विस्तारका साथै भौतिक पूर्वाधारमा सुधार शैक्षिक गुणस्तरमा सुधार शैक्षिक उपलब्धि हासिल लगायतका सम्पू र्ण पक्षको विस्तार हुदै आएको छ। यस नगरपालिकामा पछिल्ला दिनहरुमा शिक्षाको पँहुचमा केही सुधार साथै अभिभावकहरूको चासोमा तथा सहभागितामा राम्रो सुधार भएको छ ।

**धनकुटा नगरपालिकाको साक्षरताको अवस्था**

| क्र.स. | विवरण | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | जम्मा जनसंख्या(५ वा सो भन्दा बढी उमेरका) | ३३५२७ | १५९४७ | १७५८० |
| २ | पढ्न लेख्न सक्ने | २८३१८ | १४४५२ | १३८६६ |
| ३ | पढ्न मात्र सक्ने | ९३ | ३७ | ५६ |

| | | | | |
|---|---|---|---|---|
| ४ | पढ्न लेख्न नसक्ने | ५११३ | १४५६ | ३६५७ |
| ५ | उल्लेख नभएको | ३ | २ | १ |

*श्रोत: राष्ट्रिय जनगणना २०७८*

धनकुटा नगरपालिकाको साक्षरता अवस्था समग्र रूपमा सन्तोषजनक देखिन्छ, यद्यपि पूर्ण साक्षरता हासिल गर्न अझै केही चुनौतीहरू रहेका छन्। ५ वर्ष वा सो भन्दा माथिको कुल जनसंख्या ३३,५२७ मध्ये २८,३१८ जना (करिब ८४.५%) पढ्न र लेख्न सक्ने देखिन्छ, जसले नगरपालिकामा साक्षरता दर उच्च स्तरमा पुगेको संकेत गर्दछ।

पुरुष र महिलाको साक्षरता तुलना गर्दा पुरुषमा साक्षरता दर बढी देखिन्छ। पुरुषमध्ये १४,४५२ जना पढ्न लेख्न सक्ने छन् भने महिलामा १३,८६६ जना मात्र साक्षर छन्। यसले लैङ्गिक साक्षरता अन्तर अझै पनि विद्यमान रहेको स्पष्ट पार्दछ, जसलाई घटाउन विशेष ध्यान आवश्यक देखिन्छ। पढ्न मात्र सक्ने जनसंख्या ९३ जना मात्र रहेको छ, जुन अत्यन्त न्यून हो। तर ५,११३ जना (करिब १५.२%) अझै पनि निरक्षर रहेका छन्, जसमा महिलाको संख्या (३,६५७) पुरुष (१,४५६) भन्दा उल्लेखनीय रूपमा बढी छ। यसले महिला शिक्षा, पहुँच, सामाजिक–आर्थिक बाधा तथा अवसरको असमानता अझै चुनौतीको रूपमा रहेको संकेत गर्दछ।

धनकुटा नगरपालिका साक्षरता दृष्टिले प्रगतिको अवस्थामा रहे पनि पूर्ण साक्षरता र लैङ्गिक समानता हासिल गर्न अझै निरन्तर प्रयास आवश्यक देखिन्छ। विशेषगरी महिला साक्षरता, वयस्क शिक्षा कार्यक्रम, तथा ग्रामीण/सीमान्त समुदायमा शिक्षा पहुँच रहेको छ ।

**शैक्षिक योग्यताका आधारमा पालिकाको जनसंख्याको बनोट**

| सि.नं. | विवरण | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल्यकाल | १,०३५ | ५५३ | ४८२ |
| २ | प्राथमिक तह | ७,०९३ | ३,८४७ | ३,२४६ |
| ३ | निम्न माध्यमिक तह | ५,५०६ | २,८७२ | २,६३४ |
| ४ | माध्यमिक तह | ५,१३४ | २,५९३ | २,५४१ |
| ५ | S.L.C./ SEE तथा सो सरह | ३,२९५ | १,६४२ | १,६५३ |
| ६ | प्रमाणपत्र तह / इन्टरमिडिएट तथा सो सरह | ३,६८४ | १,६१२ | २,०७२ |
| ७ | स्नातक तथा सो सरह | १,२९८ | ६७४ | ६२४ |
| ८ | स्नातकोत्तर तथा सो भन्दा माथि | ७४१ | ४७५ | २६६ |
| ९ | अन्य | ५८ | १६ | ४२ |
| १० | कुनै तह नभएको | ३८८ | १३१ | २५७ |
| ११ | तह उल्लेख नभएको | ९६ | ४५ | ५१ |
| | कुल | २८,३२८ | १४,४६० | १३,८६८ |

श्रोत: राष्ट्रिय जनगणना २०७८

राष्ट्रिय जनगणना २०७८ अनुसार धनकुटा नगरपालिकाको शैक्षिक अवस्था उत्साहजनक तथा निरन्तर प्रगतिउन्मुख रहेको देखिन्छ। कुल २८,३२८ शिक्षित जनसंख्यामध्ये प्राथमिक तह उत्तीर्ण गर्ने ७,०९३, निम्न माध्यमिक तह उत्तीर्ण गर्ने ५,५०६ तथा माध्यमिक तह उत्तीर्ण गर्ने ५,१३४ जना रहेका छन्। यसले नगरपालिकामा आधारभूत तथा विद्यालय शिक्षाको पहुँच व्यापक रूपमा विस्तार भएको र शिक्षाप्रति समुदायको सकारात्मक सहभागिता रहेको संकेत गर्दछ।

माध्यमिक शिक्षा परीक्षा (SEE/SLC) वा सो सरह उत्तीर्ण गर्नेको संख्या ३,२९५ तथा प्रमाणपत्र वा सो सरह तह उत्तीर्ण गर्नेको संख्या ३,६८४ रहेको छ। यसले माध्यमिक शिक्षा सम्पन्न गरेपछि पनि उल्लेखनीय संख्यामा विद्यार्थीहरू उच्च शिक्षातर्फ अग्रसर भइरहेका छन् भन्ने देखाउँछ। त्यस्तै स्नातक तह उत्तीर्ण गर्ने १,२९८ तथा स्नातकोत्तर वा सोभन्दा माथिल्लो तह उत्तीर्ण गर्ने ७४१ जना रहेको तथ्याङ्कले नगरपालिकामा दक्ष, शिक्षित र व्यावसायिक जनशक्तिको आधार क्रमशः सुदृढ हुँदै गएको पुष्टि गर्दछ।

लैङ्गिक दृष्टिकोणबाट पनि धनकुटा नगरपालिकाको शैक्षिक अवस्था सकारात्मक देखिन्छ। अधिकांश शैक्षिक तहमा महिला र पुरुषको सहभागिता सन्तुलित रहेको छ। विशेषगरी SEE/SLC तथा प्रमाणपत्र तहमा महिलाको सहभागिता पुरुषसरह वा केही बढी रहेको तथ्यले महिला शिक्षाको पहुँच र निरन्तरतामा उल्लेखनीय सुधार भएको देखाउँछ। यसले लैङ्गिक समानता प्रवर्द्धनमा नगरपालिकाले हासिल गरेको प्रगतिलाई प्रतिबिम्बित गर्दछ।

नगरपालिकामा बढ्दो शैक्षिक पहुँच, उच्च शिक्षाप्रति आकर्षण, महिला सहभागितामा भएको वृद्धि तथा शिक्षित जनशक्तिको विस्तारले गुणस्तरीय शिक्षा विकासका लागि बलियो आधार तयार गरेको छ। आगामी नगर शिक्षा योजनामा यस उपलब्धिलाई थप सुदृढ गर्दै माध्यमिक तथा उच्च शिक्षामा पहुँच विस्तार, प्राविधिक तथा व्यावसायिक शिक्षा प्रवर्द्धन, सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ, जीवनोपयोगी सीप विकास तथा स्थानीय आवश्यकतासँग जोडिएको शिक्षा प्रणालीलाई थप प्रभावकारी बनाउने दिशामा कार्यक्रम सञ्चालन गर्न सकिने पर्याप्त सम्भावना रहेको छ।

समग्रमा, धनकुटा नगरपालिकाको शैक्षिक अवस्था समावेशी, सन्तुलित र प्रगतिशील रहेको छ। विद्यमान शैक्षिक उपलब्धिलाई थप सुदृढ गर्दै गुणस्तरीय, समतामूलक, प्रविधिमैत्री तथा सीपमूलक शिक्षा प्रणालीको विकासमार्फत नगरपालिकाले दक्ष, सक्षम र प्रतिस्पर्धी मानव स्रोत उत्पादन गर्ने बलियो आधार निर्माण गरेको देखिन्छ।

**यस पालिकामा सञ्चालित शिक्षण संस्था निम्नअनुसार रहेका छन् विद्यालयहरुको विवरण**

| विवरण | तह | सामुदायिक | निजी विद्यालय | निजामती आवासिय | धार्मिक | कुल |
|---|---|---|---|---|---|---|
| कक्षा १ देखि ५ | प्रा.वि. | १३ | २ | ० | ० | १५ |
| कक्षा १ देखि ८ | आ. वि. | ९ | ४ | ० | ० | १३ |
| कक्षा १ देखि १० | मा. वि. | १ | ७ | ० | ० | ८ |
| कक्षा १ देखि १२ | मा. वि. | ८ | ३ | ० | ० | ११ |
| कक्षा ५ देखि १० | मा. वि. | ० | ० | १ | १ | २ |
| सामुदायिक बालविकास केन्द्र | | ४८ | १६ | ० | ० | ६४ |

श्रोतः IEMIS, शिक्षा युवा तथा खेलकुद विकास शाखा, धनकुटा नगरपालिका २०८२

धनकुटा नगरपालिकामा विभिन्न तहका विद्यालयहरूको संख्या हेर्दा सामुदायिक विद्यालयहरूको उपस्थिति निजी विद्यालयको तुलनामा बढी रहेको देखिन्छ। नगरपालिकाभित्र कुल ४९ वटा विद्यालय (सामुदायिक, निजी, निजामती आवासीय तथा धार्मिक) सञ्चालनमा रहेका छन् भने ६४ वटा सामुदायिक बालविकास केन्द्र (ECD) सञ्चालनमा रहेका छन्। नगरपालिकामा ६४ वटा सामुदायिक बालविकास केन्द्र सञ्चालनमा रहेका छन्, जसमध्ये ४८ वटा सामुदायिक र १६ वटा निजी क्षेत्रबाट सञ्चालित छन्। यसले प्रारम्भिक बाल शिक्षा तथा विकासमा नगरपालिकाको

पहुँच व्यापक रहेको देखाउँछ।धनकुटा नगरपालिकाको विद्यालय संरचना सन्तुलित र बहुआयामिक रहेको देखिन्छ। प्रारम्भिक तथा आधारभूत तहमा सामुदायिक विद्यालयहरूको प्रभुत्व रहेको छ भने माध्यमिक तहमा निजी विद्यालयहरूको भूमिका पनि महत्वपूर्ण देखिन्छ। बालविकास केन्द्रहरूको पर्याप्त संख्या, आधारभूत शिक्षाको व्यापक पहुँच तथा माध्यमिक तहमा सार्वजनिक–निजी साझेदारीको अवस्थाले नगरपालिकाको शैक्षिक विकासका लागि सकारात्मक आधार तयार गरेको छ। आगामी दिनमा शैक्षिक गुणस्तर सुधार, पूर्वाधार विकास तथा प्रविधिमैत्री शिक्षामा जोड भएकोले शैक्षिक उपलब्धि अझ सुदृढ हुने देखिन्छ।

**धनकुटा नगरपालिकाका सामुदायिक विद्यालयहरुमा बालविकास केन्द्रको विवरण**

| क्र.स. | बालविकास केन्द्रको विवरण | बाल विकास केन्द्रको संख्या | जम्मा बालबालिकाको संख्या |
|---|---|---|---|
| १ | शि.वि. स. इ. बाट स्विकृत (तत्कालिन जि.शि.का) | ४८ | ४९४ |
| २ | न.पा.बाट स्विकृत | २ | १४ |
| जम्मा | | ५० | ५०८ |

श्रोतः IEMIS, शिक्षा युवा तथा खेलकुद विकास शाखा, धनकुटा नगरपालिका २०८२

धनकुटा नगरपालिकामा आ.व. २०८२ सम्म कुल ५० वटा बाल विकास केन्द्र (ECD केन्द्र) सञ्चालनमा रहेका छन्। तीमध्ये ४८ वटा केन्द्र तत्कालीन जिल्ला शिक्षा कार्यालय (जि.शि.का.) बाट स्वीकृत भएका छन् भने २ वटा केन्द्र धनकुटा नगरपालिकाबाट स्वीकृत भई सञ्चालनमा रहेका छन्। यसले नगरपालिकाभित्र प्रारम्भिक बाल विकास तथा शिक्षाको पहुँच विस्तारका लागि संस्थागत संरचना पर्याप्त रहेको छ।

**धनकुटा नगरपालिकाका कार्यरत शिक्षकहरुको विवरण**

| तह/कक्षा | दरबन्दी (स्थायी) | करार | रिक्त | राहत (कार्यरत) | राहत (रिक्त) | F.T. Grant (कार्यरत) | F.T. Grant (रिक्त) | अन्य (कार्यरत) | धार्मिक | निजी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ECD | 0 | ४८ | 0 | 0 | 0 | 0 | 0 | ३ | 0 | 0 |
| आधारभूत (१–५) | १३० | २ | 0 | १३ | 0 | 0 | 0 | ५ | 1 | 0 |
| आधारभूत (६–८) | ३६ | २ | 0 | १९ | 0 | २ | 0 | ६ | 0 | 0 |
| माध्यमिक (९–१०) | २८ | 0 | 0 | १० | 0 | ३ | 0 | ३ | 0 | 0 |
| माध्यमिक (११–१२) | 0 | १९ | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| प्राविधिक (९–१०) | 0 | ४ | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| प्राविधिक (११–१२) | 0 | ४ | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| **जम्मा** | १९४ | ७९ | ० | ४२ | ० | ५ | 0 | १७ | १ | 0 |

श्रोतः IEMIS, शिक्षा युवा तथा खेलकुद विकास शाखा, धनकुटा नगरपालिका २०८२

धनकुटा नगरपालिका अन्तर्गत विद्यालय तहको शैक्षिक जनशक्ति संरचना हेर्दा शिक्षक व्यवस्थापन मिश्रित स्वरूपको देखिन्छ, जहाँ स्थायी, करार, राहत तथा ग्रान्ट शिक्षकहरू मिलेर शिक्षण प्रणाली सञ्चालन भइरहेको छ। कुल दरबन्दी (स्थायी) १९४ रहेकोमा सबैभन्दा बढी हिस्सा आधारभूत तह (१–५) मा १३० दरबन्दी रहेको छ, जसले प्रारम्भिक शिक्षामा सरकारको प्राथमिकता स्पष्ट पार्छ। तर ECD (Early Childhood Development) मा स्थायी दरबन्दी शून्य हुनु र ४८ जना करार शिक्षक मात्र हुनु प्रारम्भिक बाल विकास शिक्षामा स्थायित्वको कमी रहेको संकेत गर्दछ। आधारभूत (६–८) तहमा ३६ स्थायी दरबन्दी र २ करार शिक्षक रहेका छन् भने १९ राहत शिक्षक कार्यरत छन्, जसले मध्यमिक तहमा राहत प्रणालीमा निर्भरता रहेको देखाउँछ। माध्यमिक (९–१०) तहमा २८ स्थायी दरबन्दी र १० राहत शिक्षक कार्यरत छन्, साथै ३ F.T. Grant शिक्षक पनि रहेका छन्, जसले सीमित स्रोतका आधारमा माध्यमिक शिक्षा सञ्चालन भइरहेको देखाउँछ। माध्यमिक (११–१२) र प्राविधिक (९–१२) तहमा स्थायी दरबन्दी शून्य हुनु र करार शिक्षकमा निर्भर हुनु उच्च शिक्षाको तहमा संस्थागत स्थायित्व कमजोर रहेको संकेत हो। विशेषगरी प्राविधिक शिक्षामा सीमित शिक्षक स्रोत हुनु दक्ष जनशक्ति उत्पादनमा चुनौती हुन सक्छ।

राहत शिक्षक (कुल ४२ कार्यरत) र अन्य श्रेणीका १७ शिक्षकहरूको उपस्थितिले शिक्षा प्रणालीमा वैकल्पिक शिक्षक व्यवस्थापनको भूमिका महत्वपूर्ण रहेको देखाउँछ। धार्मिक तथा नीजी क्षेत्रमा भने नगण्य उपस्थिति छ। समग्रमा, धनकुटा नगरपालिका विद्यालय शिक्षा प्रणालीमा स्थायी दरबन्दीको उपस्थिति राम्रो भए पनि ECD, माध्यमिक साविक उच्च माध्यमिक तह र प्राविधिक शिक्षामा करार तथा राहत शिक्षकमा निर्भरता बढी देखिन्छ। दीगो शैक्षिक गुणस्तर सुनिश्चित गर्न स्थायी दरबन्दी विस्तार, ECD सुदृढीकरण, र प्राविधिक शिक्षामा मानव स्रोत वृद्धि आवश्यक देखिन्छ।

## धनकुटा नगरपालिकाका सामुदायिक विद्यालयहरुका विद्यार्थीहरुको विवरण

धनकुटा नगरपालिकाको शैक्षिक तथ्याङ्कअनुसार सामुदायिक विद्यालयमा ५,०३० जना र संस्थागत विद्यालयमा ५,२४५ जना गरी कुल १०,२७५ जना विद्यार्थी अध्ययनरत छन्। कुल विद्यार्थीमध्ये सामुदायिक विद्यालयको हिस्सा ४८.९५ प्रतिशत र संस्थागत विद्यालयको हिस्सा ५१.०५ प्रतिशत रहेको छ। यसले नगरपालिकामा दुवै विद्यालय प्रणालीको योगदान लगभग समान रहे पनि संस्थागत विद्यालयमा विद्यार्थी संख्या केही बढी रहेको देखाउँछ।

सामुदायिक विद्यालयहरुका विद्यार्थीहरुको विवरण

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| **ECD School** | २३२ | २६२ | ४९४ |
| **कक्षा १** | १३३ | १५१ | २८४ |
| **कक्षा २** | १४९ | १२१ | २७० |
| **कक्षा ३** | १३५ | १३१ | २६६ |
| **कक्षा ४** | १२५ | १३४ | २५९ |
| **कक्षा ५** | १५८ | १५८ | ३१६ |

| | | | |
|---|---|---|---|
| **कक्षा ६** | १६१ | १८१ | ३४२ |
| **कक्षा ७** | १८९ | १६० | ३४९ |
| **कक्षा ८** | २०७ | २०१ | ४०८ |
| **कक्षा ९** | २३४ | २२६ | ४६० |
| **कक्षा १०** | २२३ | २१० | ४३३ |
| **कक्षा ११** | २७९ | २७९ | ५५८ |
| **कक्षा १२** | २९७ | २९४ | ५९१ |
| **जम्मा** | २५२२ | २५०८ | ५०३० |

श्रोतः IEMIS, शिक्षा युवा तथा खेलकुद विकास शाखा, धनकुटा नगरपालिका २०८२

धनकुटा नगरपालिका २०८२ को तथ्यांक अनुसार विद्यार्थीहरु सामुदायिक विद्यार्थी भर्ना विवरणअनुसार विद्यालयमा कुल ५,०३० जना विद्यार्थी अध्ययनरत रहेका छन्। यसमध्ये २,५२२ (५०.१४ प्रतिशत) छात्रा र २,५०८ (४९.८६ प्रतिशत) छात्र रहेका छन्। छात्रा र छात्रको संख्या लगभग बराबर भएकाले विद्यालयमा लैङ्गिक समानता (Gender Parity) सन्तोषजनक रहेको देखिन्छ। यसले विद्यालयमा बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित भएको संकेत गर्दछ।

सामुदायिक विद्यालयहरुका विद्यार्थीहरुको विवरण विश्लेषण गर्दा प्रारम्भिक बालविकास (ECD) तहमा ४९४ जना बालबालिका अध्ययनरत छन्, जसले प्रारम्भिक शिक्षाप्रति समुदायको राम्रो आकर्षण रहेको देखाउँछ। तर ECD पछि कक्षा १ देखि कक्षा ४ सम्म विद्यार्थी संख्या क्रमशः २८४, २७०, २६६ र २५९ मा सीमित रहेको छ। यसले प्रारम्भिक कक्षामा विद्यार्थी टिकाइ, स्थानान्तरण, विद्यालय छोड्ने प्रवृत्ति वा सम्बन्धित उमेर समूहको जनसांख्यिक अवस्थाको प्रभाव हुन सक्ने संकेत गर्दछ। त्यसैले शिक्षा योजनामा प्रारम्भिक कक्षामा भर्ना, नियमित उपस्थिति, सिकाइ उपलब्धि र टिकाइदर (Retention Rate) सुधारका कार्यक्रमलाई प्राथमिकता दिन आवश्यक छ।

कक्षा ५ देखि माथिल्लो कक्षासम्म विद्यार्थी संख्या क्रमशः वृद्धि भएको देखिन्छ। कक्षा ५ मा ३१६, कक्षा ६ मा ३४२, कक्षा ७ मा ३४९, कक्षा ८ मा ४०८, कक्षा ९ मा ४६०, कक्षा १० मा ४३३, कक्षा ११ मा ५५८ र कक्षा १२ मा ५९१ जना विद्यार्थी अध्ययनरत छन्। विशेषगरी कक्षा ११ र १२ मा विद्यार्थी संख्या उल्लेखनीय रूपमा बढी हुनु विद्यालयले माध्यमिक तथा उच्च माध्यमिक तहमा आफ्नो सेवा क्षेत्र विस्तार गरी अन्य विद्यालय वा स्थानीय तहबाट समेत विद्यार्थी आकर्षित गर्न सफल भएको संकेत हो। यसले भविष्यमा थप कक्षाकोठा, विषयगत शिक्षक, विज्ञान तथा कम्प्युटर प्रयोगशाला, पुस्तकालय, फर्निचर तथा सूचना–प्रविधिमा आधारित सिकाइ सामग्रीको आवश्यकता बढ्ने देखाउँछ।

लैङ्गिक वितरणको दृष्टिले अधिकांश कक्षामा छात्रा र छात्रको संख्या सन्तुलित रहेको छ। कक्षा ५ र कक्षा ११ मा छात्रा र छात्रको संख्या बराबर रहेको छ भने अन्य कक्षामा पनि अन्तर न्यून रहेको छ। यसले विद्यालयमा लैङ्गिक समावेशिता तथा समान अवसरको अवस्था सुदृढ रहेको देखाउँछ।




धनकुटा नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयहरूको विद्यार्थी वितरण हेर्दा प्रारम्भिकदेखि उच्च माध्यमिक तहसम्म विद्यार्थी संख्या क्रमशः बढ्दै र घट्दै जाने मिश्रित प्रवृत्ति देखिन्छ। यस तहमा पनि छात्रा र छात्र संख्या लगभग बराबरी (५७६ र ५७३) छ, जसले लैङ्गिक समानता राम्रो रहेको संकेत गर्दछ। धनकुटा नगरपालिकाको सामुदायिक विद्यालय प्रणालीमा प्रारम्भिक र प्राथमिक तहमा विद्यार्थी सहभागिता राम्रो छ र लैङ्गिक सन्तुलन पनि सन्तोषजनक देखिन्छ। यस तथ्याङ्कका आधारमा शिक्षा योजनाले प्रारम्भिक तहमा विद्यार्थी भर्ना तथा टिकाउदर वृद्धि, सिकाइ उपलब्धि सुधार, माध्यमिक तथा उच्च माध्यमिक तहका लागि आवश्यक भौतिक पूर्वाधार विस्तार, विषयगत शिक्षक व्यवस्थापन, विज्ञान तथा सूचना–प्रविधि शिक्षाको सुदृढीकरण, समावेशी तथा बालमैत्री सिकाइ वातावरण निर्माण, र गुणस्तरीय शिक्षाको सुनिश्चिततामा विशेष जोड दिएको देखिन्छ। साथै, भविष्यमा बढ्दो विद्यार्थी सङ्ख्यालाई मध्यनजर गर्दै दीर्घकालीन पूर्वाधार विकास, शैक्षिक स्रोत व्यवस्थापन तथा मानव स्रोत विकास सम्बन्धि योजनाहरूलाई पनि प्राथमिकतामा समावेश गर्न आवश्यक देखिन्छ।

संस्थागत विद्यालयहरुका विद्यार्थीहरुको विवरण

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| **ECD School** | ४६५ | ५९६ | १०६१ |
| **कक्षा १** | २१५ | २४१ | ४५६ |
| **कक्षा २** | १८३ | २३१ | ४१४ |
| **कक्षा ३** | १९१ | २३७ | ४२८ |
| **कक्षा ४** | २०३ | २७७ | ४८० |
| **कक्षा ५** | २१४ | २६७ | ४८१ |
| **कक्षा ६** | १८२ | २६९ | ४५१ |
| **कक्षा ७** | १६३ | २२३ | ३८६ |
| **कक्षा ८** | १५३ | २३१ | ३८४ |
| **कक्षा ९** | १६२ | १६२ | ३२४ |

| | | | |
|---|---|---|---|
| **कक्षा १०** | १२६ | १२६ | २५२ |
| **कक्षा ११** | २८ | ३५ | ६३ |
| **कक्षा १२** | २७ | ३८ | ६५ |
| | २३१२ | २९३३ | ५२४५ |

श्रोतः IEMIS, शिक्षा युवा तथा खेलकुद विकास शाखा, धनकुटा नगरपालिका २०८२

शिक्षा, युवा तथा खेलकुद शाखा, धनकुटा नगरपालिका (IEMIS, २०८२) को तथ्याङ्कअनुसार संस्थागत विद्यालयहरूमा कुल ५,२४५ जना विद्यार्थी अध्ययनरत छन्। तीमध्ये २,३१२ (४४.०८ प्रतिशत) छात्रा र २,९३३ (५५.९२ प्रतिशत) छात्र रहेका छन्। छात्राको तुलनामा छात्रको संख्या ६२१ जना बढी रहेकोले संस्थागत विद्यालयहरूमा लैङ्गिक समानता अझै पूर्ण रूपमा हासिल हुन नसकेको देखिन्छ। यस अवस्थाले छात्रा भर्ना, निरन्तरता तथा सिकाइ उपलब्धि अभिवृद्धिका लागि लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउँछ।




धनकुटा नगरपालिका शिक्षा शाखा को तथ्याङ्क अनुसार संस्थागत (निजी) विद्यालयहरूको विद्यार्थी संरचना हेर्दा सामुदायिक विद्यालयको तुलनामा प्रारम्भिक र आधारभूत तहमा विद्यार्थी संख्या उल्लेखनीय रूपमा बढी देखिन्छ। प्रारम्भिक बालविकास (ECD) तहमा १,०६१ जना विद्यार्थी अध्ययनरत रहेका छन्, जुन संस्थागत विद्यालयहरूमा प्रारम्भिक शिक्षाप्रति अभिभावकको आकर्षण उच्च रहेको संकेत हो। तर ECD पछि कक्षा १ मा विद्यार्थी संख्या ४५६ मा झरेको देखिन्छ। यसले ECD बाट विद्यालय शिक्षामा संक्रमण, अन्य विद्यालयमा स्थानान्तरण वा निजी विद्यालयमा भर्ना व्यवस्थापनसँग सम्बन्धित विषयहरूको थप अध्ययन आवश्यक रहेको देखाउँछ।

आधारभूत तह (कक्षा १–८) मा विद्यार्थी संख्या ३८४ देखि ४८१ को बीचमा रहेको छ। कक्षा ४ र ५ मा क्रमशः ४८० र ४८१ जना विद्यार्थी रहेका छन्, जुन यस तहमा सबैभन्दा बढी हो। तर कक्षा ६ पछि विद्यार्थी संख्या क्रमशः घट्दै गई कक्षा ७ मा ३८६ र कक्षा ८ मा ३८४ पुगेको छ। यसले माध्यमिक तहतर्फ जाँदा विद्यार्थीको निरन्तरतामा चुनौती रहेको संकेत गर्दछ।

माध्यमिक तह (कक्षा ९–१०) मा विद्यार्थी संख्या अझ घटेको देखिन्छ। कक्षा ९ मा ३२४ र कक्षा १० मा २५२ जना विद्यार्थी मात्र अध्ययनरत छन्। यो अवस्थाले विद्यार्थी स्थानान्तरण, विद्यालय परिवर्तन वा अध्ययन छोड्ने प्रवृत्तिलाई संकेत गर्न सक्छ। त्यसैले माध्यमिक तहमा विद्यार्थी टिकाइदर वृद्धि, गुणस्तरीय शिक्षण, करियर परामर्श तथा सिकाइ सहयोग कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ।

कक्षा ११ र १२ मा क्रमशः ६३ र ६५ जना विद्यार्थी मात्र अध्ययनरत छन्, जुन आधारभूत तथा माध्यमिक तहको तुलनामा अत्यन्त न्यून हो। यसले संस्थागत विद्यालयहरूमा उच्च माध्यमिक तहको पहुँच सीमित हुनु, सीमित विषय सञ्चालन हुनु वा विद्यार्थीहरू अन्य विद्यालय वा कलेजमा अध्ययनका लागि जाने प्रवृत्ति रहेको देखाउँछ। यस अवस्थालाई सुधार गर्न विषयगत विविधीकरण, गुणस्तरीय शिक्षण, दक्ष शिक्षक व्यवस्थापन तथा करियर उन्मुख कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ।

लैङ्गिक विश्लेषण गर्दा अधिकांश कक्षामा छात्रको संख्या छात्राभन्दा बढी रहेको छ। यद्यपि कक्षा ९ र १० मा छात्रा र छात्रको संख्या बराबर (१६२–१६२ तथा १२६–१२६) हुनु सकारात्मक पक्ष हो। समग्र रूपमा भने संस्थागत विद्यालयहरूमा छात्राको सहभागिता बढाउन छात्रामैत्री वातावरण, लैङ्गिक समानता प्रवर्द्धन, सुरक्षित विद्यालय तथा आवश्यक प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ।यसले निजी विद्यालयहरूमा उच्च माध्यमिक तहमा विद्यार्थी निरन्तरता कमजोर रहेको वा अन्य संस्थामा स्थानान्तरण हुने प्रवृत्ति रहेको संकेत गर्दछ।

सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक विश्लेषण




धनकुटा नगरपालिकाको शैक्षिक तथ्याङ्कअनुसार सामुदायिक विद्यालयमा ५,०३० जना र संस्थागत विद्यालयमा ५,२४५ जना गरी कुल १०,२७५ जना विद्यार्थी अध्ययनरत छन्। कुल विद्यार्थीमध्ये सामुदायिक विद्यालयको हिस्सा ४८.९५ प्रतिशत र संस्थागत विद्यालयको हिस्सा ५१.०५ प्रतिशत रहेको छ। यसले नगरपालिकामा दुवै विद्यालय प्रणालीको योगदान लगभग समान रहे पनि संस्थागत विद्यालयमा विद्यार्थी संख्या केही बढी रहेको देखाउँछ।

कक्षागत रूपमा हेर्दा प्रारम्भिक बालविकास (ECD) देखि कक्षा ७ सम्म संस्थागत विद्यालयहरूमा विद्यार्थी संख्या सामुदायिक विद्यालयभन्दा उल्लेखनीय रूपमा बढी रहेको छ। ECD तहमा संस्थागत विद्यालयमा १,०६१ जना विद्यार्थी रहेका छन् भने सामुदायिक विद्यालयमा ४९४ जना मात्र छन्। कक्षा १ देखि ६ सम्म पनि संस्थागत विद्यालयमा प्रत्येक कक्षामा सामुदायिक विद्यालयभन्दा १०० देखि २०० जनासम्म बढी विद्यार्थी अध्ययनरत छन्। यसले प्रारम्भिक तथा आधारभूत तहमा अभिभावकहरूको आकर्षण संस्थागत विद्यालयतर्फ बढी रहेको संकेत गर्दछ। यसको कारण अंग्रेजी माध्यम, नियमित पठनपाठन, आधुनिक शिक्षण विधि तथा भौतिक पूर्वाधारप्रतिको विश्वास हुन सक्छ।

कक्षा ८ बाट विद्यार्थी भर्नाको प्रवृत्ति परिवर्तन भएको देखिन्छ। कक्षा ८ मा सामुदायिक विद्यालयमा ४०८ जना र संस्थागत विद्यालयमा ३८४ जना विद्यार्थी रहेका छन्। कक्षा ९ मा सामुदायिक विद्यालयमा ४६० जना विद्यार्थी रहेका छन् भने संस्थागत विद्यालयमा ३२४ जना मात्र छन्। कक्षा १० मा पनि सामुदायिक विद्यालयमा ४३३ जना र संस्थागत विद्यालयमा २५२ जना विद्यार्थी अध्ययनरत छन्। यसले माध्यमिक तहमा सामुदायिक विद्यालयहरू विद्यार्थीको प्रमुख रोजाइ बन्न थालेको देखाउँछ।

उच्च माध्यमिक तह (कक्षा ११–१२) मा दुवै विद्यालयबीच अत्यधिक अन्तर देखिन्छ। कक्षा ११ मा सामुदायिक विद्यालयमा ५५८ जना विद्यार्थी रहेका छन् भने संस्थागत विद्यालयमा ६३ जना मात्र छन्। त्यसैगरी कक्षा १२ मा सामुदायिक विद्यालयमा ५९१ जना र संस्थागत विद्यालयमा ६५ जना विद्यार्थी अध्ययनरत छन्। यसले उच्च माध्यमिक तहमा अधिकांश विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रवृत्ति रहेको स्पष्ट देखाउँछ। यसको कारण सामुदायिक विद्यालयमा विभिन्न विषयको उपलब्धता, कम शैक्षिक शुल्क, सरकारी सहयोग तथा स्थापित शैक्षिक कार्यक्रम हुन सक्छ।

यस तथ्याङ्कले संस्थागत विद्यालयहरू प्रारम्भिक तथा आधारभूत तहमा बलियो रहेको र सामुदायिक विद्यालयहरू माध्यमिक तथा उच्च माध्यमिक तहमा बढी प्रभावकारी रहेको देखाउँछ। त्यसैले शिक्षा योजना निर्माणमा दुवै विद्यालय प्रणालीका फरक–फरक आवश्यकता र भूमिकालाई समेट्न आवश्यक छ।

## १.२ शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीको विश्लेषण

धनकुटा नगरपालिकाको विद्यालय शिक्षाको समग्र अवस्थाको विश्लेषण गर्दा पहुँच, गुणस्तर, समता, व्यवस्थापन तथा स्रोत–साधनका क्षेत्रमा विभिन्न समस्या र चुनौतीहरू विद्यमान रहेका छन्। प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालयहरूको मापदण्डअनुसार समायोजन, पुनर्संरचना र विद्यालय नक्साङ्कन पूर्ण रूपमा हुन सकेको छैन। सबै विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री तथा सुरक्षित सिकाइ वातावरण निर्माण हुन नसक्दा गुणस्तरीय शिक्षामा अपेक्षित सुधार हुन सकेको छैन। सामुदायिक विद्यालयप्रति अभिभावकको आकर्षण र सहभागिता क्रमशः घट्दै गएको छ। विद्यालयमा पर्याप्त भौतिक पूर्वाधार, पुस्तकालय, प्रयोगशाला, सूचना तथा सञ्चार प्रविधि, खेलकुद तथा अन्य शैक्षिक सहायक संरचनाको अभावका कारण सिकाइको गुणस्तरमा अपेक्षित सुधार हुन सकेको छैन। कक्षा १–५ मा कक्षागत तथा कक्षा ६–१२ मा विषयगत शिक्षक दरबन्दीको अभाव, शिक्षकको पेसागत क्षमता विकासका अवसर सीमित हुनु तथा विद्यालय अनुगमन र पेसागत सहयोग प्रणाली प्रभावकारी नहुनुले पनि शिक्षाको गुणस्तरमा असर परेको छ।

यद्यपि आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क भए पनि विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने, कक्षा छाड्ने तथा दोहोर्याउने दर न्यूनीकरण गर्ने, विद्यार्थीको नियमितता कायम गर्ने तथा गणित, विज्ञान र अंग्रेजी विषयमा अपेक्षित सिकाइ उपलब्धि हासिल गर्ने चुनौती अझै कायम छ। त्यसैगरी, व्यवहारिक, सीपमूलक, प्राविधिक तथा प्रविधिमैत्री शिक्षाको प्रभावकारी कार्यान्वयन, स्थानीय पाठ्यक्रम तथा डिजिटल सिकाइ सामग्रीको विकास, विद्यार्थी परामर्श सेवा विस्तार तथा शिक्षामा पर्याप्त लगानी सुनिश्चित गर्नु पनि महत्वपूर्ण चुनौतीका रूपमा रहेका छन्। यी समस्या समाधानका लागि विद्यालय शिक्षालाई सर्वसुलभ, समावेशी, गुणस्तरीय, प्रविधिमैत्री तथा परिणाममुखी बनाउँदै सार्वजनिक शिक्षाप्रति विश्वास र आकर्षण अभिवृद्धि गर्न आवश्यक छ। शिक्षक व्यवस्थापन, विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकास, सूचना प्रविधिको प्रभावकारी प्रयोग, अभिभावक तथा समुदायको सहभागिता विस्तार, नियमित अनुगमन तथा पेसागत सहयोग प्रणाली सुदृढीकरण, विद्यार्थी केन्द्रित सिकाइ वातावरणको विकास तथा पर्याप्त वित्तीय स्रोतको सुनिश्चितता गरी समन्वित रूपमा कार्य गर्नुपर्ने आवश्यकता देखिन्छ।

मुख्य समस्या तथा चुनौतीहरू

- बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री तथा सुरक्षित सिकाइ वातावरणको अभाव।
- सामुदायिक विद्यालयप्रति अभिभावकको आकर्षण तथा सहभागिता न्यून हुनु।
- विद्यालयमा आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारको अभाव।
- व्यवहारिक, सीपमूलक तथा प्राविधिक शिक्षाको प्रभावकारी कार्यान्वयन हुन नसक्नु।
- सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोगमा कमी हुनु।
- विद्यालय छाड्ने तथा कक्षा दोहोर्याउने दर अपेक्षाकृत उच्च हुनु।
- शिक्षक दरबन्दी तथा विषयगत शिक्षकको अभाव।
- गणित, विज्ञान तथा अंग्रेजी विषयमा अपेक्षित सिकाइ उपलब्धि हासिल हुन नसक्नु।
- सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै जानु।
- शिक्षकको पेसागत विकास तथा प्रोत्साहन प्रणाली प्रभावकारी नहुनु।
- विद्यालय अनुगमन, सुपरिवेक्षण तथा पेसागत सहयोग प्रणाली कमजोर हुनु।
- विद्यार्थी परामर्श सेवाको अभाव।
- विद्यालय सञ्चालन तथा शिक्षामा पर्याप्त वित्तीय स्रोतको अभाव।
- विद्यालय शिक्षामा सर्वसुलभ पहुँच, समता, गुणस्तर र सार्वजनिक विश्वास अभिवृद्धि गर्नु।
- सबै विद्यालयमा सुरक्षित, बालमैत्री, समावेशी तथा प्रविधिमैत्री सिकाइ वातावरण विकास गर्नु।
- विद्यालयबाहिर रहेका सबै बालबालिकालाई विद्यालयमा ल्याई निरन्तर सिकाइ सुनिश्चित गर्नु।
- कक्षा छाड्ने तथा दोहोर्याउने दर न्यून गरी सिकाइ उपलब्धि सुधार गर्नु।
- शिक्षक व्यवस्थापन, पेसागत विकास तथा उत्तरदायित्व प्रणाली सुदृढ गर्नु।
- विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विस्तार गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइलाई प्रभावकारी बनाउनु।
- स्थानीय पाठ्यक्रम, डिजिटल सिकाइ सामग्री तथा विद्यार्थी परामर्श सेवाको विस्तार गर्नु।
- सामुदायिक विद्यालयमा अभिभावक तथा समुदायको सहभागिता बढाई विद्यार्थी आकर्षण वृद्धि गर्नु।
- शिक्षा क्षेत्रमा पर्याप्त वित्तीय स्रोत परिचालन, सुशासन र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु।

## १.३ शिक्षा क्षेत्रका अवसरहरू

धनकुटा नगरपालिकामा विद्यालय शिक्षाको सुधार र विकासका लागि अनुकूल नीति, कानुनी व्यवस्था, संस्थागत संरचना तथा सामाजिक समर्थनका कारण प्रशस्त अवसरहरू रहेका छन्। नगरपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखी विभिन्न सुधारमुखी कार्यक्रम सञ्चालन गरिरहेको छ। संघ, प्रदेश र स्थानीय तहबीच शिक्षा साझा अधिकारको विषय भएकाले नीति, कार्यक्रम, प्राविधिक सहयोग तथा लगानीमा सहकार्य र समन्वय गर्ने पर्याप्त सम्भावना रहेको छ। विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि विभिन्न कार्यक्रम कार्यान्वयनमा रहेका छन् भने उच्च योग्यता तथा नवीन सोच भएका शिक्षकहरूको शिक्षण सेवामा प्रवेशले शिक्षण सिकाइ प्रक्रियामा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ।

सार्वजनिक शिक्षाको गुणस्तर सुधारप्रति अभिभावक, समुदाय तथा शैक्षिक सरोकारवालाहरूको बढ्दो चासो र सकारात्मक जनमतले विद्यालय सुधार अभियानलाई थप सहयोग पुर्‍याउने आधार तयार गरेको छ। स्थानीय तहलाई स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने संवैधानिक अधिकार प्राप्त हुनु, सूचना तथा सञ्चार प्रविधिको पहुँच क्रमशः विस्तार हुँदै जानु, सरकारी तथा गैरसरकारी संस्थाहरूको प्राविधिक तथा वित्तीय सहयोग उपलब्ध हुनु तथा शिक्षक क्षमता विकास र समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने कार्यक्रमहरू सञ्चालनमा रहनुले शिक्षा क्षेत्रको दिगो सुधारका लागि महत्वपूर्ण अवसरहरू सिर्जना भएका छन्।

**मुख्य अवसरहरू**

- शिक्षा क्षेत्रलाई नगरपालिकाको उच्च प्राथमिकतामा राखी सुधारमुखी कार्यक्रमहरू सञ्चालन भइरहनु।
- शिक्षा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्र भएकाले नीति, कार्यक्रम तथा लगानीमा अन्तरसरकारी समन्वय र सहकार्यको अवसर हुनु।
- विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि विभिन्न सुधार कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयनमा हुनु।
- उच्च योग्यता, विषयगत दक्षता तथा नवीन सोच भएका शिक्षकहरूको सेवाप्रवेश बढ्दै जानु।
- दिगो विकास लक्ष्य )SDG–४ प्राप्तिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग ( सहकार्य र सहयोगको अवसर हुनु।
- सार्वजनिक शिक्षाको सुधारप्रति अभिभावक, समुदाय तथा शैक्षिक सरोकारवालाहरूको सकारात्मक जनमत र सक्रिय सहभागिता बढ्दै जानु।
- स्थानीय तहलाई स्थानीय पाठ्यक्रम निर्माण, कार्यान्वयन तथा व्यवस्थापन गर्ने अधिकार प्राप्त हुनु।
- शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा शैक्षिक अभियन्ताहरूको विद्यालय सुधारप्रति सक्रिय प्रतिबद्धता हुनु।
- सरकारी, गैरसरकारी तथा विकास साझेदार संस्थाहरूबाट प्राविधिक, वित्तीय तथा क्षमता विकास सम्बन्धी सहयोग प्राप्त हुने सम्भावना हुनु।
- सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार हुँदै जानु तथा डिजिटल शिक्षण सिकाइका अवसर वृद्धि– हुनु।
- शिक्षक क्षमता विकास, समावेशी शिक्षा, सिकाइ सुधार तथा विद्यालय व्यवस्थापन सुदृढीकरणका कार्यक्रम सञ्चालनमा रहनु।
- युवापुस्तामा शिक्षाप्रतिको आकर्षण तथा सीपमूलक र गुणस्तरीय शिक्षाप्रतिको माग बढ्दै जानु।

# परिच्छेद २ : लक्ष्य निर्धारण

## २.१ दूर दृष्टि

प्रविधिमैत्री, सीपमूलक र गुणस्तरीय शिक्षाको सुनिश्चतता,
जीवनोपयोगी र मानव मूल्यमा आधारित शिक्षा हाम्रो प्रतिबद्धता।

## २.२ लक्ष्य

ज्ञान, सीप र सक्षमतामा आधारित रोजगारमुलक, उत्पादनशील, जीवनोपयोगी, प्रविधिमैत्री, शिक्षा प्रदान गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने नागरिक तयार गर्ने।

## २.३. उद्देश्यहरु

- बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित गुणस्तरीय, समतामूलक र समावेशी शिक्षाको पहुँच सुनिश्चित गर्नु।
- नवीनतम प्रविधिको प्रभावकारी प्रयोगमार्फत पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गराउनु।
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिममा समावेशी र समतामूलक पहुँच विस्तार गरी गुणस्तरीय तथा स्वरोजगारमुखी दक्ष जनशक्ति उत्पादन गर्नु।
- शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि, निरन्तर व्यावसायिक तथा प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्नु।
- बालमैत्री, किशोर किशोरीमैत्री, अपाङ्गतामैत्री, समावेशी तथा प्रविधिमैत्री भौतिक एवं शैक्षिक वातावरणको विकास गर्नु।
- अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूको विस्तार र सुदृढीकरण गर्नु।
- सिकाइ क्रियाकलाप सञ्चालनका लागि आवश्यक न्यूनतम सिकाइ वातावरणको विकास तथा सुदृढीकरण गर्नु।
- विद्यालय व्यवस्थापनमा सुशासन, पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व अभिवृद्धि गर्नु।
- लैङ्गिकमैत्री, समावेशी तथा सुरक्षित शैक्षिक वातावरण निर्माण गर्नु।
- नगरपालिका अन्तर्गतका शिक्षा सम्बद्ध निकाय, सरोकारवाला तथा सम्पूर्ण शैक्षिक संस्थामा सुशासन कायम गर्दै बालबालिकाको सिकाइप्रति उत्तरदायी शिक्षा प्रणालीको विकास गर्नु।
- आपतकालीन तथा विपद्को अवस्थामा समेत बालबालिकाको सिकाइ अधिकार सुनिश्चित गर्दै वैकल्पिक तथा प्रविधिमा आधारित सिकाइ प्रणालीको प्रभावकारी कार्यान्वयन गर्नु।
- नतिजामा आधारित सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन तथा प्रतिपुष्टि प्रणालीको विकास र सुदृढीकरण गर्नु।
- जलवायु परिवर्तन सम्बन्धी चेतना, ज्ञान, सीप तथा व्यवहारको विकास गरी वातावरणीय रूपमा जिम्मेवार र सुरक्षित विद्यार्थी तयार गर्नु।
- विद्यालय तथा समुदायमा विपद् जोखिम न्यूनीकरण, विपद् व्यवस्थापन तथा आपतकालीन तयारी क्षमताको विकास र सुदृढीकरण गर्नु।
- विद्यार्थी, शिक्षक तथा समुदायमा वातावरण संरक्षण, प्राकृतिक स्रोतहरूको दिगो उपयोग, हरित विद्यालय अवधारणा तथा जलवायु अनुकूल व्यवहारको प्रवर्द्धन गर्नु।

## २.४ रणनीतिहरु

- नगरपालिकाबाट प्रदान गरिने सेवासँग आधारभूत शिक्षा उमेर समूहका सबै बालबालिकाको विद्यालयमा भर्ना, नियमित उपस्थिति र सिकाइ निरन्तरतालाई आबद्ध गर्दै आवश्यक नीतिगत व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्ने।
- सबै विद्यार्थीका लागि लैङ्गिक समानता, समावेशिता तथा समान अवसर सुनिश्चित गर्दै किशोरी, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत तथा लैङ्गिक अल्पसंख्यक समुदायका विद्यार्थीहरूको शिक्षामा पहुँच र सहभागिता अभिवृद्धि गर्ने।
- विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धिका लागि विद्यार्थी–केन्द्रित, प्रयोगात्मक, अनुसन्धानमूलक, सिर्जनात्मक तथा मनोरञ्जनात्मक शिक्षण–सिकाइ पद्धतिको प्रवर्द्धन गर्ने।
- कार्यसम्पादनमा आधारित प्रोत्साहन, पुरस्कार तथा उत्तरदायित्वको प्रणाली लागू गरी शिक्षक तथा शिक्षा सम्बद्ध जनशक्तिको कार्यदक्षता अभिवृद्धि गर्ने।
- विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला तथा गणित (STEAM) शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा विकास र विस्तार गर्ने।
- सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग, इन्टरनेट पहुँच तथा डिजिटल सिकाइ सामग्रीको विकासमार्फत प्रविधिमैत्री शिक्षण–सिकाइ प्रणाली सुदृढ गर्ने।
- पाठ्यक्रमले निर्धारण गरेबमोजिम निरन्तर तथा समग्र विद्यार्थी मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गरी सिकाइ सुधारमा उपयोग गर्ने।
- स्थानीय आवश्यकता, भाषा, संस्कृति, इतिहास तथा सम्भावनामा आधारित स्थानीय पाठ्यक्रम र सिकाइ सामग्रीको विकास तथा प्रभावकारी कार्यान्वयन गर्ने।
- पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री तथा डिजिटल स्रोतहरूको प्रभावकारी प्रयोगलाई प्रोत्साहन गर्ने।
- सहपाठ्य तथा अतिरिक्त क्रियाकलापलाई शिक्षण–सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा विकास गरी विद्यार्थीको नेतृत्व, सिर्जनशीलता र जीवनोपयोगी सीप विकासमा जोड दिने।
- विद्यालय नक्साङ्कनका आधारमा बालविकास केन्द्रहरूको स्थापना, समायोजन तथा पुनःवितरण गरी गुणस्तरीय प्रारम्भिक बालविकास सेवाको विस्तार गर्ने।
- सुविधा सम्पन्न, बालमैत्री तथा प्रविधिमैत्री बालविकास केन्द्र र कक्षाको व्यवस्थामार्फत प्रारम्भिक बालविकासको गुणस्तर अभिवृद्धि गर्ने।
- माध्यमिक विद्यालयमा 'एक विद्यालय–एक उद्यम' तथा 'पढ्दै कमाउँदै' कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिममा पहुँच विस्तार गरी स्थानीय श्रम बजार र रोजगारीसँग आबद्ध कार्यक्रम सञ्चालन गर्ने।
- प्राविधिक शिक्षा तथा सीपमूलक तालिममा विपन्न, सीमान्तकृत, पिछडिएको वर्ग, क्षेत्र तथा समुदायका विद्यार्थीलाई प्राथमिकता दिई आवश्यक सहुलियत उपलब्ध गराउने।
- विद्यार्थी सङ्ख्या, विषयगत आवश्यकता तथा तहका आधारमा शिक्षकको वैज्ञानिक व्यवस्थापन सुनिश्चित गर्ने।

- शिक्षकहरूको निरन्तर पेसागत विकास, सूचना तथा सञ्चार प्रविधि प्रयोग क्षमता तथा शिक्षण दक्षता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने।
- विद्यालयको भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, किशोरीमैत्री तथा सुरक्षित बनाउने।
- अपाङ्गताको प्रकृति र आवश्यकता अनुसार समावेशी शिक्षा, विशेष सहायता तथा वैकल्पिक सिकाइका माध्यमबाट उपयुक्त शैक्षिक अवसर सुनिश्चित गर्ने।
- सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत क्षमता विकास गरी तिनलाई जीवनपर्यन्त सिकाइ, सीप विकास तथा सामुदायिक सशक्तीकरणका केन्द्रका रूपमा विकास गर्ने।
- जीवनोपयोगी, उद्यमशीलता तथा सीपमूलक तालिम सञ्चालन गरी स्वरोजगार र रोजगारीका अवसर अभिवृद्धि गर्ने।
- इ–लर्निङ, वैकल्पिक शिक्षा, साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रममार्फत सबैका लागि सिकाइ अवसर सुनिश्चित गर्ने।
- अभिभावक, शिक्षक अभिभावक सङ्घ, विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकको क्षमता अभिवृद्धि गरी विद्यालय सुशासन, गुणस्तर सुधार र उत्तरदायित्व सुदृढ गर्ने।
- विद्यालयसँग कार्यसम्पादनमा आधारित करार प्रणाली कार्यान्वयन गरी नतिजामुखी विद्यालय व्यवस्थापनलाई प्रवर्द्धन गर्ने।
- जनप्रतिनिधि, स्थानीय कर्मचारी, शिक्षक, अभिभावक तथा समुदायको विद्यालय विकासमा सक्रिय सहभागिता र स्वामित्व अभिवृद्धि गर्ने।
- आपत्कालीन तथा विपद्को अवस्थामा पनि शिक्षालाई निरन्तरता दिन विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गरी आवश्यक स्रोत, अभ्यास र तयारी सुनिश्चित गर्ने।
- नतिजामा आधारित नियमित सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन तथा प्रतिपुष्टि प्रणाली कार्यान्वयन गरी शिक्षा प्रणालीको प्रभावकारिता अभिवृद्धि गर्ने।

## २.५ कार्यनीतिहरु

- जनसाङ्ख्यिक अवस्था, भौगोलिक पहुँच तथा विद्यालय नक्साङ्कनका आधारमा विद्यालय तथा प्रारम्भिक बालविकास केन्द्रको स्थापना, समायोजन, पुनर्संरचना र व्यवस्थापन गरिनेछ।
- आधारभूत शिक्षा उमेर समूहका सबै बालबालिकाको विद्यालय भर्ना, नियमित उपस्थिति, सिकाइ निरन्तरता तथा आधारभूत शिक्षा पूरा गर्ने सुनिश्चितताका लागि अभिभावक शिक्षा, जनचेतना तथा आवश्यक नीतिगत व्यवस्था कार्यान्वयन गरिनेछ।
- विद्यालयहरूबीच असल अभ्यास आदान–प्रदान, सहकार्य तथा अनुभव साझेदारीको प्रणाली विकास गरिनेछ।
- माध्यमिक विद्यालयमा विज्ञान, गणित, सूचना प्रविधि प्रयोगशाला, पुस्तकालय तथा अन्य आवश्यक शैक्षिक पूर्वाधार क्रमशः विस्तार गरिनेछ।
- विद्यार्थी, शिक्षक, प्रधानाध्यापक तथा विद्यालयको उत्कृष्ट कार्यसम्पादनलाई कार्यसम्पादनमा आधारित पुरस्कार, सम्मान तथा प्रोत्साहन प्रणालीमार्फत प्रवर्द्धन गरिनेछ।

- विद्यार्थी–केन्द्रित, बहुसिकाइ विधि, परियोजनामूलक, अनुसन्धानमूलक, प्रयोगात्मक तथा सिर्जनात्मक शिक्षण–सिकाइ प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- विद्यालयहरूमा हरित विद्यालय, एक विद्यालय–एक बालबगैँचा तथा वातावरणमैत्री विद्यालय कार्यक्रम सञ्चालन गरिनेछ।
- सामुदायिक तथा संस्थागत विद्यालयको गुणस्तर सुनिश्चित गर्न न्यूनतम मापदण्डका आधारमा नियमित अनुगमन, मूल्याङ्कन, श्रेणीकरण तथा सुधार कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय शिक्षामा STEAM शिक्षा तथा सूचना प्रविधिको प्रयोग विस्तार गर्न आवश्यक प्रयोगशाला, उपकरण, तालिम तथा सिकाइ सामग्रीको व्यवस्था गरिनेछ।
- स्थानीय पाठ्यक्रम, स्थानीय सिकाइ सामग्री तथा डिजिटल शैक्षिक स्रोतहरूको विकास, उत्पादन, प्रयोग र नियमित अद्यावधिक गरिनेछ।
- विद्यालयहरूमा स्मार्ट कक्षाकोठा, इ–हाजिरी, इ–पुस्तकालय, इन्टरनेट तथा अन्य डिजिटल शिक्षण–सिकाइ प्रणाली क्रमशः विस्तार गरिनेछ।
- सबै शिक्षकले वार्षिक शैक्षिक योजना, शिक्षण सुधार योजना तथा सिकाइ सामग्री निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।
- पाठ्यक्रमअनुसार निरन्तर तथा समग्र विद्यार्थी मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गरी सिकाइ सुधारमा उपयोग गरिनेछ।
- सहपाठ्य तथा अतिरिक्त क्रियाकलापलाई शिक्षण–सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा विकास गरिनेछ।
- प्रारम्भिक बालविकास केन्द्र तथा कक्षाहरूलाई न्यूनतम मापदण्डअनुसार सञ्चालन गरी बालमैत्री सिकाइ वातावरण, खेल सामग्री तथा सिकाइ सामग्रीको व्यवस्था गरिनेछ।
- प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न अभिभावक तथा समुदायमा सचेतना अभिवृद्धि गरिनेछ।
- विद्यालयमा स्थानीय उत्पादनमा आधारित स्वस्थ, सुरक्षित तथा पोषणयुक्त दिवा खाजा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- माध्यमिक विद्यालयमा "एक विद्यालय–एक उद्यम" तथा "पढ्दै कमाउँदै" कार्यक्रम सञ्चालन गरी उद्यमशीलता विकास गरिनेछ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपमूलक तालिममा विपन्न, सीमान्तकृत तथा पिछडिएका समुदायका विद्यार्थीलाई प्राथमिकता दिई छात्रवृत्ति तथा अन्य सहुलियत उपलब्ध गराइनेछ।
- प्रधानाध्यापक तथा शिक्षकको नियुक्ति, व्यवस्थापन र कार्यसम्पादन मूल्याङ्कनलाई योग्यता, क्षमता र नतिजामा आधारित बनाइनेछ।
- शिक्षकहरूको निरन्तर पेसागत विकास, शैक्षिक अनुसन्धान, सूचना प्रविधि प्रयोग क्षमता तथा पेसागत सञ्जाल सुदृढ गरिनेछ।
- विद्यालयका भौतिक संरचनालाई बालमैत्री, अपाङ्गतामैत्री, किशोरीमैत्री, सुरक्षित तथा विपद् प्रतिरोधी बनाइनेछ।

- विद्यालयमा बालक्लब, स्काउट, शिक्षक–अभिभावक सङ्घ, विद्यालय व्यवस्थापन समिति तथा समुदायको सक्रिय सहभागिता अभिवृद्धि गरिनेछ।
- विद्यार्थीका लागि शैक्षिक, मनोसामाजिक तथा करियर परामर्श सेवा विस्तार गरिनेछ।
- अपाङ्गता भएका तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि समावेशी शिक्षा तथा आवश्यक सहयोग सेवाको व्यवस्था गरिनेछ।
- सामुदायिक सिकाइ केन्द्रलाई पुस्तकालय, इ–पुस्तकालय, साक्षरता, जीवनपर्यन्त सिकाइ तथा सीप विकास केन्द्रका रूपमा सुदृढ गरिनेछ।
- औपचारिक शिक्षाबाट बाहिर रहेका बालबालिका तथा युवाका लागि वैकल्पिक शिक्षा, निरन्तर शिक्षा तथा साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय आवश्यकता अनुसार जीवनोपयोगी, उद्यमशीलता तथा आयआर्जनसँग सम्बन्धित सीपमूलक तालिम सञ्चालन गरिनेछ।
- विद्यालयसँग कार्यसम्पादन करार गरी शिक्षक, प्रधानाध्यापक तथा विद्यालयलाई नतिजाप्रति उत्तरदायी बनाइनेछ।
- जनप्रतिनिधि, कर्मचारी, अभिभावक, समुदाय तथा विकास साझेदारको सहकार्य र सहभागिता अभिवृद्धि गरी सार्वजनिक शिक्षाको गुणस्तर सुधार गरिनेछ।
- विपद् जोखिम न्यूनीकरण, विद्यालय सुरक्षा तथा आपत्कालीन अवस्थामा पनि सिकाइ निरन्तरताका लागि विद्यालयस्तरीय तयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गरिनेछ।
- शिक्षा क्षेत्रको प्रभावकारी कार्यान्वयनका लागि नियमित सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन, प्रतिपुष्टि तथा तथ्यमा आधारित निर्णय प्रणाली सुदृढ गरिनेछ।

### २.६ अपेक्षित उपलब्धि

- ✓ विद्यालय शिक्षा उमेर समूहका शतप्रतिशत बालबालिका विद्यालय भर्ना भई कम्तीमा आधारभूत शिक्षा पूरा गरेका हुनेछन्।
- ✓ विद्यार्थीहरूको सिकाइ उपलब्धि राष्ट्रिय औसतभन्दा उच्च पुगेको हुनेछ।
- ✓ कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीमार्फत शिक्षक, प्रधानाध्यापक तथा विद्यालयको कार्यदक्षता अभिवृद्धि भएको हुनेछ।
- ✓ विद्यालय शिक्षामा STEAM तथा डिजिटल शिक्षण–सिकाइ प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ।
- ✓ कम्तीमा २० प्रतिशत विद्यालय स्मार्ट विद्यालय तथा ३० प्रतिशत कक्षाकोठा स्मार्ट कक्षाकोठाका रूपमा विकास भएका हुनेछन्।
- ✓ सबै विद्यालयमा स्थानीय पाठ्यक्रम, शैक्षिक सामग्री तथा प्रविधिमा आधारित शिक्षण–सिकाइ प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ।
- ✓ सहपाठ्य तथा अतिरिक्त क्रियाकलापमा ९० प्रतिशतभन्दा बढी विद्यार्थीको सहभागिता सुनिश्चित भएको हुनेछ।

- ✓ सबै प्रारम्भिक बालविकास केन्द्र न्यूनतम मापदण्डअनुसार सञ्चालन भई गुणस्तरीय प्रारम्भिक बालविकास सेवा उपलब्ध भएको हुनेछ।
- ✓ प्राविधिक तथा व्यावसायिक शिक्षामा लक्षित समुदायको पहुँच र सहभागिता उल्लेखनीय रूपमा वृद्धि भएको हुनेछ।
- ✓ सबै विद्यालयले न्यूनतम विद्यालय मापदण्ड पूरा गरेका हुनेछन्।
- ✓ विद्यालयमा सुरक्षित, समावेशी, बालमैत्री, अपाङ्गतामैत्री तथा किशोरीमैत्री सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ।
- ✓ विद्यार्थीको स्वास्थ्य, पोषण, मनोसामाजिक अवस्था तथा समग्र सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।
- ✓ सामुदायिक सिकाइ केन्द्रहरू जीवनपर्यन्त सिकाइ तथा सीप विकास केन्द्रका रूपमा स्थापित भएका हुनेछन्।
- ✓ सार्वजनिक शिक्षाप्रति समुदायको विश्वास, आकर्षण र सहभागिता उल्लेखनीय रूपमा वृद्धि भएको हुनेछ।
- ✓ विद्यालयस्तरमा विपद् तयारी तथा सिकाइ निरन्तरता प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ।
- ✓ नतिजामा आधारित अनुगमन, मूल्याङ्कन तथा उत्तरदायित्व प्रणाली संस्थागत भएको हुनेछ।

## २.७ मुख्य कार्यसम्पादन सुचकहरु

| क्र.स. | तह | सुचांक | आ ब २०७७ | आ ब २०८२ | आ ब २०८७ | आ ब २०९३ |
|---|---|---|---|---|---|---|
| १.१ | प्रारम्भिक बाल विकास | प्रारम्भिक बाल विकास तथा शिक्षामा कुल भर्ना दर (%) | १४३.१ | १०४.९ | १०० | १०० |
| १.२ | | प्रारम्भिक बाल विकास तथा शिक्षामा खुद भर्ना दर (%) | ८६.६ | ७९.९ | ९० | ९५ |
| १.३ | | न्यूनतम योग्यता पूरा गरेका शिक्षक (%) | ९० | १०० | १०० | १०० |
| १.४ | | आधारभूत तालिम प्राप्त शिक्षक (%) | ९५ | १०० | १०० | १०० |
| १.५ | | ECD अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिका (%) | ८४.० | ९४.० | ९७ | १०० |
| २.१ | आधारभूत तह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९८.० | ९४.८ | ९९ | १०० |
| २.२ | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | १०८.३ | १४०.० | १०५ | १०० |
| २.३ | | आधारभूत तह (कक्षा १–५) मा खुद भर्ना दर (%) | ९७.५ | ९६.० | ९९ | १०० |
| २.४ | | आधारभूत तह (कक्षा १–५) मा कुल भर्ना दर (%) | १२४.० | १३८.२ | ११० | १०० |
| २.५ | | आधारभूत तह (कक्षा ६–८) मा खुद भर्ना दर (%) | ९६.६ | ९४.० | ९९ | १०० |
| २.६ | | आधारभूत तह (कक्षा ६–८) मा कुल भर्ना दर (%) | ९८.१ | १२९.९ | ११० | १०० |
| २.७ | | आधारभूत तह (कक्षा १–८) मा खुद भर्ना दर (%) | ९७.१ | ९५.२ | ९९ | १०० |
| २.८ | | आधारभूत तह (कक्षा १–८) मा कुल भर्ना दर (%) | ११२.८ | १३४.९ | ११० | १०० |

| क्र.स. | तह | सुचांक | आ ब २०७७ | आ ब २०८२ | आ ब २०८७ | आ ब २०९३ |
|---|---|---|---|---|---|---|
| २.९ | | आधारभूत तह खुद भर्ना दरमा लैङ्गिक समता सूचक | १.०० | १.०१ | १.०० | १.०० |
| २.१० | | आधारभूत तहको कक्षा ५ सम्मको टिकाउ दर (%) | ८६.८ | ८८.१ | ९५ | ९९ |
| २.११ | | कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर (%) | | ८६.१ | ९५ | ९९ |
| २.१२ | | विद्यालय बाहिर रहेका बालबालिका (कक्षा १–८) संख्या | | ३५ | १० | ० |
| ३.१ | माध्यमिक तह | माध्यमिक तह (कक्षा ९–१०) मा खुद भर्ना दर (%) | ८४.९ | ७२.४ | ९० | १०० |
| ३.२ | | माध्यमिक तह (कक्षा ९–१०) मा कुल भर्ना दर (%) | १२१.८ | १०९.३ | १०२ | १०० |
| ३.३ | | माध्यमिक तह (कक्षा ११–१२) मा खुद भर्ना दर (%) | ३२.२ | ५८.६ | ८० | ९५ |
| ३.४ | | माध्यमिक तह (कक्षा ११–१२) मा कुल भर्ना दर (%) | ६९.९ | ९५.९ | १०० | १०० |
| ३.५ | | माध्यमिक तह (कक्षा ९–१२) मा खुद भर्ना दर (%) | ५८.६ | ६५.५ | ८५ | ९५ |
| ३.६ | | माध्यमिक तह (कक्षा ९–१२) मा कुल भर्ना दर (%) | ८५.४ | १०२.५ | १०१ | १०० |
| ३.७ | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा ८ मा पुग्ने टिकाउ दर (%) | ८०.० | ८६.१ | ९५ | ९९ |
| ३.८ | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | ६७.६ | ८७.० | ९५ | ९९ |
| ३.९ | | कक्षा १–१२ खुद भर्ना दरमा लैङ्गिक समता सूचक | १.०१ | १.०१ | १.०० | १.०० |
| ४.१ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ | ५ वर्ष माथिको साक्षरता दर (%) | ८१.७३ | ८४.४६ | ९२ | ९८ |
| ४.२ | | ५–२४ वर्ष उमेर समूहको साक्षरता दर (%) | ७८.० | ८८.० | ९६ | ९९ |
| ४.३ | | १५ वर्ष माथिको साक्षरता दर (%) | ७४.० | ८२.० | ९० | ९६ |
| ५.१ | वित्तीय व्यवस्थापन | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट (%) | १० | १२ | १५ | २० |
| ५.२ | छोड्ने दर | आधारभूत तह (कक्षा १–८) (%) | २.० | २.० | १.० | ०.५ |
| ६.१ | | माध्यमिक तह (कक्षा ९–१०) (%) | १.५ | १.० | ०.५ | ०.२ |
| ६.२ | दोहोर्याउने दर | आधारभूत तह (कक्षा १–८) (%) | ३.३ | २.० | १.० | ०.५ |
| ६.३ | | माध्यमिक तह (कक्षा ९–१०) (%) | १.० | २.३ | १.० | ०.५ |
| ७ | सिकाइ उपलब्धि | कक्षा ८ मा GPA 3.2–3.6 प्राप्त गर्ने (%) | ९.२ | १५.०३ | २० | २५ |
| ८.१ | | कक्षा ८ मा GPA 3.6–4.0 प्राप्त गर्ने (%) | ३.५ | १.६८ | १५ | २५ |
| ८.२ | | SEE मा GPA 3.2–3.6 प्राप्त गर्ने (%) | ३.६ | १५.० | ३० | ४५ |
| ९.१ | | SEE मा GPA 3.6–4.0 प्राप्त गर्ने (%) | १.४ | ५.० | १० | २० |
| ९.२ | SEE उपलब्धि | SEE उत्तीर्ण प्रतिशत (%) | ७८ | ८६.५१ | ८९ | ९२ |

# परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय शिक्षाको आधारभूत र अत्यन्त महत्वपूर्ण उपक्षेत्र हो। चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई प्रदान गरिने एक वर्षे प्रारम्भिक बालविकास तथा शिक्षाले उनीहरूको शारीरिक, मानसिक (बौद्धिक), संवेगात्मक, सामाजिक, नैतिक तथा सिर्जनात्मक विकासमा सहयोग पुऱ्याउँदै आधारभूत शिक्षाका लागि आवश्यक तयारी गराउँछ। यसले बालबालिकाको सिकाइ क्षमता, व्यवहार, स्वास्थ्य, सामाजिक सीप तथा विद्यालयप्रतिको सकारात्मक अभिमुखीकरण विकास गर्न महत्वपूर्ण भूमिका खेल्दछ। हाल नेपालमा प्रारम्भिक बालविकास सेवा विद्यालयमा आधारित र समुदायमा आधारित गरी दुई प्रकारबाट सञ्चालन हुँदै आएको छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार चार वर्ष उमेर पूरा गरेका सबै बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर प्रदान गर्ने व्यवस्था गरिएको छ। चार वर्षभन्दा कम उमेरका बालबालिकाका लागि शिशु विकास केन्द्रमार्फत स्याहार, पोषण तथा शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिने व्यवस्था छ। प्रारम्भिक बालविकास तथा शिक्षाको मुख्य उद्देश्य मनोरञ्जनात्मक, खेलमा आधारित तथा बालकेन्द्रित सिकाइ क्रियाकलापमार्फत बालबालिकाको सर्वाङ्गीण विकास गर्नु र उनीहरूलाई कक्षा १ मा प्रवेशका लागि तयार बनाउनु हो। यसअन्तर्गत सर्वाङ्गीण विकास, पोषण, स्वास्थ्य, सरसफाइ, व्यक्तिगत सुरक्षा, सामाजिक व्यवहार, सिर्जनशीलता, भाषिक विकास तथा सञ्चार सीपजस्ता आधारभूत सक्षमताको विकासमा विशेष जोड दिइएको छ।

नेपालको संविधान, २०७२ को धारा ३९(३) ले प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक सुनिश्चित गरेको छ। त्यसैगरी, शिक्षा ऐन, २०२८ (आठौँ संशोधन) ले प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा मान्यता दिएको छ। यी संवैधानिक तथा कानुनी व्यवस्थाले प्रारम्भिक बालविकास तथा शिक्षाको महत्वलाई थप सुदृढ बनाएका छन्। बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्दै गुणस्तरीय आधारभूत शिक्षाको बलियो जग निर्माण गर्न प्रारम्भिक बालविकास तथा शिक्षालाई सर्वसुलभ, समावेशी, गुणस्तरीय तथा बालमैत्री बनाउनु आवश्यक छ। यसका लागि उपयुक्त भौतिक पूर्वाधार, बालमैत्री सिकाइ वातावरण, दक्ष तथा योग्य सहजकर्ता, पर्याप्त सिकाइ सामग्री, स्वास्थ्य तथा पोषण सेवा, अभिभावकको सहभागिता तथा प्रभावकारी व्यवस्थापन प्रणाली आवश्यक पर्दछ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले प्रारम्भिक बालविकास तथा शिक्षालाई बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित, गुणस्तरीय तथा प्रभावकारी बनाउने उद्देश्य लिएको छ। नीतिले बालमैत्री पूर्वाधार, योग्य जनशक्ति, तीनै तहका सरकार तथा अभिभावकबीचको साझेदारी, र कम्तीमा एक वर्षको गुणस्तरीय प्रारम्भिक बालविकास सेवा सुनिश्चित गर्ने रणनीति अवलम्बन गरेको छ। त्यसैगरी, सोह्रौँ योजना ले प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गर्दै सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने, लगानी साझेदारी बढाउने, योग्य तथा दक्ष जनशक्तिबाट सेवा प्रदान गर्ने तथा न्यूनतम सेवा मापदण्ड कार्यान्वयन गर्ने नीति अवलम्बन गरेको छ।।

### ३.१.२ वर्तमान अवस्था

धनकुटा नगरपालिकामा जम्मा ५० वटा बालविकास केन्द्र रहेका छन् । जस मध्ये जि.शि.का.वाट स्विकृत दरवन्दी ४८ वटा र पालिका अनुदान २ वटा रहेका छन । सामुदायिक र विद्यालय अनुदान भने ५० जना बालविकास सहजकर्ता रहेको अवस्था छन् । यस नगरपालिकामा अधिकांश बालविकास केन्द्रहरू सरकारले तोकेका मापदण्ड पुरा गर्न प्रयासरत रहेको, बालविकास शिक्षामा सबै बालबालिकाहरूको पहुँचमा अझै पनि नआएको देखिन्छ भने इसीडिको अनुभव सहित कक्षामा १ मा भर्ना हुनेको प्रतिशत ७४ मात्र हुनुमा ECD को अनुभव सहित कक्षा -१ मा भर्ना हुने विद्यार्थी प्रतिहत कम हुनुमा ECD मा दुई तह ECD र PPC हुनु पनि एक हो । त्यसैगरी बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्नेमा सो नभई कुनै स्थानमा ३० मिनेट वा सो भन्दा बढी बढी समय लाग्ने पनि बालविकास केन्द्र रहेको छ । भूगोल, जनसंख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवं नयाँ स्थापना गर्नुपर्ने जरुरी हुन आउँछ । यसै गरी स्थापना भएका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ भने नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको स्थापना लगायत क्षमता अभिवृद्धि गर्दै जानु जरुरी हुन आउँछ ।

प्रारम्भिक बाल विकास तथा शिक्षा बालबालिकाको समग्र विकास, विद्यालय तयारी तथा सिकाइ उपलब्धिको आधारशिला हो। धनकुटा नगरपालिकामा उपलब्ध तथ्याङ्क अनुसार प्रारम्भिक बाल विकास तथा शिक्षाको पहुँच, सहभागिता तथा गुणस्तरका सूचकहरू सन्तोषजनक देखिए तापनि केही सुधारका क्षेत्रहरू पनि रहेका छन्। नगरपालिकामा ECD सञ्चालनका लागि ५१ शिक्षक दरबन्दी स्वीकृत रहेकोमा हाल ४८ जना शिक्षक कार्यरत छन्। यसले करिब ९४.१ प्रतिशत दरबन्दी पूर्ति भएको देखाउँछ भने ३ पद रिक्त रहेको अवस्था छ। यद्यपि कार्यरत शिक्षकहरू सबैले न्यूनतम शैक्षिक योग्यता पूरा गरेका छन् र आधारभूत तालिमसमेत प्राप्त गरेका छन्, जसले प्रारम्भिक बाल विकास सेवाको गुणस्तर सुनिश्चित गर्न सकारात्मक योगदान पुऱ्याएको छ। ECD तहमा अध्ययनरत बालबालिकाको संख्या ४९४ रहेको छ, जसमा २६२ जना बालक (५३.०४ प्रतिशत) र २३२ जना बालिका (४६.९६ प्रतिशत) रहेका छन्। विद्यार्थी सङ्ख्यामा लैङ्गिक असन्तुलन न्यून रहेकोले बालबालिकाको सहभागितामा लैङ्गिक समानता कायम भएको देखिन्छ।

त्यसैगरी, ECD अनुभव प्राप्त गरी कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ७४ रहेको छ। यसको कक्षा १ मा नयाँ भर्ना हुने प्रत्येक चार बालबालिकामध्ये करिब तीन जनाले मात्र प्रारम्भिक बाल विकास कार्यक्रमको अनुभव प्राप्त गरेका छन् भन्ने देखाउछ र बाँकी ६ प्रतिशत बालबालिका ECD अनुभवबिनै विद्यालय शिक्षामा प्रवेश गर्ने भएकाले उनीहरूको विद्यालय तयारी तथा सिकाइ उपलब्धिमा राम्रो प्रभाव पर्न सक्ने सम्भावना रहन्छ।

धनकुटा नगरपालिकामा प्रारम्भिक बाल विकास तथा शिक्षाको गुणस्तर पक्ष सुदृढ रहेको, प्रशिक्षित तथा योग्य शिक्षकको उपलब्धता रहेको र कूल भर्ना दर उच्च रहेको देखिन्छ। तथापि लक्षित उमेर समूहका सबै बालबालिकालाई ECD सेवामा समेट्ने, रिक्त शिक्षक दरबन्दी पूर्ति गर्ने तथा ECD अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको प्रतिशत वृद्धि भएको देखिन्छ। जसले प्रारम्भिक बाल विकास तथा शिक्षाको पहुँच, समावेशिता र गुणस्तर प्रभावकारी भएको पाइन्छ।

प्रारम्भिक बाल विकास तथा शिक्षाको अवस्थालाइ आधार वर्ष र वर्तमान अवस्थाको तुलनात्मक विश्लेषण आधारमा हेर्ने हो भने धनकुटा नगरपालिकाको प्रारम्भिक बाल विकास तथा शिक्षा (ECD) सम्बन्धी सूचकहरूको

आधार वर्ष र वर्तमान अवस्थाको तुलना गर्दा पहुँचका केही सूचकहरूमा कमी देखिए पनि गुणस्तर सम्बन्धी सूचकहरूमा उल्लेखनीय सुधार भएको देखिन्छ।

प्रारम्भिक बाल विकास तथा शिक्षामा कूल भर्ना दर आधार वर्षमा १४३.१ प्रतिशत रहेकोमा हाल १०४.९ प्रतिशत पुगेको छ। यसले ३८.२ प्रतिशत बिन्दुले कमी आएको देखाउँछ। कूल भर्ना दरमा आएको कमीले लक्षित उमेरभन्दा बाहिरका बालबालिकाको सहभागिता घटेको तथा उमेरअनुकूल भर्ना व्यवस्थापनमा सुधार भएको संकेत गर्न सक्छ। यद्यपि यो दर अझै १०० प्रतिशतभन्दा माथि रहेकाले उमेर समूहभन्दा बाहिरका केही बालबालिका कार्यक्रममा सहभागी रहेको देखिन्छ।

गुणस्तरका दृष्टिले प्रारम्भिक बालविकास तथा शिक्षामा उल्लेखनीय सुधार भएको देखिन्छ। न्यूनतम योग्यता पूरा गरेका शिक्षकको प्रतिशत आधार वर्षको ९० प्रतिशतबाट बढेर हाल १०० प्रतिशत पुगेको छ, जसले सबै सहजकर्ताले आवश्यक शैक्षिक योग्यता हासिल गरेको पुष्टि गर्दछ। त्यसैगरी, आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत पनि ९५ प्रतिशतबाट बढेर १०० प्रतिशत पुगेको छ, जसले प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर अभिवृद्धिमा सकारात्मक योगदान पुऱ्याएको छ। यसैगरी, प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा १ मा नयाँ भर्ना हुने बालबालिकाको प्रतिशत आधार वर्षको ८४ प्रतिशतबाट बढेर ९४ प्रतिशत पुगेको छ। यसले १० प्रतिशत बिन्दुले सुधार भएको देखाउँछ। यद्यपि, कक्षा १ मा भर्ना हुने करिब ६ प्रतिशत बालबालिका अझै प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवबिनै विद्यालयमा प्रवेश गर्ने अवस्था रहेकाले उनीहरूलाई प्रारम्भिक बालविकास सेवाको पहुँचमा ल्याउन थप प्रयास आवश्यक देखिन्छ।

धनकुटा नगरपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तरमा उल्लेखनीय सुधार भएको छ। सबै सहजकर्ता आवश्यक शैक्षिक योग्यता र आधारभूत तालिमप्राप्त भएका छन्। प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक तथा भाषिक विकास गर्दै उनीहरूलाई कक्षा १ का लागि तयार पार्ने उद्देश्य राखेको छ।

प्रदेश सरकार र नगरपालिकाले प्रारम्भिक बालविकासमा प्राथमिकता दिँदै लगानी वृद्धि गर्नु, दिवा खाजा कार्यक्रम सञ्चालन हुनु, धेरै विद्यालयमा छुट्टै बालविकास कक्षा व्यवस्था हुनु, अभिभावकमा प्रारम्भिक बालविकासप्रतिको चेतना बढ्दै जानु तथा स्थानीय शिक्षा ऐन कार्यान्वयनको प्रक्रिया अघि बढ्नु यस क्षेत्रका प्रमुख अवसर हुन्। यद्यपि, सहजकर्ताको न्यून पारिश्रमिक, पेसागत सुरक्षाको अभाव, शिक्षक अभावका कारण अन्य कक्षासमेत सञ्चालन गर्नुपर्ने अवस्था, बालविकास केन्द्रहरूको वर्गीकरण नहुनु तथा धेरै केन्द्रले न्यूनतम मापदण्ड पूरा गर्न नसक्नु यस क्षेत्रका प्रमुख समस्या र चुनौतीका रूपमा रहेका छन्।

### ३.१.३ उद्देश्यहरु

धनकुटा नगरपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहायबमोजिमका उद्देश्यहरू हुनेछन्:

- प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्ष उमेर समूहका सबै बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।
- सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु।

- प्रारम्भिक बालविकास केन्द्रहरूलाई राष्ट्रिय न्यूनतम मापदण्डअनुसार स्तरोन्नति गरी गुणस्तरीय, बालमैत्री, समावेशी, अपाङ्गतामैत्री तथा सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्नु।
- बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा सिर्जनात्मक विकासलाई प्रवर्द्धन गर्दै विद्यालय शिक्षाका लागि आवश्यक पूर्वतयारी सुनिश्चित गर्नु।
- प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि दक्ष तथा सक्षम सहजकर्ता, उपयुक्त सिकाइ सामग्री, आधुनिक शैक्षिक प्रविधि तथा प्रभावकारी व्यवस्थापन प्रणालीको विकास गर्नु।
- प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय पक्षलाई सुदृढ गरी गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्नु।
- बालविकास सहजकर्ताको पेसागत क्षमता अभिवृद्धि गर्दै प्रभावकारी शिक्षण–सिकाइ प्रणाली विकास गर्नु।
- अपाङ्गता भएका, विपन्न, सीमान्तकृत तथा विशेष आवश्यकता भएका बालबालिकासहित सबैका लागि समावेशी र समान अवसरमा आधारित प्रारम्भिक बालविकास तथा शिक्षा सुनिश्चित गर्नु।

### ३.१.४ रणनीति

धनकुटा नगरपालिकाले प्रारम्भिक बालविकास तथा शिक्षालाई सर्वसुलभ, समावेशी र गुणस्तरीय बनाउँदै सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न देहायबमोजिमका कार्यनीतिहरू कार्यान्वयन गर्नेछः

- चार वर्ष उमेर समूहका सबै बालबालिकालाई प्रारम्भिक बालविकास तथा शिक्षामा अनिवार्य रूपमा भर्ना गराई नियमित सहभागिता सुनिश्चित गर्न भर्ना अभियान सञ्चालन गरिनेछ।
- भौगोलिक अवस्था, जनसङ्ख्या तथा आवश्यकताका आधारमा प्रारम्भिक बालविकास केन्द्रको स्थापना, समायोजन तथा व्यवस्थापन गरिनेछ।
- अभिभावक, समुदाय तथा सरोकारवालाको सहभागिता अभिवृद्धि गर्न नियमित अभिभावक शिक्षा, सचेतना तथा परिचालन कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रारम्भिक बालविकास सहजकर्ताको पेसागत क्षमता अभिवृद्धिका लागि तालिम, पेसागत सहयोग, अनुभव आदान–प्रदान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रारम्भिक बालविकास केन्द्रहरूलाई राष्ट्रिय न्यूनतम मापदण्डअनुसार सञ्चालन गरी बालमैत्री, सुरक्षित, समावेशी तथा आकर्षक सिकाइ वातावरण विकास गरिनेछ।
- प्रारम्भिक बालविकास केन्द्रमा उमेरअनुकूल खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री तथा श्रव्य–दृश्य सामग्रीको उपलब्धता सुनिश्चित गरिनेछ।
- योग्य तथा तालिमप्राप्त सहजकर्ताबाट प्रारम्भिक बालविकास सेवा सञ्चालन गर्ने व्यवस्था सुदृढ गरिनेछ।
- प्रत्येक वडामा क्रमशः नमुना प्रारम्भिक बालविकास केन्द्र विकास गर्दै उत्कृष्ट अभ्यासहरूको विस्तार गरिनेछ।
- राष्ट्रिय पाठ्यक्रम तथा मापदण्डअनुसार प्रारम्भिक बालविकास कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरी नियमित अनुगमन, सुपरिवेक्षण तथा पृष्ठपोषणको व्यवस्था गरिनेछ।

- प्रारम्भिक बालविकास केन्द्रको कार्यसम्पादन मूल्याङ्कन प्रणाली विकास गरी उत्कृष्ट सहजकर्ता तथा केन्द्रलाई प्रोत्साहन, पुरस्कार र सम्मान प्रदान गरिनेछ।
- प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापन, अनुगमन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन विद्यालय, स्थानीय तह, अभिभावक र समुदायबीच समन्वय तथा सहकार्य सुदृढ गरिनेछ।

### ३.१.५ उपलब्धि तथा प्रमुख नतिजाहरू

#### (क) उपलब्धि

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने

#### (ख) नतिजा

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका शतप्रतिशत बालबालिकाले गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच प्राप्त गरेका हुनेछन्।
- प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित सबै बालबालिका कक्षा १ मा भर्ना भएका हुनेछन्।
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूले राष्ट्रिय न्यूनतम मापदण्ड पूरा गरी योग्य तथा तालिमप्राप्त सहजकर्ता, आवश्यक सहयोगी जनशक्ति र पर्याप्त सिकाइ सामग्रीसहित गुणस्तरीय सेवा प्रदान गरेका हुनेछन्।
- बालबालिकाको विकासात्मक आवश्यकता, रुचि र सिकाइ क्षमताअनुसार पाठ्यक्रम तथा सिकाइ क्रियाकलाप प्रभावकारी रूपमा कार्यान्वयन भएका हुनेछन्।
- भौगोलिक रूपमा दुर्गम क्षेत्र तथा अपाङ्गता भएका बालबालिकाका लागि आवश्यकता-आधारित वैकल्पिक प्रारम्भिक बालविकास तथा शिक्षा सेवाको विकास र विस्तार भएको हुनेछ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्थापन, सञ्चालन र गुणस्तर अभिवृद्धिमा परिवार, समुदाय, विद्यालय तथा सरोकारवाला निकायहरूको सक्रिय सहभागिता र उत्तरदायित्व सुनिश्चित भएको हुनेछ ।

### ३.१.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू

| क्र. स. | कार्यक्रम/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | भौतिक लक्ष्य ( दोश्रो ५ वर्ष) | जम्मा लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **२** | अभिभावक सचेतना तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| **३** | बालबालिकाका लागि उमेरअनुकूल सिकाइ तथा खेल सामग्री उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| **४** | न्यूनतम मापदण्ड पूरा गर्न आवश्यक बालविकास केन्द्रलाई सहयोग उपलब्ध गराउने | केन्द्र | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| **५** | नमुना प्रारम्भिक बालविकास केन्द्र स्थापना तथा व्यवस्थापन गर्ने | वटा | १ | १ | १ | १ | १ | २५ | २५ | |
| **६** | उत्कृष्ट कार्यसम्पादन गर्ने बालविकास सहजकर्तालाई प्रोत्साहन तथा सम्मान गर्ने | जना | ७ | ७ | ७ | ७ | ७ | २६ | ५४ | |
| **७** | बालविकास सहजकर्ताको क्षमता विकास तथा पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| **८** | आवश्यकता र विद्यालय नक्साङ्कनका आधारमा बालविकास केन्द्रको स्थापना, समायोजन तथा पुनर्संरचना गर्ने | पटक | | | १ | | | १ | २ | |
| **९** | राष्ट्रिय पाठ्यक्रमअनुसार प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयन तथा पालिकास्तरीय अनुगमन गर्ने | केन्द्र | ७ | ७ | ७ | ७ | ७ | १५ | ५० | |
| **१०** | नियमित अनुगमन, सुपरिवेक्षण तथा समीक्षा बैठक सञ्चालन गर्ने | केन्द्र | ७ | ७ | ७ | ७ | ७ | १५ | ५० | |
| **११** | सहजकर्तासँग समीक्षा, पेसागत सहयोग तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | जना | ७ | ७ | ७ | ७ | ७ | १५ | ५० | |
| **१२** | वार्षिक उत्कृष्ट बालविकास सहजकर्तालाई सम्मान तथा पुरस्कार प्रदान गर्ने | जना | ७ | ७ | ७ | ७ | ७ | १५ | ५० | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालको संविधान, २०७२ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको हक सुनिश्चित गर्दै आधारभूत तहको शिक्षालाई निःशुल्क र अनिवार्य गरेको छ। आधारभूत शिक्षा व्यक्तिलाई आवश्यक ज्ञान, सीप, मूल्य र व्यवहार विकास गरी जिम्मेवार, सक्षम र आत्मनिर्भर नागरिकका रूपमा तयार गर्ने विद्यालय शिक्षाको महत्वपूर्ण आधार हो। यसले बालबालिकालाई दैनिक जीवनका समस्या समाधान गर्न, प्रभावकारी रूपमा सञ्चार गर्न, समाजसँग घुलमिल हुन तथा जिम्मेवार नागरिकका रूपमा जीवनयापन गर्न सक्षम बनाउँछ।

नेपालको विद्यालय शिक्षा प्रणाली प्रारम्भिक बालविकास तथा शिक्षापछि कक्षा १ देखि ८ सम्मको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको माध्यमिक शिक्षा गरी दुई तहमा विभाजित छ। आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास गर्दै उनीहरूको प्रतिभा, सिर्जनशीलता, आलोचनात्मक सोच, जीवनोपयोगी सीप तथा नैतिक मूल्यहरूको विकासमा जोड दिन्छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार आधारभूत शिक्षा विद्यार्थी–केन्द्रित, समावेशी तथा सिकाइ उपलब्धिमुखी हुनुपर्ने व्यवस्था गरिएको छ। यस तहको शिक्षाले लोकतान्त्रिक मूल्य, राष्ट्रिय एकता, मानवअधिकार, सामाजिक उत्तरदायित्व, वातावरण संरक्षण, वैज्ञानिक सोच, गणितीय तथा भाषिक सीप, सूचना तथा सञ्चार प्रविधिको प्रयोग, जीवनोपयोगी सीप, स्वास्थ्यकर जीवनशैली, सिर्जनशीलता, उद्यमशीलता तथा स्थानीय कला, संस्कृति र सम्पदा प्रति सम्मानको विकास गर्ने उद्देश्य राखेको छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले आधारभूत शिक्षामा सबैको समतामूलक पहुँच, निरन्तरता, सहभागिता र गुणस्तर सुनिश्चित गर्दै अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ। त्यसैगरी, सोह्रौँ योजना ले विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने, विद्यालय छाड्ने दर घटाउने, विषयगत शिक्षक व्यवस्थापन, विद्यालयको भौतिक तथा प्रविधिमैत्री पूर्वाधार विकास, प्रयोगशाला, पुस्तकालय तथा सिकाइ स्रोतको विस्तार, विद्यार्थी सिकाइ उपलब्धिको नियमित मूल्याङ्कन तथा विद्यालय गुणस्तर प्रत्यायन प्रणाली विकासलाई प्राथमिकता दिएको छ।

यसैगरी, विद्यालय क्षेत्र सुधारका राष्ट्रिय कार्यक्रमहरूले सबै बालबालिकाका लागि गुणस्तरीय, समावेशी, सुरक्षित तथा प्रविधिमैत्री आधारभूत शिक्षामा समान पहुँच सुनिश्चित गर्दै सिकाइ उपलब्धि अभिवृद्धि, विद्यालय सुशासन, शिक्षकको पेसागत विकास तथा बालमैत्री सिकाइ वातावरण निर्माणमा विशेष जोड दिएका छन्। यी नीतिगत व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनमार्फत धनकुटा नगरपालिकाले सबै बालबालिकाका लागि गुणस्तरीय, समावेशी, जीवनोपयोगी तथा परिणाममुखी आधारभूत शिक्षा सुनिश्चित गर्ने लक्ष्य लिएको छ।

### ३.२.२ वर्तमान अवस्था

धनकुटा नगरपालिकाको आधारभूत शिक्षा (कक्षा १–८) को वर्तमान अवस्था विश्लेषण गर्दा विद्यालय पहुँच, विद्यार्थी सहभागिता, शिक्षक व्यवस्थापन तथा शैक्षिक संरचनाका दृष्टिले समग्र रूपमा सकारात्मक तर सुधार आवश्यक अवस्था देखिन्छ। विद्यालय संरचनाको दृष्टिले नगरपालिकामा कक्षा १–५ सञ्चालन हुने १३ वटा प्राथमिक विद्यालय र कक्षा १–८ सञ्चालन हुने ९ वटा आधारभूत विद्यालय रहेका छन्। यसले आधारभूत शिक्षाको

संस्थागत पहुँच विस्तार भएको देखाउँछ, तर भौगोलिक दूरी, विद्यालय वितरण तथा स्रोत–साधनको असमानताले केही क्षेत्रका विद्यार्थी प्रभावित हुन सक्छन्।

नगरपालिकामा कक्षा १ देखि ८ सम्म कुल २,४९४ विद्यार्थी अध्ययनरत छन्, जसमा १,२३७ छात्र र १,२५७ छात्रा रहेका छन्। लैङ्गिक सन्तुलन लगभग बराबरीमा रहेकोले शिक्षामा लैङ्गिक समावेशिता राम्रो अवस्थामा रहेको देखिन्छ। साथै, ६ देखि १२ वर्ष उमेर समूहका कुल ४,४६२ बालबालिका रहेको तथ्याङ्कले आधारभूत शिक्षामा सबै बालबालिका पूर्ण रूपमा समेटिन अझै बाँकी रहेको संकेत गर्दछ।

शिक्षक व्यवस्थापनको दृष्टिले आधारभूत तहमा कुल २१६ शिक्षक दरबन्दी (कक्षा १–५ मा १५१ र कक्षा ६–८ मा ६५) रहेको छ। यस आधारमा समग्र विद्यार्थी–शिक्षक अनुपात करिब ११.५:१ (लगभग) देखिन्छ, जुन सामान्य रूपमा सन्तोषजनक मानिन्छ। तर यो अनुपात तहगत र विद्यालयगत रूपमा समान नभई केही विद्यालयमा शिक्षक अभाव र केहीमा विद्यार्थी चाप बढी हुने सम्भावना रहन्छ, जसले सिकाइ प्रभावकारितामा असमानता ल्याउन सक्छ।

धनकुटा नगरपालिकाको माध्यमिक शिक्षा (कक्षा ९–१२) को वर्तमान अवस्था विश्लेषण गर्दा पहुँच, गुणस्तर, आन्तरिक दक्षता तथा शैक्षिक निरन्तरताका दृष्टिले मिश्रित स्थिति देखिन्छ। आधारभूत तहको तुलनामा माध्यमिक तहमा विद्यार्थीको सहभागिता घट्ने प्रवृत्ति देखिनु प्रमुख चुनौतीका रूपमा रहेको छ, जसले कक्षा ८ पछि कक्षा ९ मा कमजोर हुने रहेको संकेत गर्दछ।

शिक्षक–विद्यार्थी अनुपात (Student–Teacher Ratio) हेर्दा माध्यमिक तहमा शिक्षक दरबन्दी तुलनात्मक रूपमा सीमित रहेको देखिन्छ। उपलब्ध तथ्याङ्क अनुसार आधारभूत तहमा २१६ शिक्षक दरबन्दी (कक्षा १–५ मा १५१ र कक्षा ६–८ मा ६५) रहेको छ, भने विद्यार्थी संख्या २,४९४ रहेको छ। यस आधारमा समग्र विद्यार्थी–शिक्षक अनुपात करिब ११:१ (लगभग) देखिन्छ, जुन औसत रूपमा राम्रो मानिए पनि यो अनुपात विद्यालयगत रूपमा समान नभई केही विद्यालयमा बढी विद्यार्थी चाप र केहीमा कम प्रयोग हुने अवस्था हुन सक्छ। माध्यमिक तहमा विशेषगरी विषयगत शिक्षक आवश्यक हुने भएकाले गणित, विज्ञान र अंग्रेजी जस्ता विषयमा विशेषज्ञ शिक्षकको समायोजनले सिकाइ गुणस्तरमा सुधार आएको छ ।

धनकुटा नगरपालिकामा माध्यमिक शिक्षाको पहुँच र विस्तारमा उल्लेखनीय प्रगति भएको छ। आर्थिक वर्ष २०८२ को घरधुरी सर्वेक्षणअनुसार विद्यालयबाहिर रहेका बालबालिकाको संख्या ३५ मा सीमित हुनु विद्यालय पहुँच विस्तार र भर्ना अभियानको सकारात्मक उपलब्धि हो। अब यी सबै बालबालिकालाई विद्यालय शिक्षाको मूल प्रवाहमा ल्याई शतप्रतिशत पहुँच सुनिश्चित गर्ने अवसर रहेको छ।

माध्यमिक शिक्षाको गुणस्तरलाई अझ सुदृढ बनाउन गणित, विज्ञान र अंग्रेजी विषयमा दक्ष विषयगत शिक्षकको उपलब्धता, प्रयोगात्मक तथा प्रविधिमैत्री शिक्षण–सिकाइ, र प्रयोगशाला, पुस्तकालय तथा डिजिटल सिकाइ पूर्वाधारको थप विस्तार आवश्यक छ। यी क्षेत्रमा भइरहेको लगानी र सुधारका प्रयासले विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

आगामी दिनमा कक्षा ८ देखि ९ मा विद्यार्थी संक्रमणलाई थप प्रभावकारी बनाउने, विद्यालय छोड्ने दरलाई न्यूनतममा झार्ने, विषयगत शिक्षक व्यवस्थापन सुदृढ गर्ने तथा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण–सिकाइलाई विस्तार गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। यी प्रयासबाट माध्यमिक शिक्षा थप

गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा परिणाममुखी बन्दै धनकुटा नगरपालिकाको समग्र शैक्षिक विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

### ३.२.३ उद्देश्य

- ५–१२ वर्ष उमेर समूहका सबै बालबालिकाका लागि आधारभूत शिक्षामा समतामूलक पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित गर्नु।
- आधारभूत तहको शिक्षण–सिकाइको गुणस्तर तथा विद्यार्थीको सिकाइ उपलब्धिमा अभिवृद्धि गर्नु।
- कक्षा १ मा भर्ना भएका सबै बालबालिकाले कक्षा ८ सम्मको आधारभूत शिक्षा अनिवार्य रूपमा पूरा गर्ने सुनिश्चित गर्नु।
- प्रारम्भिक कक्षाका बालबालिकाको आधारभूत साक्षरता, गणनात्मक तथा जीवनोपयोगी सीप सुदृढ गर्नु।
- बालमैत्री, लैङ्गिकमैत्री, समावेशी, अपाङ्गतामैत्री तथा सुरक्षित सिकाइ वातावरण विकास गर्नु।
- विद्यालयबाहिर रहेका, सीमान्तकृत, विपन्न तथा विशेष आवश्यकता भएका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्नु।
- शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकको क्षमता अभिवृद्धि र सक्रिय सहभागिता सुदृढ गर्नु।
- विद्यालयको भौतिक पूर्वाधार, शैक्षिक सामग्री, सूचना तथा सञ्चार प्रविधि र सिकाइ स्रोतको विकास गरी प्रभावकारी शिक्षण–सिकाइ सुनिश्चित गर्नु।
- विद्यालय सुशासन, उत्तरदायित्व तथा नतिजामुखी व्यवस्थापन प्रणाली सुदृढ गर्नु।
- निर्धारित सिकाइ सक्षमता हासिल गरेका विद्यार्थीलाई माध्यमिक शिक्षाका लागि सक्षम र तयारी अवस्थामा विकास गर्नु।

### ३.२.४ रणनीति

- आधारभूत तहमा सबै बालबालिकाको समतामूलक पहुँच, सहभागिता, निरन्तरता तथा सिकाइ सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गर्ने।
- बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, समावेशी तथा सुरक्षित सिकाइ वातावरणसहित विद्यालयको भौतिक र शैक्षिक पूर्वाधार सुदृढ गर्ने।
- प्रारम्भिक कक्षामा आधारभूत साक्षरता, गणनात्मक सीप तथा जीवनोपयोगी सिकाइलाई प्राथमिकता दिँदै विद्यार्थी–केन्द्रित र सिकाइ उपलब्धिमुखी शिक्षण–सिकाइ प्रणाली विकास गर्ने।
- शिक्षकको पेसागत क्षमता अभिवृद्धि, नवप्रवर्तनशील शिक्षण विधि तथा अनुसन्धानमा आधारित सिकाइ अभ्यासलाई प्रवर्द्धन गर्ने।
- स्थानीय स्रोत, शिक्षक निर्मित सामग्री, पुस्तकालय, बुक कर्नर तथा छापामय कक्षाको प्रभावकारी प्रयोगमार्फत पठन संस्कृति र स्वाध्ययनको विकास गर्ने।

- सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग गर्दै प्रविधिमैत्री, प्रयोगात्मक तथा नवप्रवर्तनशील शिक्षण–सिकाइ प्रणाली विकास गर्ने।
- विद्यालयबाहिर रहेका, सीमान्तकृत, विपन्न तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि लक्षित सहयोग तथा समावेशी शिक्षा कार्यक्रम सञ्चालन गर्ने।
- अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा समुदायको क्षमता अभिवृद्धि र सक्रिय सहभागितामार्फत विद्यालय सुशासन र उत्तरदायित्व सुदृढ गर्ने।
- पढाइ उत्सव, शैक्षिक प्रतियोगिता, नवप्रवर्तन प्रदर्शनी, सम्मान तथा प्रोत्साहन कार्यक्रममार्फत गुणस्तरीय सिकाइ संस्कृतिको विकास गर्ने।
- नियमित अनुगमन, सुपरिवेक्षण, सिकाइ उपलब्धि मूल्याङ्कन तथा तथ्यमा आधारित निर्णय प्रणालीमार्फत विद्यालय शिक्षाको गुणस्तर निरन्तर सुधार गर्ने।

### ३.२.५ उपलब्धि र नतिजा

#### (क) उपलब्धि

- अनिवार्य तथा आधारभूत शिक्षाको पहुँच तथा सहभागिता सुनिश्चितता गरी गुणस्तरमा वृद्धि हुने ।

#### (ख) नतिजा

- ५–१२ वर्ष उमेर समूहका सबै बालबालिकाको आधारभूत शिक्षामा समतामूलक पहुँच, भर्ना, सहभागिता तथा निरन्तरता सुनिश्चित भएको हुनेछ।
- आधारभूत तहको खुद भर्नादर, टिकाउदर तथा कक्षा पूरा गर्ने दरमा उल्लेखनीय वृद्धि भएको हुनेछ।
- आधारभूत तहका विद्यार्थीहरूले राष्ट्रिय मापदण्डअनुसार न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन्।
- विद्यालयहरूमा आवश्यक भौतिक, शैक्षिक तथा प्रविधिमैत्री पूर्वाधार विकास भई बालबालिकाको सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ।
- आधारभूत तहमा गुणस्तरीय, समावेशी र बालमैत्री शिक्षा तथा प्रभावकारी शैक्षिक सुशासन सुनिश्चित भएको हुनेछ।
- सबै आधारभूत विद्यालयहरूले राष्ट्रिय न्यूनतम मापदण्ड पूरा गरी गुणस्तरीय शैक्षिक सेवा प्रदान गरेका हुनेछन्। ।

### ३.२.६ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | ५ बर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पाठ्यक्रमको कष्टमाइज्ड तालिम | पटक | १ | १ | १ | १ | १ | २ | २ | |
| २ | बालमैत्री शिक्षण तालिम सञ्चालन | पटक | | | | | | | | |
| ३ | आधारभूत तहको परीक्षा , नतिजा सार्वजनिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सिमान्तकृत तथा विद्यालय बाहिर रहेका बालबालबालिकाको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | पटक | | | | १ | | १ | १ | |
| ६ | भौतिक पूर्वाधारका कार्यक्रम सञ्चालन गर्ने (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | विद्यालयलाई शैक्षिक सामग्री सहयोग कार्यक्रम | विद्यालय | | | | १ | | १ | २ | |
| ८ | शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरू सहितको छापायूक्त कक्षाकोठा ब्यवस्थापन सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्री सहयोग कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | उत्कृष्ट अभिभावक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ११ | प्रारम्भिक कक्षा पठाइ तथा गणितीय सीप परीक्षण सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | शैक्षिक अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | १ | ६ | |
| १३ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सव सहित शैक्षिक प्रर्दशनी मेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १४ | सिकाई उपलब्धिका आधारमा उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | जना | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १५ | शैक्षिक सुशासन कायम गर्नका लागि शिक्षा सरोकारवालाहरू संग छलफल तथा अन्तर क्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १६ | शैक्षिक सामग्री निर्माण कार्यशाला गोष्ठी कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | शिक्षकले कक्षाकोठामा बिताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग अनुगमन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १८ | शिक्षकको क्षमता विकास तालिम सञ्चालन | जना | | | १ | | १ | २ | २ | |
| १९ | विद्यालय वाहिर रहेका बालबालिकाहरुका लागि भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २० | सबै विद्यालयका कक्षा १ देखि ३ सम्मका कक्षाकोठालाइ छापामय, बालमैत्री, लैङ्गिक मैत्री, अपांगमैत्री व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरी पूर्ण गरिने, | विद्यालय | २८ | ३ | ३ | ३ | ३ | ४ | ४४ | |
| २१ | एकीकृत पाठ्यक्रम कार्यान्वयन सम्बन्धी शिक्षक तालिम। | शिक्षक | १ | १ | १ | १ | १ | ० | ५ | |
| २२ | प्रारम्भिक कक्षा १-३ को पढाइ तथा गणितीय सीप केन्द्रित क्रियाकलापहरू सञ्चालन गर्ने। | पटक | १ | २ | २ | २ | २ | ९ | १० | |
| २३ | कोभिडको महामारीबाट उत्पन सिकाइ क्षति न्युनीकरणको लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) लाई कार्यान्वयन गर्ने। | पटक | १ | १ | १ | १ | १ | ० | ५ | |
| २४ | प्रारम्भिक कक्षामा शिक्षणसिकाइ तथा सन्दर्भ पढाइ तथा गणितीय सामग्री सहितको बुक कर्नर स्थापना गर्ने। | पटक | २८ | ३ | ३ | ३ | ३ | ४ | ४४ | |
| २५ | अभिभावक सचेतना तथा सहभागितामा अभिवृद्धि। | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २६ | बच्चाको पढाईमा सहयोग गर्ने अभिभावकलाई पालिका तथा विद्यालय स्तरीय अभिभावक सम्मान कार्यक्रम सञ्चालन गरिने, | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २७ | पालिका स्तरीय पढाइ मेला तथा प्रतियोगिता सञ्चालनमा गर्ने। | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २८ | योग शिक्षा तथा नैतिक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधान, २०७२ ले शिक्षालाई मौलिक हकका रूपमा प्रत्याभूत गर्दै प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। यस संवैधानिक व्यवस्थाअनुसार माध्यमिक शिक्षामा सबैको समतामूलक पहुँच, गुणस्तर र समावेशितालाई राज्यको प्रमुख दायित्वका रूपमा लिइएको छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार माध्यमिक शिक्षा कक्षा ९ देखि १२ सम्मको चारवर्षीय तहका रूपमा कार्यान्वयनमा रहेको छ। यस प्रारूपले गुरुकुल, गुम्बा–विहार, मदरसा, मुन्धुमलगायत परम्परागत शिक्षा पद्धतिलाई पनि माध्यमिक शिक्षाको मूल प्रवाहमा समेटेको छ। माध्यमिक शिक्षा सामान्य, परम्परागत तथा प्राविधिक एवं व्यावसायिक धारामा सञ्चालन हुने व्यवस्था गरिएको छ, जसले विद्यार्थीको रुचि, क्षमता र स्थानीय आवश्यकताअनुसार अध्ययनको अवसर प्रदान गर्दछ।

माध्यमिक तहको पाठ्यक्रमले ज्ञान, सीप, मूल्य, प्रविधि तथा जीवनोपयोगी दक्षताको विकासमा जोड दिएको छ। कक्षा ९–१० मा नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा स्वास्थ्य तथा शारीरिक शिक्षा लगायतका अनिवार्य विषय र ऐच्छिक विषयहरूको व्यवस्था गरिएको छ। कक्षा ११–१२ मा अनिवार्य विषयसँगै विषयगत तथा व्यावसायिक रुचिअनुसार ऐच्छिक विषय अध्ययन गर्ने अवसर प्रदान गरिएको छ। प्राविधिक तथा व्यावसायिक धारमा व्यावहारिक अभ्यासलाई विशेष प्राथमिकता दिइएको छ, जसले विद्यार्थीलाई रोजगारी, स्वरोजगार तथा उच्च शिक्षाका लागि सक्षम बनाउने लक्ष्य राखेको छ।

विद्यालय शिक्षाको पहुँच विस्तार र गुणस्तर सुधारका लागि नेपाल सरकारले विभिन्न नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ। विद्यालय शिक्षा क्षेत्र योजना (२०२१–२०३०) ले सबैका लागि गुणस्तरीय तथा समावेशी विद्यालय शिक्षा सुनिश्चित गर्दै निःशुल्क माध्यमिक शिक्षा, जीवनपर्यन्त सिकाइ, डिजिटल शिक्षा, समतामूलक पहुँच, शिक्षक क्षमता विकास, विद्यालय सुशासन तथा सिकाइ उपलब्धि अभिवृद्धिलाई प्रमुख प्राथमिकतामा राखेको छ।

त्यसैगरी, सोह्रौँ योजनाले माध्यमिक शिक्षाको गुणस्तर सुधार, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, सीपमूलक र रोजगारमुखी शिक्षाको प्रवर्द्धन, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण–सिकाइ, अनुसन्धान तथा नवप्रवर्तन, उत्पादनशील मानव स्रोत विकास तथा शैक्षिक सुशासनलाई विशेष प्राथमिकता दिएको छ। साथै, प्रत्येक स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गरी दक्ष, प्रतिस्पर्धी र उद्यमशील जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएको छ।

यी राष्ट्रिय नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयनमार्फत धनकुटा नगरपालिकाले माध्यमिक शिक्षालाई गुणस्तरीय, समावेशी, प्रविधिमैत्री, सीपमूलक तथा जीवनोपयोगी बनाउँदै दक्ष, जिम्मेवार र प्रतिस्पर्धी नागरिक उत्पादन गर्ने लक्ष्य लिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकास तथा व्यवस्थापनका लागि सोहिअनुसार शिक्षाका संरचनाहरू बन्ने क्रममा छन । प्रत्येक स्थानीय तहमा शिक्षा व्यवस्थापनका लागि शिक्षा शाखा स्थापना गरी सोही शाखावाट शिक्षासँग सम्वन्धित सेवा प्रवाह गरीरहेको छ । गुणस्तरीय शिक्षाको सुनिश्चितता अभिवृद्धिका लागि विद्यालय शिक्षामा इन्टरनेटको पहुँचमा प्रगति, सूचना तथा सञ्चार प्रविधि (ICT) सुविधामा विस्तार, कम्प्यूटर तथा विज्ञान प्रयोगशालाको स्थापनामा जोड दिइरहेको अवस्था छ । विद्यालयको अनुगमन तथा सुपरिवेक्षण र शैक्षिक सहयोगको जिम्मा स्थानीय तहलाई दिए पछि प्रशासनिक तथा  शिक्षाको पेशागत पर्याप्त सहयोग देखिन्छ ।

धनकुटा नगरपालिकाको माध्यमिक शिक्षा (कक्षा ९–१२) को वर्तमान अवस्था विश्लेषण गर्दा विद्यालय संरचना, विद्यार्थी सहभागिता, शिक्षक दरबन्दी तथा पहुँचका दृष्टिले समग्र रूपमा विस्तार भएको तर गुणस्तर र समायोजनका दृष्टिले सुधार आवश्यक रहेको देखिन्छ। नगरपालिकामा माध्यमिक तहमा विद्यालय संरचना हेर्दा कक्षा १–१० सञ्चालन गर्ने १ वटा सामुदायिक माध्यमिक विद्यालय र कक्षा १–१२ सञ्चालन गर्ने ८ वटा सामुदायिक माध्यमिक विद्यालय रहेका छन्। साथै निजी विद्यालयतर्फ कक्षा १–१० सञ्चालन गर्ने ७ वटा र कक्षा १–१२ सञ्चालन गर्ने ३ वटा विद्यालय रहेका छन्। यसले माध्यमिक शिक्षामा संस्थागत (निजी) क्षेत्रको पनि उल्लेखनीय उपस्थिति रहेको देखाउँछ। त्यस्तै, प्राविधिक धार्मिक तथा विशेष विद्यालयहरूको पनि सीमित उपस्थिति रहेको छ, जसले विविध शैक्षिक अवसर उपलब्ध गराएको संकेत गर्दछ।

विद्यार्थी सहभागिताको दृष्टिले कक्षा ९–१० मा ८९३ विद्यार्थी (४५७ छात्रा र ४३६ छात्र) अध्ययनरत छन् भने कक्षा ११–१२ मा १,१४९ विद्यार्थी (५७६ छात्रा र ५७३ छात्र) रहेका छन्। कूल माध्यमिक तहमा २,०४२ विद्यार्थी रहेको देखिन्छ। लैङ्गिक सन्तुलन लगभग बराबरीमा रहेकोले माध्यमिक तहमा लैङ्गिक समावेशिता राम्रो अवस्थामा रहेको देखिन्छ। साथै १३ देखि १६ वर्ष उमेर समूहमा २,६९० बालबालिका रहेको तथ्याङ्कले माध्यमिक तहमा अझै पनि केही बालबालिका विद्यालय बाहिर रहेको संकेत गर्दछ।

शिक्षक व्यवस्थापनको दृष्टिले माध्यमिक तहमा कूल ७१ शिक्षक दरबन्दी रहेको छ, जसमा कक्षा ९–१० का लागि ४४, कक्षा ११–१२ का लागि १९ तथा प्राविधिक धाराका लागि ८ दरबन्दी रहेका छन्। विद्यार्थी–शिक्षक अनुपात समग्र रूपमा करिब २८:१ (लगभग) देखिन्छ, जुन आधारभूत तहको तुलनामा उच्च छ। यसले माध्यमिक तहमा शिक्षकको तुलनामा विद्यार्थी चाप बढी रहेको र विशेषगरी विषयगत शिक्षक अभाव हुन सक्ने संकेत गर्दछ। माध्यमिक तहमा कक्षा ११–१२ मा विद्यार्थी संख्या कक्षा ९–१० भन्दा बढी देखिनु सकारात्मक संकेत हो।

धनकुटा नगरपालिकामा माध्यमिक शिक्षा संरचनागत रूपमा विस्तार भएको, निजी तथा सामुदायिक दुवै क्षेत्र सक्रिय रहेको र विद्यार्थी सहभागिता मध्यम स्तरमा रहेको देखिन्छ। तर विद्यार्थी–शिक्षक अनुपात उच्च हुनु, विषयगत शिक्षक अभावको सम्भावना, तथा १३–१६ वर्ष उमेर समूहका सबै बालबालिका पूर्ण रूपमा समेटिन नसक्नु प्रमुख चुनौतीका रूपमा रहेका छन्। आगामी शिक्षा योजनामा माध्यमिक तहमा शिक्षक दरबन्दी विस्तार, प्राविधिक शिक्षा सुदृढीकरण, कक्षा ९ प्रवेश सुधार तथा विद्यालय बाहिर रहेका किशोर–किशोरीलाई समावेश गर्ने रणनीति आवश्यक देखिन्छ।

धनकुटा नगरपालिकामा माध्यमिक शिक्षा (कक्षा ९–१२) को सूचकगत र आन्तरिक दक्षता विश्लेषण गर्दा धनकुटा नगरपालिकाको माध्यमिक शिक्षा (कक्षा ९–१२) सम्बन्धी सूचकहरूको विश्लेषण गर्दा पहुँच, सहभागिता,

आन्तरिक दक्षता तथा शैक्षिक निरन्तरतामा मिश्रित अवस्था देखिन्छ। विशेषगरी कक्षा ९–१० मा सिकाइ निरन्तरता तुलनात्मक रूपमा राम्रो रहेको छ।

कक्षा ९–१० मा खुद भर्ना दर ८४.९ प्रतिशत र कूल भर्ना दर १२१.८ प्रतिशत रहेको छ। कूल भर्ना दर १०० प्रतिशतभन्दा माथि हुनु उमेरभन्दा बाहिरका विद्यार्थीहरूको सहभागिता रहेको संकेत हो, जसले कक्षा व्यवस्थापन र सिकाइ स्तरमा चुनौती सिर्जना गर्न सक्छ। कक्षा ११–१२ मा भने खुद भर्ना दर ३२.२ प्रतिशत मात्र रहेको छ, जुन अत्यन्त न्यून हो, तर कूल भर्ना दर ६९.९ प्रतिशत पुगेको छ। आन्तरिक दक्षताको दृष्टिले कक्षा ९–१० मा repeaters दर १.१७ प्रतिशत मात्र रहेको छ, जुन न्यून र सकारात्मक पक्ष हो। त्यस्तै dropout दर २.३३ प्रतिशत रहेको छ। promotion दर ९६.५ प्रतिशत हुनु भनेको अधिकांश विद्यार्थी अर्को कक्षामा सफलतापूर्वक उक्लिरहेका छन् भन्ने सकारात्मक संकेत हो। टिकाउपनको दृष्टिले कक्षा १ बाट कक्षा ८ सम्म पुग्ने टिकाउ दर ६७.६ प्रतिशत मात्र रहेको छ।

धनकुटा नगरपालिकामा माध्यमिक शिक्षाको आन्तरिक दक्षता (promotion उच्च, repetition न्यून) राम्रो देखिए पनि पहुँच र निरन्तरता मुख्य चुनौतीका रूपमा रहेका छन्। आगामी शिक्षा योजनामा कक्षा ८–९ सुधार, माध्यमिक तहमा छात्रवृत्ति तथा पहुँच विस्तार, र कक्षा ११–१२ मा भर्ना वृद्धि रणनीतिमा विशेष ध्यान दिन आवश्यक देखिन्छ।

धनकुटा नगरपालिकामा माध्यमिक शिक्षा (कक्षा ९–१२) को सूचकगत तुलनात्मक विश्लेषण (आ.व. २०७७ र २०८२) तुलनात्मक विश्लेषण गर्दा धनकुटा नगरपालिकाको माध्यमिक शिक्षा (कक्षा ९–१२) का प्रमुख सूचकहरूको आ.व. २०७७ र आ.व. २०८२ बीचको तुलनात्मक विश्लेषण गर्दा पहुँच र निरन्तरतामा मिश्रित परिवर्तन देखिन्छ। केही सूचकहरूमा सुधार देखिनु माध्यमिक शिक्षाको सन्तुलित विकासको संकेत हो।

कूल भर्ना दर १२१.८ प्रतिशतबाट १०९.३ प्रतिशतमा झरेको छ, जसले उमेरभन्दा बाहिरका विद्यार्थीको संख्या केही घटेको भए पनि अझै पनि उल्लेखनीय रहेको संकेत गर्दछ। यसले कक्षा ९–१० मा उमेरअनुसार भर्ना व्यवस्थापन सुधार भएको देखाउँछ। कक्षा ११–१२ मा भने उल्लेखनीय सुधार देखिन्छ। खुद भर्ना दर ३२.२ प्रतिशतबाट बढेर ५८.६ प्रतिशत पुगेको छ, जुन माध्यमिक उच्च तहमा पहुँच विस्तार भएको सकारात्मक संकेत हो। त्यस्तै कूल भर्ना दर ६९.९ प्रतिशतबाट बढेर ९५.९ प्रतिशत पुगेको छ, जसले कक्षा ११–१२ मा विद्यार्थी सहभागिता उल्लेखनीय रूपमा वृद्धि भएको देखाउँछ।

समग्र माध्यमिक तह (कक्षा ९–१२) मा खुद भर्ना दर ५८.६ प्रतिशतबाट बढेर ६५.५ प्रतिशत पुगेको छ भने कूल भर्ना दर ८५.४ प्रतिशतबाट १०२.५ प्रतिशत पुगेको छ। यसले माध्यमिक शिक्षामा समग्र पहुँच विस्तार भएको देखाए पनि अझै पनि उमेरअनुसार व्यवस्थापन पूर्ण रूपमा सन्तुलित हुन नसकेको संकेत गर्दछ। धनकुटा नगरपालिकामा माध्यमिक शिक्षाको उच्च तह (कक्षा ११–१२) मा पहुँच सुधार भएको देखिन्छ।

शिक्षाको गुणस्तर सुधारका लागि विद्यालयहरूमा आवश्यक विषयगत शिक्षक दरबन्दीको सुनिश्चितता गरी सक्षम, दक्ष र योग्य जनशक्तिको व्यवस्थापन गर्नुपर्ने आवश्यकता छ। साथै शिक्षकको वृत्ति विकास प्रणालीलाई पारदर्शी, नतिजामुखी तथा विद्यार्थीको सिकाइ उपलब्धिप्रति उत्तरदायी बनाउनु पनि उत्तिकै महत्वपूर्ण छ। वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगलाई ध्यानमा राख्दै शिक्षक तथा विद्यार्थीको डिजिटल पहुँच विस्तार गर्ने, शिक्षकको सूचना प्रविधि सम्बन्धी दक्षता अभिवृद्धि गर्ने तथा शिक्षण–सिकाइ प्रक्रियालाई प्रविधिमैत्री र

प्रभावकारी बनाउने आवश्यकता रहेको छ। यसबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भई गुणस्तरीय शिक्षाको लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

### ३.३.३ उद्देश्यहरू

- धनकुटा नगरपालिकाको माध्यमिक शिक्षाको वर्तमान अवस्था विश्लेषण गरी आवश्यकता-आधारित योजना तथा कार्यक्रम कार्यान्वयन गर्नु।
- माध्यमिक शिक्षामा देखिएका समस्या, चुनौती तथा अवसरहरूको पहिचान गरी प्रभावकारी समाधानका उपाय अवलम्बन गर्नु।
- माध्यमिक तहको शिक्षाको गुणस्तर, सिकाइ उपलब्धि तथा विद्यार्थीको शैक्षिक नतिजामा निरन्तर सुधार गर्नु।
- सबै विद्यार्थीका लागि गुणस्तरीय, सर्वसुलभ, समतामूलक तथा निःशुल्क माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गर्नु।
- विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकालाई विद्यालयमा भर्ना, निरन्तरता र सिकाइमा सहभागी गराई विद्यालय छाड्ने दर न्यूनीकरण गर्नु।
- लक्षित वर्गका विद्यार्थीहरूको समतामूलक पहुँच सुनिश्चित गर्दै नैतिकवान, सीपयुक्त, उद्यमशील तथा प्रतिस्पर्धी जनशक्ति विकास गर्नु।
- माध्यमिक शिक्षालाई उच्च शिक्षा, प्राविधिक शिक्षा तथा रोजगारीका लागि आवश्यक आधारका रूपमा विकास गर्नु।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार र गुणस्तर अभिवृद्धि गरी स्थानीय आवश्यकता तथा श्रम बजारसँग आबद्ध बनाउनु।
- विज्ञान, प्रविधि, इन्जिनियरिङ, गणित तथा कला (STEAM) शिक्षाको प्रवर्द्धन गरी सिर्जनशील र नवप्रवर्तनशील सिकाइ वातावरण विकास गर्नु।
- विशेषगरी गणित, विज्ञान र अङ्ग्रेजी विषयको शिक्षण–सिकाइमा सुधार गरी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु।
- विषयगत आवश्यकता, योग्यता र मापदण्डका आधारमा शिक्षक व्यवस्थापन तथा पेसागत क्षमता अभिवृद्धि गर्नु।
- विद्यालयमा ICT, प्रयोगशाला, पुस्तकालय, खेलकुद तथा सहपाठ्य क्रियाकलापसहितको आधुनिक शैक्षिक वातावरण विकास गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण–सिकाइलाई प्रभावकारी बनाउन शिक्षक तथा कर्मचारीको क्षमता विकास गर्नु।
- विपन्न, अपाङ्गता भएका तथा अन्य सीमान्तकृत समुदायका विद्यार्थीका लागि समावेशी र सहयोगी शैक्षिक व्यवस्था सुनिश्चित गर्नु।

- महामारी, विपद् तथा आपत्कालीन अवस्थासमेत शिक्षालाई निरन्तरता दिन सक्षम उत्थानशील विद्यालय प्रणाली विकास गर्नु।
- योग, नैतिक शिक्षा, संगीत, खेलकुद तथा सहपाठ्य क्रियाकलापमार्फत विद्यार्थीको सर्वाङ्गीण व्यक्तित्व विकासमा योगदान पुर्‍याउनु।
- विद्यालय व्यवस्थापन, सुशासन, उत्तरदायित्व तथा नतिजामुखी कार्यसम्पादन प्रणाली सुदृढ गर्नु।

### ३.३.४ रणनीतिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ:

- संघीय मापदण्ड तथा स्थानीय आवश्यकताका आधारमा विद्यालय नक्साङ्कन गरी विद्यालयहरूको स्थापना, समायोजन तथा पुनर्वितरणमार्फत सबै बालबालिकाको माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गरिनेछ।
- माध्यमिक तहको खुद भर्नादर, टिकाउदर तथा कक्षा पूरा गर्ने दर अभिवृद्धिका लागि प्रोत्साहन, छात्रवृत्ति तथा वैकल्पिक सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ।
- सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण–सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकीकृत गरी प्रविधिमैत्री, व्यवहारिक तथा नतिजामुखी शिक्षा प्रणाली विकास गरिनेछ।
- विषयगत आवश्यकता अनुसार दक्ष शिक्षकको व्यवस्थापन गर्दै शिक्षकको निरन्तर पेसागत विकास, क्षमता अभिवृद्धि तथा उत्प्रेरणा कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयहरूमा बालमैत्री, समावेशी, सुरक्षित तथा प्रविधिमैत्री भौतिक र शैक्षिक वातावरण विकास गरिनेछ।
- माध्यमिक शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय सरकारको लगानी तथा स्रोत परिचालन अभिवृद्धि गरिनेछ।
- शिक्षण–सिकाइको गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन तथा कार्यसम्पादनमा आधारित उत्तरदायित्व प्रणाली कार्यान्वयन गरिनेछ।
- विद्यालयको प्रभावकारी नेतृत्वका लागि सक्षम, उत्तरदायी तथा नतिजामुखी प्रधानाध्यापक व्यवस्थापन प्रणाली सुदृढ गरिनेछ।
- शिक्षक तयारी, पेसागत सहयोग, अनुसन्धान, परामर्श तथा सिकाइ सहजीकरण प्रणालीलाई सुदृढ बनाइनेछ।
- निःशुल्क माध्यमिक शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीति, कार्यविधि तथा कार्यान्वयन संयन्त्र विकास गरिनेछ।
- अङ्ग्रेजी, विज्ञान, गणित तथा अन्य मुख्य विषयहरूको सिकाइ उपलब्धि सुधारका लागि विशेष शैक्षिक सहयोग, स्रोत शिक्षक, प्रयोगात्मक सिकाइ तथा प्रविधिमा आधारित शिक्षणलाई प्रवर्द्धन गरिनेछ।

- विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला तथा गणित (STEAM) शिक्षाको विस्तार तथा प्रभावकारी कार्यान्वयन गरिनेछ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापक, शिक्षक तथा अभिभावकहरूको क्षमता विकास तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयहरूमा कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय, ICT ल्याब, फर्निचर, शौचालय, खानेपानी, इन्टरनेट तथा अन्य न्यूनतम पूर्वाधारको विकास गरिनेछ।
- शिक्षक तथा कर्मचारीको डिजिटल साक्षरता र ICT प्रयोगसम्बन्धी क्षमता अभिवृद्धिका लागि नियमित तालिम, प्राविधिक सहयोग तथा अनुगमन गरिनेछ।
- विपन्न, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका विद्यार्थीका लागि छात्रवृत्ति, शैक्षिक सामग्री, पोसाक तथा आवश्यक सहयोग उपलब्ध गराइनेछ।
- शैक्षिक अवलोकन भ्रमण, विज्ञान प्रदर्शनी, खेलकुद, योग, नैतिक शिक्षा, संगीत तथा सहपाठ्य एवं अतिरिक्त क्रियाकलापलाई नियमित रूपमा सञ्चालन गरिनेछ।
- विद्यालय र समुदायबीचको सहकार्य सुदृढ गर्न अभिभावक सचेतना तथा सहभागिता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।
- महामारी, विपद् तथा अन्य आपत्कालीन अवस्थासमेत शिक्षालाई निरन्तरता दिन वैकल्पिक तथा मिश्रित (Blended) सिकाइ प्रणालीसहित विद्यालयको उत्थानशील क्षमता विकास गरिनेछ।।

### ३.३.५ उपलब्धि तथा प्रमुख नतिजाहरू

**(क)उपलब्धि (Outcomes)**

माध्यमिक शिक्षामा सवैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**(ख) नतिजा (Results)**

१. माध्यमिक तहमा शिक्षण–सिकाइको गुणस्तर तथा विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भई लैङ्गिक, सामाजिक र आर्थिक असमानता न्यूनीकरण भएको हुनेछ।
२. सबै योग्य उमेर समूहका बालबालिकाको निःशुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई खुद भर्नादर, टिकाउदर तथा उत्तीर्ण दरमा उल्लेखनीय वृद्धि भएको हुनेछ।
३. सबै माध्यमिक विद्यालयहरूले न्यूनतम भौतिक, शैक्षिक तथा व्यवस्थापकीय मापदण्ड पूरा गरेका हुनेछन्।
४. विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रभावकारी प्रयोग विस्तार भई प्रविधिमैत्री, नवप्रवर्तनशील तथा प्रभावकारी शिक्षण–सिकाइ प्रणाली विकास भएको हुनेछ।
५. शिक्षक, प्रधानाध्यापक तथा शिक्षा क्षेत्रका जनशक्तिको पेसागत क्षमता अभिवृद्धि भई गुणस्तरीय शिक्षा प्रवाह, सुशासन तथा उत्तरदायी विद्यालय व्यवस्थापन प्रणाली सुदृढ भएको हुनेछ।

६. पाठ्यक्रम, पाठ्यसामग्री, दक्ष तथा उत्प्रेरित शिक्षक, आधुनिक प्रविधि र अनुकूल सिकाइ वातावरणको प्रभावकारी व्यवस्थापनमार्फत माध्यमिक शिक्षाको सान्दर्भिकता, गुणस्तर तथा प्रतिस्पर्धात्मकता अभिवृद्धि भएको हुनेछ।

७. माध्यमिक विद्यालयहरूमा विज्ञान, गणित, अङ्ग्रेजी, प्राविधिक तथा व्यावसायिक शिक्षा, STEAM लगायतका विषयहरूको प्रभावकारी कार्यान्वयन भई विद्यार्थीको ज्ञान, सीप तथा व्यवहारिक दक्षतामा उल्लेखनीय सुधार भएको हुनेछ।

### ३.३.६ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| **क्र.स.** | **प्रमुख क्रियाकलापहरू** | **इकाइ** | **भौतिक लक्ष्य** | | | | | | **बर्षको लक्ष्य** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक नीति तथा कार्यविधि तयारी | पटक | ० | १ | ० | ० | ० | १ | २ | |
| २ | विद्यालयमा सेवाक्षेत्रको सिमाङ्कन गरी हरेक माध्यमिक विद्यालयको सेवाक्षेत्र एकिन गरी नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | ० | १ | ० | ० | १ | २ | |
| ३ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ,कला र गणित शिक्षा जस्ता विषयहरुको व्यवस्थापन | पटक | ० | ० | १ | ० | ० | १ | १ | |
| ४ | माध्यमिक शिक्षामा अंग्रेजी विज्ञान र गणित शिक्षा गुणस्तर वृद्धिका लागि वैकल्पिक व्यवस्था गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | १ | ६ | |
| ५ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | संख्या | ० | १ | ० | ० | ० | १ | २ | |
| ६ | मापदण्ड अनुसार विद्यालयमा आवश्यक विषय शिक्षक व्यवस्था | संख्या | | | | | | | | |
| ७ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी,इन्टरनेट क्षमता विस्तार | पटक | | | | | | | | |
| ८ | नमुना माध्यमिक विद्यालय विस्तार गर्ने | संख्या | ० | ० | ० | १ | ० | ० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकासको लागि एक शिक्षक एक ल्यापटपको व्यवस्था तथा शिक्षक कर्मचारी डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गर्ने। | संख्या | | १ | | | १ | १ | ३ | |
| १० | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकासको तालिम | | | १ | | | १ | १ | ३ | |
| ११ | विद्यालय शिक्षालाई महामारी रोग, प्रकोप, संकट तथा योजना तयारी लगायतका परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | संख्या | | १ | | | १ | १ | ३ | |
| १२ | अपाङ्गता भएका तथा आर्थिक रुपमा विपन्न विद्यार्थीलाई आर्थिक सहयोग | पटक | १ | १ | १ | १ | १ | १ | ६ | |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | पटक | १ | १ | १ | १ | १ | १ | ६ | |
| १४ | सिकाइ सामग्री व्यवस्थापन तथा स्थानीय सामाग्री निर्माण | निरन्त र | १ | १ | १ | १ | १ | १ | ६ | |
| १५ | शिक्षक प्र. अ. वि.व्य.स., शि.अ.स. तथा अभिभावकको क्षमता विकास र अभिमुखीकरण तालिम | प्रतिश त | १ | १ | १ | १ | १ | १ | ६ | |
| १७ | शैक्षिक अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | १ | ६ | |
| १८ | अतिरिक्त/सह-क्रियाकलाप सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | ६ | |
| १९ | विद्यालयगत अभिभावक सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | ६ | |
| २० | ICT ल्याव स्थापना | संख्या | | २ | २ | २ | २ | १२ | २१ | |
| २१ | पुस्तकालय स्थापना | संख्या | १ | १ | १ | १ | १ | १ | ६ | |
| २२ | संगीत तथा वाद्ययन्त्र वितरण | | १ | १ | १ | १ | १ | १ | ६ | |
| २३ | योग शिक्षा तथा नैतिक शिक्षा | जना | १ | १ | १ | १ | १ | १ | ६ | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ परिचय

नेपालको सामाजिक–आर्थिक रूपान्तरण, रोजगारी सिर्जना तथा उत्पादनशील जनशक्ति विकासका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा अत्यन्त महत्वपूर्ण क्षेत्रका रूपमा स्थापित हुँदै गएको छ। परम्परागत शिक्षाले मात्र रोजगारीका लागि आवश्यक सीप विकास गर्न नसकेको सन्दर्भमा सीप, उद्यमशीलता र रोजगारमुखी शिक्षाप्रति आकर्षण बढ्दै गएको छ। त्यसैले प्राविधिक तथा व्यावसायिक शिक्षालाई समयको माग मात्र नभई राष्ट्रिय आवश्यकताका रूपमा लिइएको छ।

राष्ट्रिय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना तथा पाठ्यक्रम प्रारूपले विद्यालय शिक्षामै प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारलाई प्राथमिकता दिएका छन्। विशेषगरी आधारभूत तथा माध्यमिक तहदेखि नै व्यवहारिक, कार्यमूलक र सीपमा आधारित शिक्षालाई प्रवर्द्धन गर्दै विद्यार्थीलाई स्थानीय तथा अन्तर्राष्ट्रिय श्रम बजारका लागि सक्षम बनाउने लक्ष्य लिइएको छ।

नेपाल सरकारको स्वीकृत नीति, ऐन, नियम तथा निर्देशिकाअनुसार सामुदायिक विद्यालयहरूमा पनि प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गरिएको छ। यसअनुसार वि.सं. २०७० साल देखि कक्षा ९ र २०७२ सालदेखि कक्षा ११ मा विभिन्न सामुदायिक विद्यालयहरूमा प्राविधिक धार सञ्चालनमा आएको छ। हाल सिभिल, कम्प्युटर, इलेक्ट्रिकल इन्जिनियरिङ, कृषि तथा पशुविज्ञान लगायत विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन्।

विद्यालय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रभावकारी विस्तारले विद्यार्थीमा व्यवहारिक ज्ञान, प्राविधिक सीप, उद्यमशीलता तथा आत्मनिर्भरता विकास गर्न सहयोग पुर्‍याउनेछ। साथै, दक्ष जनशक्ति उत्पादन, स्थानीय उत्पादन र रोजगारी प्रवर्द्धन, वैदेशिक रोजगारीका लागि प्रतिस्पर्धी जनशक्ति विकास तथा समग्र आर्थिक विकासमा समेत महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ। त्यसैले धनकुटा नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच, गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्नु नगर शिक्षा योजनाको महत्वपूर्ण प्राथमिकताका रूपमा रहनेछ ।

### ३.४.२ वर्तमान अवस्था

भौतिक, शैक्षिक राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा औद्योगिक विकासका लागि योग्य र दक्ष जनशक्तिको जरुरी पर्दछ तसर्थ यस नगरपालिका अन्तर्गत रहेको संघीय अनुदान कार्यक्रम मार्फत श्री त्रिवेणी माध्यमिक विद्यालयमा धनकुटा वि.स. २०७० सालमा प्राविधिक धार कम्प्यूटर इन्जिनियरिङ कक्षा- ९ सञ्चालन भइ क्रमश: २०७० मा कक्षा- १०, २०७१ मा कक्षा- ११ र २०७२ सालमा कक्षा- १२ सञ्चालन भइरहेको छ । आगामी शैक्षिक शत्र देखि कक्षा ११ र १२ हुदै निरन्तर सञ्चालनमा रहदै आएको छ । यस विद्यालयमा प्राविधिक धार अन्तर्गत शैक्षिक सत्र २०८२ मा कक्षा- ९ मा २५ जना , कक्षा- १० मा ३२ जना, कक्षा ११ मा १३ जना र कक्षा- १२ मा १३ जना गरि जम्मा विद्यार्थीको संख्या ८३ मा जना रहेका छन् । त्यसैगरि उत्तरपानी प्राविधिक शिक्षालय उत्तरपानी धनकुटा नगरपालिका वडा नं. १० मा सञ्चालमा रहेको छ । प्राविधिक शिक्षालय उत्तरपानीमा कृषि तथा भेटनरी विषय अध्यापन भइरहेको छ ।

हालसम्म यस नगरपालिकाभित्र रहेका अन्य कुनै पनि विद्यालयमा प्राविधिक तथा व्यवसायिक धारका कक्षाहरु सञ्चालन भएका छैनन् । यसको मुख्य कारण एक पालिका एक प्राविधिक विद्यालय भन्ने नीतिगत व्यवस्था, प्राविधिक दक्ष जनशक्तिको अभाव तथा व्यवस्थित र सुविधाजनक भौतिक व्यवस्थापनको समस्या रहेको देखिन्छ ।

। विद्यार्थीहरुमा पेसा, व्यवसाय र प्रविधिप्रति रुचि जगाएर नरम सिपको विकासमा जोड दिनुपर्ने कुराप्रति भने विद्यालयहरु त्यति सहज भएको देखिदैन । यस्तो अवस्थामा प्राविधिक शिक्षा अध्ययन गरी कक्षा १२ उत्तीर्ण गरेका र माथिल्लो तहको शिक्षामा जान आर्थिक र बौद्धिक क्षमता तथा रुची र चाहनाका कारण असक्षम र अनिच्छुक विद्यार्थीहरु अलमलमा पर्ने गरेको देखिन्छ । त्यस्तै आवश्यकताको आधारमा व्यक्तिहरुका लागि नगरपालिकाले रोजगारमूलक सिप सिक्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यताका साथ विश्वबजारको माग र प्रतिस्पर्धात्मक युग भएको हुदाँ हरेक माध्यमिक विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा उपलव्ध गराउन अपरिहार्य रहेको छ ।

चुनैतीहरु

- प्राविधिक तथा व्यवसायिक धारको कक्षा सञ्चालन गर्न सम्वन्धन र अनुमति लिनमा समस्या देखिएको ।
- भौतिक पूर्वाधार विकास गर्न ।
- प्राविधिक तथा व्यवसायिक धारको जनशक्ति व्यवस्थापन गर्न ।
- प्राविधिक तथा व्यवसायिक शिक्षाको प्रत्याभ ूति दिलाउन ।
- प्राविधिक तथा व्यवसायिक धारको स्थापनाका लागि स्थान तय गर्न
- आर्थिक व्यवस्थापन गर्न ।
- माग र आवश्यकताका आधारमा छोटो अवधिका तालिम सञ्चालन गर्न ।

### ३.४.३ उद्देश्यहरु

- थप प्राविधिक तथा व्यवसायिक विद्यालय स्थापना गर्न संस्थागत विकास तथा सुदृढिकरण गर्न ।
- प्राविधिक तथा व्यवसायिक धार सञ्चालित विद्यालयहरुको संस्थागत तथा पूर्वाधार विकास गर ी दक्ष जनशक्तिको उत्पादन गर्न ।
- शिक्षालाई प्राविधिक तथा रोजगारमुलक रुपमा प्रदान गरी व्यवसायीक तथा आत्मनिर्भर जनशक्ति निर्माण गर्ने ।

### ३.४.४ रणनीतिहरु

- यस न.पा. भित्र स्नात्तक प्राविधिक तथा व्यवसायिक धारको व्यवस्थापन गर्न सम्वन्धित निकायमा पहल गरीनेछ।
- अन्य इच्छुक माध्यमिक विद्यालयहरुलाई प्राविधिक धार सम्बन्धन प्राप्त गर्न सम्बन्धित निकायमा पहल गरीनेछ।

- स्थानीय तह मार्फत प्राविधिक तथा व्यवसायिक  शिक्षा सञ्चालनार्थ आवश्यक राय सल्लाह गरी आवश्यक आर्थिक पहल गरीनेछ।
- प्राविधिक धारको पढाइका लागि अभिप्रेरित गरि पढ्दै कमाउदै गरिने कार्यक्रमहरु सन्चालन गर्ने।
- स्थानीय आवश्यकताको आधारमा व्यक्तिहरुका लागि नगरपालिकाले रोजगारमूलक छोटो अवधिका तालिम सञ्चालन गरिनेछ।

### ३.४. ५ उपलब्धि र नतिजा

उपलब्धि

- सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गर्नै अवसर पाएको हुने।
- दक्ष तथा रोजगार उन्नमुख जनशक्ति तयार भएको हुने।
- आत्मानिर्भर जनशक्ति उत्पादन हुने।

नतिजा

- सुरक्षित र सूचना प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यवसायिक शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।
- यस नगरपालिकामा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन स्थायित्व तथा सुदृढिकरण भएको हुने।
- प्राविधिक तथा व्यवसायिक शिक्षाकोअवसर लाभग्राहिहरुले आफनै स्थानीय तहमा सहज र सरल रुपमा प्राप्त गरेका हुने।
- स्वावलम्बी तथा आत्मनिर्भर जनशक्ति उत्पादन हुनेछ।

### ३.४.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य.

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | प्राविधिक तथा व्यवसायिक सम्बन्धन र अनुमति | पटक | ० | ० | ० | १ | ० | ० | १ | |
| २ | सुरक्षित किसिमको पूर्वाधार विकास तथा निर्माण | संख्या | ० | ० | १ | ० | १ | ० | २ | |
| ३ | प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि विद्यालय सञ्चालन | संख्या | ० | ० | ० | १ | १ | ० | २ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको स्थायित्व तथा सुदृढिकरण | निरन्तर | ० | ० | १ | ० | ० | २ | ३ | |
| ५ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको विद्यालयलाई स्तरोन्नति गर्न | निरन्तर | ० | १ | ० | ० | ० | १ | १ | |
| ६ | रोजगारमूलक छोटा अवधिका तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

औपचारिक शिक्षा प्रणालीभन्दा अलग रुपबाट खास उद्देश्य प्राप्तीका लागि प्रदान गरिने शिक्षा नै अनौपचारिक शिक्षा हो । विद्यालयमा उपस्थित भइ शिक्षा हासिल गर्न नसक्ने व्यक्तिलाइ अनौपचारिक शिक्षा दिने नीतिगत व्यवस्था पाइन्छ । नेपालमा अनौपचारिक शिक्षासम्बन्धी अधारभूत प्रौढ साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा र वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालनमा देखिन्छ । अनौपचारिक शिक्षा कार्यक्रम अन्तरगत १५ देखि ६० वर्ष उमेर समूहका निरक्षर प्रौढहरुलाई लक्षित गरी निरन्तर शिक्षा तह- १ निरन्तर शिक्षा तह -२ कार्यक्रम आ. व २०७२/०७३ देखि निरन्तर सञ्चालन हुँदै आएको छ । अनौपचारिक शिक्षा विशेष गरेर सिक्ने बानीको विकास गर्नका लागि तथा कार्यमूलक साक्षरताको अभिवृद्धि गर्न तथा पढेर सिक्ने बानीको विकास गर्नु पनि महत्त्वपूर्ण रहेको छ । शिक्षा जन्म देखि जीवनपर्यन्त चलिरहने प्रक्रिया हो । यसको अर्थ शिक्षा मानिसको जन्म बाट आरम्भ भई यसको अन्त्य मृत्यु पश्चात मात्र हुने गर्दछ । शिक्षा क्षेत्रमा नयाँ सोचाइ र नयाँ चिन्तनको उजागर गर्नका लागि कुनै विशेष क्षेत्रमा सिप प्राप्त गर्न उत्सुक व्यक्तिहरुका चाहाना परिपूर्ति गर्नका लागि निरन्तर शिक्षा अपरिहार्य रहन्छ । पन्ध्रौ योजना २०७६/०७७-०८१/०८२ मा राखिएको उद्देश्य सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नका लागि अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइ मार्फत बाट सिकेका सिपलाई आयमूलक कार्यक्रम सगँ सम्बद्ध गरी जीवनपर्यन्त शिक्षालाई सुनिश्चित गर्नु रहेको छ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । नेपाल सरकारद्वारा जारी गरिएको अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ को सन्दर्भमा विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ । यसरी सरकारले साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरकारहरूसँग सहकार्य गर्ने अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गर्ने तथा निरक्षर र नवसाक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता स्वयम सेवक परिचालन गर्ने नीति लिएको छ ।

निरक्षर जनताहरुलाई साक्षर बनाउने र नव साक्षरलाई निरन्तर शिक्षा दिने राज्यको दायित्व हो । अर्कोतिर उनीहरुका लागि आयमूलक र कार्यमूलक कार्यक्रम दिनु पनि आवश्यक देखिन्छ । जसलाई सार्थक बनाउनका लागि

सामुदायिक सिकाइ केन्द्रको अवधारणा कार्यान्वयनमा आएको छ । एकातिर संचालनमा रहेका सिकाइ केन्द्रको व्यवस्थापन प्रभावकारी ढंगले हुन सकिरहेको छैन भने साक्षर भएकाहरुपनि निरन्तर शिक्षाको अवसर नपाउदा पुनः निरक्षर बन्नु पर्ने अवस्था टडकारो रुपमा रहेको छ । राज्यले काम दिन नसक्दा र सामुदायिक सिकाइ केन्द्रले काम खोज्न नसक्ने कारणले गर्दा कतिपय सामुदायिक सिकाइ केन्द्रहरु बन्द हुने अवस्थामा छन् ।

### ३.६.२ वर्तमान अवस्था

नेपालको संविधानले शिक्षालाई प्रत्येक नागरिकको मौलिक हकको रूपमा परिभाषित गरेको छ। तथापि, आर्थिक, सामाजिक, भौगोलिक वा व्यक्तिगत कारणहरूले गर्दा सबै नेपाली नागरिक औपचारिक शिक्षामा पहुँच प्राप्त गर्न सकेका छैनन्। यस्तो अवस्थामा वैकल्पिक शैक्षिक कार्यक्रम, अनौपचारिक शिक्षा, खुला सिकाइ र आजीवन सिकाइको प्रणालीले महत्वपूर्ण भूमिका निर्वाह गर्छ। नेपाल सरकारले शिक्षा प्रणालीलाई समावेशी, पहुँचयोग्य र गुणस्तरीय बनाउन "शिक्षा सबैका लागि" र "आजीवन सिकाइ" जस्ता अवधारणालाई राष्ट्रिय प्राथमिकतामा राखेको छ। साथै, वैकल्पिक र अनौपचारिक शिक्षा कार्यक्रमहरू स्थानीय तहमार्फत प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशन दिएको छ ।

धनकुटा नगरपालिका वडा नं. ३ कागतेस्थित भाषा माध्यमिक विद्यालयमा खुला शिक्षा कार्यक्रम सञ्चालनमा रहेको छ। औपचारिक विद्यालय शिक्षामा नियमित रूपमा सहभागी हुन नसकेका तथा विभिन्न कारणले अध्ययनलाई निरन्तरता दिन नसकेका विद्यार्थीहरूलाई लक्षित गरी वि.सं. २०६५ सालदेखि खुला शिक्षा कार्यक्रम सञ्चालन हुँदै आएको छ। यस कार्यक्रममार्फत विशेषगरी कक्षा ८ उत्तीर्ण गरेका बालबालिका तथा युवाहरूलाई माध्यमिक तहको शिक्षा हासिल गर्ने अवसर प्रदान गरिएको छ।

खुला शिक्षा कार्यक्रमले वैकल्पिक शिक्षाको माध्यमबाट विद्यालय शिक्षाको पहुँच विस्तार गर्न महत्वपूर्ण भूमिका खेलेको छ। शैक्षिक वर्ष २०८२ मा खुला शिक्षा अन्तर्गत ४ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए जस मध्ये ३ जना विदर्यार्थीहरु २०८२ सालमा एस.इ.इ. उत्तीर्ण भएका छन्। खुला शिक्षा कार्यक्रमले विद्यालय शिक्षाबाट बाहिरिएका वा नियमित शिक्षामा सहभागी हुन नसकेका विद्यार्थीहरूलाई पुनः शिक्षाको मूलधारमा ल्याउन सहयोग पुऱ्याइरहेको छ। आगामी दिनमा यस्ता कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै विद्यालयबाहिर रहेका किशोर–किशोरी तथा युवाहरूको शिक्षामा पहुँच विस्तार गर्न विशेष ध्यान दिन आवश्यक छ ।

धनकुटा नगरपालिकामा ४ वटा सामुदायिक सिकाइ केन्द्र रहेका छन् । वडा नं. ७ मा त्रिवेणी सामुदायिक सिकाइ केन्द्र, वडा नं.९ मा तमोर सामुदायिक सिकाइ केन्द्र, वडा नं१ मा हिले सामुदायिक सिकाइ केन्द्र र वडा नं. ५ मा सामुदायिक सिकाइ केन्द्र धनपा-५ तल्लोकोप्चे सञ्चालनमा रहेका छन् । स्थानीय तहका सबै वडाहरुमा सामुदायिक सिकाइ केन्द्र खोल्ने सरकारको नीति भए पनि धनकुटा नगरपालिकाका ७ वटा वडाहरू मध्ये ४ वटा वडामा मात्रै सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् । निरन्तर सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रलाई जिम्मेवार बनाउने केन्द्र सरकारको नीति रहेता पनि यस पालिकामा रहेका सामुदायिक सिकाइ केन्द्रहरु आफ्ना नियमित कार्यमा मात्र सिमित रहेका छन् । वैकल्पिक शैक्षिक कार्यक्रम, अनौपचारिक शिक्षा, खुला सिकाइ र आजीवन सिकाइको प्रणाली कार्यान्वयनका लागि साक्षर व्यक्तिहरुलाई निरन्तर शिक्षाको कार्यक्रम दिने, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमलाई समय सापेक्ष प्रविधियूक्त र कार्यमूलक बनाउने, अनौपचारिक शिक्षाका अध्ययन सामग्रीहरु समयसापेक्ष बनाउने, साक्षरता कार्यक्रममा सहभागी भएका व्यक्तिहरुले सिकेको ज्ञान र सीपलाई रोजगारसँग जोडन नसकिनुका साथै सीपको प्रमाणपत्र रोजगारको अवसरसँग नजोडिएको, अनौपचारिक शिक्षा तथा

निरन्तर सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्ने, साक्षर भएका लक्षित समूहबाट साक्षरता सीपको प्रयोग र अभ्यास पूर्ण बनाउने, अनौपचारिक शिक्षा र निरन्तर शिक्षा संचालन गर्ने संस्था र संयन्त्र विकास गरी चलायमान बनाउने, निरक्षरहरुको सङ्ख्या ठूलो भएको स्थानमा मात्र कार्यक्रम सञ्चालन गर्ने परिपाटीमा परिवर्नत ल्याउने , प्रारम्भिक बालविकास शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, निरन्तर सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको अधिकार स्थानीय सरकारलाई हस्तान्तरण भएको छ।

- सामुदायिक सिकाइ केन्द्र सहकार्यमा साक्षरता कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउने अवसर रहेको छ।
- सामुदायिक सिकाइ केन्द्रको सहभागितामा विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा ल्याउन, विद्यालय नियमित गराउन र घरमा पठन पाठनको वातावरण बनाउने अवसर रहेको छ।
- अनौपचारिक शिक्षा र सीप आर्जन गर्ने व्यक्तिलाई संस्थागत विकासमा आवद्ध गरी समुदाय स्तरमा रोजगार र व्यक्तिगत रुपमा स्वरोजगार बनाउने प्रशस्त अवसर रहेको छ।
- अनौपचारिक शिक्षाबाट साक्षरता कक्षा र निरन्तर शिक्षा पूरा गरी सीप आर्जन गर्ने व्यक्तिलाई सीप परीक्षणमा सहभागी गरी प्रमाणपत्र दिन सकिने अवसर रहेको छ।
- अतिरिक्त शिक्षा र व्यक्तिगत रुपमा सीप आर्जन गरेका व्यक्तिलाई साक्षरता र निरन्तर शिक्षाको कार्यक्रममा सहभागी गराई सीप परीक्षण गरी समकक्षता निर्धारण गर्ने अवसर रहेको छ।
- आवश्यकतामा आधारित निरन्तर शिक्षासँग सम्बन्धित ढाँचा तथा सिकाइ सामग्री विकास तथा सोको कार्यान्वयन गर्ने।

### ३.५.३ उद्देश्यहरु

- सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्नु।
- सामुदायिक सिकाइ केन्द्रलाई स्थानीय शैक्षिक सूचना, आजीवन सिकाइ तथा सामुदायिक ज्ञान केन्द्रका रूपमा विकास गर्नु।
- शिक्षाको पहुँचबाट बाहिर रहेका तथा निरक्षर व्यक्तिहरूलाई साक्षर बनाई कार्यात्मक साक्षरता अभिवृद्धि गर्नु।
- अनौपचारिक, निरन्तर तथा आजीवन शिक्षालाई जीवनोपयोगी सीप, उद्यमशीलता तथा आयआर्जनसँग आबद्ध गर्नु।
- महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायका प्रौढहरूको सिकाइ अवसर र जीवनोपयोगी सीप विकासमा अभिवृद्धि गर्नु।
- विद्यालय शिक्षाबाट वञ्चित बालबालिका तथा किशोरकिशोरीलाई वैकल्पिक शिक्षामार्फत औपचारिक तथा खुला शिक्षा प्रणालीमा समावेश गर्नु।
- औपचारिक शिक्षाको अवसर गुमाएका किशोरकिशोरी, महिला तथा प्रौढहरूलाई खुला, वैकल्पिक तथा लचिलो शिक्षा प्रणालीमार्फत पुनः शिक्षाको मूलधारमा ल्याउनु।

- सामुदायिक सिकाइ केन्द्रमार्फत जीवनोपयोगी सीप, डिजिटल साक्षरता, उद्यमशीलता तथा आयमूलक कार्यक्रम सञ्चालन गरी समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरणमा योगदान पुऱ्याउनु।
- विद्यालय, स्थानीय सरकार, समुदाय तथा अन्य सरोकारवालाबीचको सहकार्य सुदृढ गर्दै सामुदायिक सिकाइ केन्द्रलाई विद्यालय शिक्षाको सहयोगी संस्थाका रूपमा विकास गर्नु।
- प्रत्येक वडाको सिकाइ आवश्यकता तथा घरधुरी अवस्थाको अध्ययनका आधारमा समुदायमै आवश्यकतामूलक शिक्षा तथा सीप विकास कार्यक्रम सञ्चालन गर्नु।

### ३.५.४ रणनीतिहरु

- सबैका लागि अनौपचारिक तथा निरन्तर शिक्षाको अवसर सुनिश्चित गराउने।
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरुलाई जीवनोपयोगी सीपको विकास गरी सिकाइमा निरन्तर सहयोग गर्ने।
- विभिन्न कारणले विद्यालयको पहुँच नपुगेका बालबालिकाहरुलाई वैकल्पिक कक्षा मार्फत् सिकाइ गरी, खुल्ला विद्यालय, रात्री विद्यालय वा साधारण विद्यालयको प्रवाहमा समाहित गर्ने।
- प्राथमिक तह पूरा गरी अध्ययन गर्ने मौका नपाएका किशोरकिशोरी, महिलाहरुलाई महिला विद्यालय, खुल्ला विद्यालय, रात्री विद्यालय मार्फत विद्यालयको प्रवाहमा प्रवेश गराउने।
- सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गरी सो केन्द्रमार्फत् जीवनोपयोगी सीप, आयमूलक कार्यक्रम र सीपमूलक कार्यक्रम सञ्चालन गर्ने गराउने।
- सामुदायिक सिकाइ केन्द्रलाई विद्यालय तहको शिक्षा प्रभावकारी बनाउने सहयोगी संस्थाको रुपमा विकास गर्ने।

### ३.५.५ उपलब्धि र नतिजा

(क) उपलब्धि

अनौपचारिक तथा निरन्तर शिक्षाका माध्यमबाट जीवनोपयोगी सीप तथा शिक्षाको अवसर सुनिश्चित हुने।

(ख) नतिजा

- आवश्यकतामा आधारित अनौपचारिक तथा निरन्तर शिक्षाको कार्यक्रम उपलब्धि मूलक हुने।
- सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक सूचना केन्द्रको रुपमा विकास गरी निरन्तर शिक्षामा टेवा पुग्ने।
- अनौपचारिक तथा निरन्तर शिक्षासँग सम्बन्धित ढाँचा तथा सिकाइ सामग्रीहरुको विकास तथा कार्यान्वयन सहजता हुने।
- अनौपचारिक तथा निरन्तर शिक्षाको व्यवस्थापनका लागि आवश्यक संरचना तथा संस्थागत विकास हुने।
- अनौपचारिक शिक्षाका अध्ययन सामग्रीहरु आधुनिक सूचना प्रविधि सँग परिचित तथा समय सान्दर्भिक हुनु।

- निरन्तर शिक्षा प्रवाहका लागि परिभाषित ढाँचा र स्तरीकरणका आधारमा सिकाइ अवसरहरुको सृजना हुने।
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरुलाई जीवनोपयोगी सीपको विकास गरी दैनिक जीवनसँग सम्बन्धित आवश्यकताहरुको परिपूर्तिका लागि मार्ग प्रशस्त हुने ।

### ३.५.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| **क्र.स.** | **प्रमुख क्रियाकलापहरू** | **इकाइ** | **भौतिक लक्ष्य** | | | | | | **जम्मा लक्ष्य** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **५ बर्षको लक्ष्य** | | |
| **१** | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अभिमुखीकरण | केन्द्र | ० | १ | ० | ० | १ | २ | २ | |
| **२** | साक्षररता र निरन्तर शिक्षामा सम्बन्धी कार्यक्रम | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| **३** | विद्यालय शिक्षा भन्दा बाहिर रहेको समूह लाई वैकल्पिक शिक्षाको व्यवस्थापन | | | | | | | | | |
| **४** | सामुदायिक सिकाई केन्द्र सञ्चालन तथा व्यवस्थापन | निरन्तर | | | | | | | | |
| **५** | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास र प्रयोग | पटक | | | १ | | १ | २ | ४ | |
| **६** | परिचालकहरुको क्षमता विकास | पटक | | १ | | | १ | २ | ३ | |
| **७** | सामुदायिक अध्ययन केन्द्रहरू मा सूचना तथा सञ्चार प्रविधि आधारित डिजिटल सामग्री व्यवस्थापन | केन्द्र | | १ | १ | १ | १ | ४ | | |
| **८** | प्रत्येक स्थानीय तहमा एउटा तथा स्थानीय मागका आधारमा वडाहरू सामुदायिक सिकाइ केन्द्र स्थापना/ अध्यावधिक गर्ने | क्रमशः | | | १ | १ | १ | ३ | ३ | |
| **९** | सामुदायिक पुस्तकालयहरूलाई सामुदायिक केन्द्रसँग आवद्ध गर्ने। | पटक | | | | | १ | १ | | |
| **१०** | आजीवन सिकाइका सरोकारवालाहरूको खण्डीकृत तथ्याङ्कको डाटावेस तयार गर्ने। | पटक | | | | १ | | १ | १ | |

## परिच्छेद ४ : अन्तर सम्बन्धित क्षेत्रहरू

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१ परिचय

शिक्षा ज्ञान, सीप, मूल्य–मान्यता र अनुभवलाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्ने प्रक्रिया हो। यस प्रक्रियालाई प्रभावकारी र उद्देश्यपरक बनाउन पाठ्यक्रमले मार्गदर्शन गर्ने प्रमुख आधारको भूमिका निर्वाह गर्दछ। पाठ्यक्रमले बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक ज्ञान, सीप, मूल्य, सिकाइ अनुभव, शिक्षण–सिकाइ प्रक्रिया तथा मूल्याङ्कन प्रणालीलाई समेट्छ। यसले के सिकाउने मात्र होइन, विद्यार्थीले अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको सुनिश्चित गर्दै आवश्यक पृष्ठपोषण र सुधारका उपायसमेत निर्देशित गर्दछ।

पाठ्यक्रम बालबालिकाको आवश्यकता, रुचि, क्षमता तथा समाजको बदलिँदो आवश्यकता अनुरूप हुनुपर्छ। यसले व्यक्तिलाई समाज तथा विश्व परिवेशसँग अनुकूल हुन, रोजगारी, उद्यमशीलता, पेसा–व्यवसाय र उत्पादनशील जीवनका लागि आवश्यक ज्ञान, सीप र दक्षता विकास गर्न सक्षम बनाउने अपेक्षा गरिन्छ।

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरूको प्राप्ति भए–नभएको परीक्षण गर्ने प्रक्रिया नै मूल्याङ्कन हो। शिक्षण–सिकाइ र मूल्याङ्कन प्रक्रिया विद्यार्थीमा अपेक्षित ज्ञान, सीप, अभिवृत्ति तथा सक्षमताको विकासमा केन्द्रित हुनुपर्छ। त्यसैले मूल्याङ्कनलाई सिकाइ सुधारको आधारका रूपमा प्रयोग गर्दै निरन्तर पृष्ठपोषण र सुधारात्मक उपायहरू अवलम्बन गरिनु आवश्यक छ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग ले संघीय शासन प्रणालीअनुकूल विद्यालय शिक्षाको पाठ्यक्रम पुनर्संरचनाको आवश्यकता औँल्याएको छ। त्यसैगरी राष्ट्रिय पाठ्यक्रम प्रारूप ले कक्षा १–३ मा एकीकृत पाठ्यक्रम र कक्षा १२ सम्म एकल–पथीय पाठ्यक्रमको व्यवस्था गर्दै विद्यालय शिक्षामा नीतिगत तथा संरचनागत सुधारको मार्गनिर्देशन गरेको छ।

यस सन्दर्भमा पाठ्यक्रमलाई समयसापेक्ष, जीवनोपयोगी, प्रविधिमैत्री, सीपमुखी तथा स्थानीय आवश्यकतासँग जोडिएको गतिशील दस्तावेजका रूपमा विकास गर्दै प्रभावकारी शिक्षण–सिकाइ र नतिजामुखी मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्नु धनकुटा नगरपालिकाको शैक्षिक विकासका लागि आवश्यक देखिन्छ।

#### ४.१.२ वर्तमान अवस्था

धनकुटा नगरपलिकामा जम्मा ३१ सामुदायिक विद्यालयहरु रहेका छन् भने १६ वटा संस्थागत विद्यालयहरु रहेका छ। त्यस्तै गरेर ५० वटा बालविकास केन्द्रहरु रहेका छन्। ती विद्यालयहरु मध्ये एक प्रविधिक धार संचालन भएको विद्यालय रहेको छ। यस पालिकाभित्र सामुदायिक र संस्थागत विद्यालयहरुमा जम्मा  विद्यार्थीहरु अध्ययनरत छन्। नगरपालिका भित्रका १६ वटा संस्थागत विद्यालयहरुले आ आफ्नै तरिकाले निजी क्षेत्रबाट प्रकाशित- पाठ्यपुस्तकहरुको पठनपाठन गराईरहेको छ भने सामुदायिक विद्यालयहरुमा पाठ्यक्रम विकास केन्द्रले तय गरेको पाठ्यपुस्तक पठनपाठन भईरहेको छ। यस पालिका भित्र वर्तमान परिस्थितिमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयनमा रहेको छ जस अन्तर्गत  शैक्षिक वर्ष २०७७ देखि १ र ११ मा नयाँ पाठ्यक्रम अनुरुप अध्ययन अध्यापन कार्य शुरु गरी सबै कक्षामा कार्यान्वयन भएको छ।  केहि सामुदायिक विद्यालयहरुले केहि

तल्लो कक्षा र केही विद्यालयले अंग्रेजी माध्यममा अध्ययन अध्यापन गराईरहेका छन। सामुदायिक विद्यालयहरुको आधारभूत तह तर्फ स्थानीय पाठ्यक्रम लागू गर्नुपर्ने कार्यविधि अनुसार यस पालिकाले पनि कक्षा १ देखी ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा रहेको छ भने पाठ्यपुस्तक प्रकाशन तयारीको क्रममा रहेको छ। यसै गरेर पालिका र शिक्षा विकास तथा समन्वय इकाइद्वारा पनि बेला बेलामा सामुदायिक विद्यालयका शिक्षकहरुलाई पेसागत क्षमता विकास सम्बन्धी विभिन्न गोष्ठी र तालिमहरु गराई शिक्षण सिकाइमा सुधारको प्रयास गरीएको छ तापनि परिवर्तित समय र परिस्थिती अनुरुप शिक्षण सिकाइ कार्यको प्रभावकारिता र शिक्षकको तयारी, विकास, कार्यकुशलता र उत्प्रेरण, सिकेको कुरा कक्षाकोठामा प्रयोग, पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका पक्षमा सुधारको जरुरी देखिन्छ।

पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तक तथा सन्दर्भ सामाग्रीहरुको विद्युतीय प्रति तयार गरी वेवसाइटमा राखेको छ। सहज अवस्थामा मुद्रित पाठ्यपुस्तक तथा पाठ्यसामाग्रीको पहुँचमा खासै समस्या नदेखिए तापनि विभिन्न किसिमको महामारी र विपदको वेलामा विभिन्न विधि र माध्यममा पाठ्यसामाग्रीको पहुँचमा वृद्धि गर्नुपर्ने अवस्था कोभिड १९ को प्रभावले सिकाइमा भएको अवरोध तथा सिकाइ सामाग्रीको अपर्याप्तता देखाएको छ। सधैँ आमनेसामने विधिमा मात्र भर नपरी शिक्षण तथा मूल्याङ्कनका क्रममा पनि वैकल्पिक विधि र माध्यम आवश्यकता जरुरी देखिन आउँछ।

नेपालमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को कार्यान्वयन गर्ने सन्दर्भमा देशभरका विद्यालयहरुमा शैक्षिक वर्ष २०७७ देखि नयाँ पाठ्यक्रम लागू भई सोहि अनुरुपको हाल कक्षा १ देखि कक्षा १२ सम्म अध्ययन अध्यापनको कार्य भईरहेको छ। प्रत्येक सामुदायिक विद्यालयका सम्पूर्ण विद्यार्थीहरुले कक्षा १० सम्म निःशुल्क पाठ्यपुस्तक प्राप्त गर्नु , अपाङ्गता, दलित तथा छात्रा छात्रवृत्तिको व्यवस्था गरीनु, पालिका भित्रका बाल शिक्षकहरुले तालिम प्राप्त गर्नु, स्थानीय तह र प्रदेश सरकारले विज्ञान प्रयोगशाला र ICT LAB को व्यवस्थापनमा सहयोग गर्नु, परिस्थिति अनुकुल वर्तमान समयमा संस्थागत तथा सामुदायिक विद्यालयहरुमा वैकल्पिक विधिको प्रयोगद्वारा अनलाईन परिक्षा संचालन, Online Class, Messenger Group द्वारा वैकल्पिक कक्षा सञ्चालन हुनु , कतिपय विद्यालयहरुमा आफ्नै वेवसाईट हुनु , कक्षा १ देखि कक्षा ८ सम्म ५० प्रतिशत र कक्षा ९-१० मा २५ प्रतिशत आन्तरिक मूल्याङ्कन लागू हुनु , सशर्त अनुदान अन्तर्गत पालिकाद्वारा प्रत्येक सामुदायिक विद्यालयहरुमा बुक कर्नरका लागि रकम निकासा हुनु लगायतका गतिविधि र कार्यक्रमहरुले यस क्षेत्रका सुधारको अवसर अनुभ ूत गराउँछ। यस पक्षको चुनौतिको रुपमा शिक्षण सिकाइ कार्यको प्रभावकारिता, शिक्षकको तयारी , शिक्षण सिकाइ उद्देश्य प्राप्तिका लागि शैक्षिक सामाग्रीको निर्माण र प्रयोग , समय व्यवस्थापन , विद्यार्थीहरुको नियमितता , कक्षाकोठा व्यवस्थापन, पाठ्यक्रमले निर्देशित गरे अनुसार मुल्याङ्कन व्यवस्थित नहुनु, ग्रामिण भेगका विद्यार्थीहरुको विद्यालय उपस्थितिमा नियमितता नहुनु, ग्रामिण भेगका बालबालिकाहरुको पाठ्यपुस्तक उपलब्धतामा ढिलाई हुनु, विद्यालयमा प्रर्याप्त तहगत पाठ्यक्रम र शिक्षक निर्देशिकाको अभाव हुनु आदि रहेका छन्।

### ४.१.३ उद्देश्य

यस योजनाले पालिका भित्र पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धी निम्न लिखित उद्देश्यहरु राखेको छः

- पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक र प्रभावकारी रूपमा कार्यान्वयन गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु।

- स्थानीय आवश्यकता, संस्कृती, भाषा तथा परिवेशअनुसार स्थानीय पाठ्यक्रमको विकास र प्रभावकारी कार्यान्वयन गर्नु।
- सिकाइलाई दैनिक जीवन, स्थानीय सन्दर्भ तथा अन्तरविषयक अवधारणासँग आबद्ध गर्दै व्यवहारमुखी शिक्षण–सिकाइ प्रवर्द्धन गर्नु।
- पाठ्यक्रममा आधारित शिक्षण–सिकाइमार्फत विद्यार्थीमा ज्ञान, सीप, सकारात्मक व्यवहार तथा जीवनोपयोगी दक्षताको विकास गर्नु।
- पाठ्यक्रमलाई व्यवहारिक, सीपमूलक, प्रविधिमैत्री तथा जीवनोपयोगी बनाउँदै प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।
- शिक्षकहरूको पाठ्यक्रम, शिक्षण–सिकाइ तथा विद्यार्थी मूल्याङ्कनसम्बन्धी क्षमता अभिवृद्धिका लागि नियमित अभिमुखीकरण र तालिम सञ्चालन गर्नु।
- शिक्षण–सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग गरी प्रविधिमैत्री, दक्ष र सक्षम जनशक्ति विकास गर्नु।

### ४.१.४ रणनीतिहरू

उल्लेखित उद्देश्यहरु हासिल गर्नका लागि निम्न रणनितिहरु अवलम्बन गरीनेछः

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन तथा उद्देश्य प्राप्ति सुनिश्चित गर्न विद्यालयस्तरमा नियमित अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण गरिनेछ।
- स्थानीय परिवेश, संस्कृति, भाषा, भौगोलिक अवस्था तथा समुदायका आवश्यकतालाई समेट्दै पाठ्यक्रममा आधारित शिक्षण–सिकाइ सञ्चालन गरिनेछ।
- शिक्षण–सिकाइ प्रक्रियालाई जीवनोपयोगी, व्यवहारमुखी तथा सीपमूलक बनाउँदै विद्यार्थीमा ज्ञान, सीप, मानव मूल्य र सकारात्मक व्यवहारको विकास गरिनेछ।
- स्थानीय आवश्यकता र सम्भावनाअनुसार परियोजना कार्य, अनुसन्धान, नवप्रवर्तन तथा सीपमूलक सिकाइ गतिविधिहरू सञ्चालन गरिनेछ।
- सबै आधारभूत तथा माध्यमिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच र प्रभावकारी उपयोग विस्तार गरिनेछ।
- सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको प्रविधिमैत्री नेतृत्व विकासका लागि आवश्यक डिजिटल उपकरणको व्यवस्था गरिनेछ।
- सामुदायिक तथा संस्थागत विद्यालयबीच असल अभ्यास, अनुभव र शैक्षिक नवप्रवर्तनको आदानप्रदानलाई प्रोत्साहन गरिनेछ।
- कार्यसम्पादन, सिकाइ उपलब्धि तथा नवप्रवर्तनका आधारमा उत्कृष्ट विद्यालय, शिक्षक तथा प्रधानाध्यापकलाई प्रोत्साहन, सम्मान तथा पुरस्कार प्रदान गरिनेछ।
- सबै तहका शिक्षकहरूलाई पाठ्यक्रम, शिक्षण–सिकाइ विधि, विद्यार्थी मूल्याङ्कन तथा प्रविधि प्रयोगसम्बन्धी नियमित अभिमुखीकरण र क्षमता विकास तालिम सञ्चालन गरिनेछ।
- प्रारम्भिक कक्षामा बालमैत्री, समावेशी तथा गतिविधिमा आधारित शैक्षिक सामग्रीको पर्याप्त व्यवस्था गरिनेछ।

- अपाङ्गता भएका तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि उपयुक्त सिकाइ सामग्री, सहायक उपकरण तथा समावेशी शिक्षण पद्धति कार्यान्वयन गरिनेछ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन तथा आन्तरिक मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी सिकाइ सुधारमा उपयोग गरिनेछ।
- राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा प्रचलित मापदण्डअनुसार स्थानीय तहमा पाठ्यक्रम कार्यान्वयन, अनुगमन र व्यवस्थापन प्रणालीलाई सुदृढ बनाइनेछ।
- महामारी, विपद् तथा अन्य आपत्कालीन अवस्थाका समयमा पनि सिकाइ निरन्तरता सुनिश्चित गर्न वैकल्पिक सिकाइ प्रणाली, गृह–विद्यालय कार्यक्रम तथा मिश्रित (Blended) सिकाइ पद्धति कार्यान्वयन गरिनेछ।
- स्थानीय स्रोत–साधन, रेडियो, अनलाइन माध्यम तथा डिजिटल प्लेटफर्मको उपयोग गरी सिकाइ सामग्री उत्पादन, प्रसारण तथा वितरण गरिनेछ।
- विद्यार्थीका लागि स्थानीय सन्दर्भमा आधारित शैक्षिक तथा सन्दर्भ सामग्री विकास गरी विद्यालयहरूमा उपलब्ध गराइनेछ।
- वडा तथा पालिका स्तरमा पढाइ मेला, सिकाइ महोत्सव, शैक्षिक प्रदर्शनी, प्रतियोगिता तथा अन्तरविद्यालयीय सिकाइ आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयमा सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीलाई थप शैक्षिक सहयोग प्रदान गरिनेछ।
- अतिरिक्त तथा सह–पाठ्यक्रियाकलाप, शैक्षिक भ्रमण, नवप्रवर्तन प्रदर्शनी तथा सिर्जनात्मक कार्यक्रम सञ्चालनका लागि आवश्यक स्रोत व्यवस्थापन गरिनेछ।
- आधारभूत तथा माध्यमिक तहका परीक्षालाई मापदण्डअनुसार व्यवस्थित, मर्यादित, निष्पक्ष र विश्वसनीय बनाउन पालिका स्तरबाट समन्वय, अनुगमन तथा सहजीकरण गरिनेछ।
- परीक्षा सञ्चालन तथा अनुगमन प्रक्रियामा अभिभावक, विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधि तथा अन्य सरोकारवालाको सहभागिता सुनिश्चित गरिनेछ।
- प्रत्येक विद्यालयमा तहगत शैक्षिक संयोजनको व्यवस्था गरी सबै शिक्षकबाट वार्षिक शिक्षण तथा सिकाइ सुधार योजना तयार गराई कार्यसम्पादन र सिकाइ उपलब्धिप्रति जवाफदेही बनाइनेछ ।

### ४.१.५ उपलब्धि तथा प्रमुख नतिजा

(क) उपलब्धि

- पालिका भित्रका विद्यालयहरुमा विद्यालय तहको पाठ्यक्रम तथा मूल्याङ्कन प्रणाली प्रभावकारी र शैक्षिक गुणस्तर कायम भई दैनिक जीवनका लागि आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, प्रविधिमैत्री सिप भएको, सिकाइप्रति प्रतिवद्ध रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग मिल्ने ।

(ख) प्रमुख नतिजा

- पालिका भित्रका विद्यालयहरुमा पाठ्यक्रम र मूल्याङ्कन सुधार सहित कार्यान्वयन हुने ।
- राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार पालिका भित्रका सबै विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयनमा आउने ।
- सबै विद्यालयहरुमा एकीकृत पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रमको विकास र समायोजन गरी कार्यान्वयन हुने ।
- प्रारम्भिक बालविकास देखि कक्षा ३ सम्म स्थानीय परिवेश अनुसारको स्थानीय भाषा, बहुभाषा वा मातृभाषाको प्रयोग गरी सिक्षण सिकाइ गरीने ।
- विद्यालय स्तरीय वार्षिक परीक्षामा एकरुपता आउने साथै अभिभावकहरुको सहभागीता भई मूल्याङ्कन र सञ्चालनमा सुधार हुने ।
- पाठ्यसामाग्रीहरु अपाङ्गता मैत्री,बालमैत्री ,स्थानीय परिवेश अनुसार सान्दर्भिक र प्रभावकारी हुने ।
- पाठ्यक्रमको कार्यान्वयन विद्यार्थीको सिकाइमा आधारित भई उत्तरदायित्वको वहन हुने ।
- पाठ्यक्रमले राखेको उद्देश्य अनुरुप दक्ष प्रविधिमैत्री सिपयुक्त जनशक्ती उत्पादन हुने ।

### ४.१.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | जम्मा लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ५ वर्षको लक्षय | | |
| १ | कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्रीको विकास प्रवोधिकण , प्रयोग र प्रभावकारी कार्यान्वयन | नियमित | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | नयाँ पाठ्यक्रममा आधारित शिक्षक तालिम तथा सहायता प्रणाली मार्फत् शिक्षकको क्षमता विकास गर्ने | पटक | १ | ० | १ | ० | १ | ३ | ३ | |
| ४ | आवश्यकताका आधारमा विषयगत प्रयोगशाला, | विद्यालय | ० | १ | ० | १ | १ | ३ | ३ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | कक्षा १-८ स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण , विकास र कार्यान्वयन | पटक | १ | १ | १ | ० | ० | ० | ३ | |
| ६ | सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल सामग्री प्रयोग | विद्यालय | ० | १ | ० | १ | १ | ३ | ३ | |
| ७ | निरन्तर विद्यार्थी मुल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | एकीकृत पाठ्यक्रमको प्रवोधिकरण र प्रयोग | पटक | १ | ० | ० | ० | ० | १ | १ | |
| ९ | मूल्याङ्कन प्रणालीमा सुधार ल्याउन सबै कक्षाको पालिका स्तरीय वार्षिक परिक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यालय तहको मूल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजिकरण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

नेपालको संविधान २०७२ ले सबै नागरिकहरूलाई आधारभूत शिक्षा (प्रारम्भिक बाल विकासदेखि कक्षा ८ सम्म) लाई अनिवार्य र निःशुल्क तथा माध्यमिक तह (कक्षा ९–१२) सम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको रुपमा व्यवस्था गरेको छ । त्यस्तै गरी अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हकको व्यवस्था गरेको छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक तथा व्यवसायिक सीपमूलक, रोजगारमूलक तथा जनमुखी बनाउने विषय संविधानमा उल्लेख गरिएको छ । नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था नेपालको संविधानले गरेको छ ।

गुणस्तरीय शिक्षाको प्रमुख आधार दक्ष, सक्षम, उत्प्रेरित र उत्तरदायी शिक्षक हुन्। शिक्षण–सिकाइमा नवप्रवर्तन, अनुसन्धान, सहकार्य तथा सूचना प्रविधिको प्रभावकारी प्रयोगलाई प्रवर्द्धन गर्न शिक्षकहरूको पेसागत क्षमता निरन्तर विकास गर्नु आवश्यक हुन्छ। छलफल, अन्तरक्रिया, तालिम, गोष्ठी, कार्यमूलक अनुसन्धान, सहकर्मी सिकाइ तथा पेसागत सञ्जालमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउँदा शिक्षण–सिकाइ प्रक्रिया थप प्रभावकारी, विद्यार्थीकेन्द्रित र नतिजामुखी बन्न सक्छ। साथै, शिक्षकको उच्च अभिप्रेरणा, मनोबल र उत्तरदायित्वले विद्यार्थीको सिकाइ उपलब्धिमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्दछ।

शिक्षा नीति, २०७६ ले शैक्षिक सुशासन सुदृढ गर्न शिक्षक तथा शिक्षा क्षेत्रका जनशक्तिको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता, जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धिमा विशेष जोड दिएको छ। त्यस्तै, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५ ले शिक्षाको गुणस्तर शिक्षकको गुणस्तरसँग प्रत्यक्ष सम्बन्धित रहेको उल्लेख गर्दै शिक्षक तयारी, छनोट, पेसागत विकास, कार्यसम्पादन मूल्याङ्कन, उत्प्रेरणा, व्यवस्थापन तथा सूचना प्रविधिमा आधारित पेसागत विकास प्रणालीलाई सुदृढ बनाउनुपर्ने आवश्यकता औँल्याएको छ।

संघीय शासन प्रणाली कार्यान्वयनसँगै विद्यालय शिक्षा संरचनामा भएको परिवर्तनअनुसार प्रारम्भिक बालविकासदेखि कक्षा ८ सम्म आधारभूत शिक्षा र कक्षा ९–१२ सम्म माध्यमिक शिक्षाको व्यवस्था लागू भएको छ। यस परिवर्तित सन्दर्भमा शिक्षक दरबन्दी, विषयगत आवश्यकता तथा विद्यालयको विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक व्यवस्थापनलाई थप व्यवस्थित, समतामूलक र प्रभावकारी बनाउनु आवश्यक भएको छ। साथै, उपलब्ध स्रोत–साधनको न्यायोचित वितरण, शिक्षक दरबन्दीको पुनरावलोकन तथा आवश्यकताअनुसार पुनर्वितरण गर्दै शिक्षक व्यवस्थापनलाई नतिजामुखी बनाउने आवश्यकता रहेको छ।

यसै सन्दर्भमा धनकुटा नगरपालिकाले शिक्षक व्यवस्थापन तथा पेसागत विकासलाई सुदृढ बनाउन शिक्षकको क्षमता अभिवृद्धि, कार्यसम्पादनमा आधारित व्यवस्थापन, सूचना प्रविधिमा आधारित पेसागत विकास, विषयगत दक्षता अभिवृद्धि तथा शिक्षक दरबन्दीको वैज्ञानिक व्यवस्थापनलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्ने नीति अवलम्बन गर्नेछ।

### ४.२.२ वर्तमान अवस्था

विद्यालयमा विद्यार्थी ल्याउने, टिकाउने, सिकाउने र राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा उपलब्ध अवसरहरूलाई सजिलोसँग लिन सक्ने (बिक्न सक्ने) बनाउने हाम्रो शिक्षा पद्धतिको उद्देश्य रहेको पाइन्छ । मूलरुपमा शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षण पेशामा सक्षम शिक्षक भित्र्याउने, टिकाउने, क्रियाशील तुल्याउने र आफ्नो पेशा र कामको जिम्मेवारीप्रति जवाफदेही बनाउने योजनाका साथ विद्यालयहरूमा शिक्षक दरबन्दी कायम हुनु आजको आवश्यकता हो । धनकुटा नगरपालिकाको तहगत रुपले वर्तमान अवस्थाको स्वीकृत शिक्षक दरबन्दीको अवस्था निम्न अनुसार रहेको छ ।

धनकुटा नगरपालिकाको विद्यालय शिक्षामा शिक्षक व्यवस्थापनको वर्तमान अवस्था हेर्दा कुल ३३८ शिक्षक दरबन्दी रहेको देखिन्छ, जसअन्तर्गत स्थायी, करार, राहत, अनुदान (F.T. Grant) तथा अन्य प्रकारका शिक्षकहरूको मिश्रित संरचना रहेको छ। यस संरचनाले शिक्षण प्रणाली सञ्चालनमा आवश्यक जनशक्ति उपलब्ध गराए पनि स्थायित्व, पेशागत विकास र दीर्घकालीन व्यवस्थापनका दृष्टिले केही चुनौतीहरू पनि देखिन्छन्।

प्रारम्भिक बाल विकास (ECD) तहमा स्थायी दरबन्दी नभई पूर्ण रूपमा करार शिक्षक (४८ जना) मा निर्भर रहेको अवस्था छ। यसले ECD तहमा शिक्षक व्यवस्थापन अस्थायी प्रकृतिको रहेको र सेवा स्थायित्व तथा क्षमता विकासमा दीर्घकालीन योजना आवश्यक रहेको संकेत गर्दछ। आधारभूत तह (कक्षा १–५) मा भने १३० स्थायी शिक्षक सहित केही करार तथा राहत शिक्षक कार्यरत छन्। यस तहमा स्थायी दरबन्दीको उपस्थिति तुलनात्मक रूपमा सुदृढ भए पनि राहत र अन्य अस्थायी व्यवस्थापनमा निर्भरता अझै कायम छ। यसले शिक्षक व्यवस्थापनमा स्थायित्व कायम गर्दै दक्षता अभिवृद्धि गर्नुपर्ने आवश्यकता देखाउँछ। आधारभूत तह (कक्षा ६–८) मा स्थायी (३६), राहत (१९) तथा अनुदान (F.T. Grant) शिक्षकको उल्लेखनीय उपस्थिति रहेको छ। यसले शिक्षण–सिकाइ

सञ्चालनमा लचिलोपन प्रदान गरे पनि अस्थायी प्रकृतिका शिक्षकमा उच्च निर्भरता रहेको देखिन्छ, जसले गुणस्तरीय शिक्षाको निरन्तरतामा असर पार्न सक्छ। माध्यमिक तह (कक्षा ९–१०) मा २८ स्थायी शिक्षकसँगै राहत र अनुदान शिक्षकहरूको सहयोगमा शिक्षण सञ्चालन भइरहेको छ। तर कक्षा ११–१२ मा स्थायी दरबन्दीको अभाव रही करार शिक्षकमा मात्र भर पर्नुपर्ने अवस्था रहेको छ, जसले यस तहको शिक्षण व्यवस्थापनलाई अस्थिर बनाएको देखिन्छ। प्राविधिक शिक्षामा पनि स्थायी दरबन्दी नभई सीमित करार तथा राहत शिक्षकमा आधारित व्यवस्था रहेको छ, जसले प्राविधिक शिक्षा विकासलाई सीमित बनाएको छ।

शिक्षक विकासका दृष्टिले नियमित तालिम, पेसागत क्षमता अभिवृद्धि कार्यक्रम तथा कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणाली अझ सुदृढ बनाउन आवश्यक देखिन्छ। विशेषगरी ECD, माध्यमिक (११–१२) र प्राविधिक शिक्षामा स्थायी दरबन्दी विस्तार, रिक्त पद पूर्ति र विषयगत शिक्षक व्यवस्थापनलाई प्राथमिकता दिँदा शिक्षण–सिकाइको गुणस्तर र स्थायित्व सुनिश्चित गर्न सकिन्छ।

धार्मिक विद्यालयमा १ जना शिक्षक रहेको देखिन्छ। यस तहमा तुलनात्मक रूपमा स्थायी दरबन्दी बलियो भए पनि राहत र अन्य अस्थायी व्यवस्थापनमा निर्भरता रहेको छ। प्राविधिक धार (कक्षा ९–१२) मा पनि स्थायी दरबन्दी शून्य रहेको र करार तथा राहत प्रकृतिका सीमित शिक्षकहरू (प्रत्येक तहमा ४–४ करार शिक्षक) कार्यरत रहेको देखिन्छ। यसले प्राविधिक शिक्षामा जनशक्ति व्यवस्थापन अझ कमजोर रहेको छ।

धनकुटा नगरपालिकामा शिक्षक संरचना हेर्दा स्थायी दरबन्दी केही तहमा पर्याप्त भए पनि करार, राहत र अनुदान शिक्षकमा उच्च निर्भरता रहेको देखिन्छ। विशेषगरी ECD, माध्यमिक (११–१२) र प्राविधिक शिक्षामा स्थायी दरबन्दीको कमीले सेवा निरन्तरता, गुणस्तर र पेसागत स्थायित्वमा चुनौती सिर्जना गर्न सक्छ। आगामी शिक्षा योजनामा दरबन्दी पुनर्संरचना, रिक्त पद पूर्ति, तथा स्थायी जनशक्ति व्यवस्थापनलाई प्राथमिकता दिन आवश्यक देखिन्छ। समग्र रूपमा हेर्दा धनकुटा नगरपालिकामा शिक्षक व्यवस्थापन संरचनागत रूपमा स्थापित भए पनि स्थायी दरबन्दी र अस्थायी जनशक्तिबीच असन्तुलन देखिन्छ। करार, राहत र अनुदान शिक्षकमा उच्च निर्भरता रहेकोले शिक्षकको पेसागत स्थायित्व, उत्प्रेरणा र दीर्घकालीन क्षमता विकासमा चुनौती सिर्जना भएको छ।

### ४.२.३ उद्देश्य

- शिक्षक पेसागत विकासलाई आवश्यकतामा आधारित र नतिजामुखी बनाइ शिक्षकको दक्षता र उत्प्रेरणामा सुधार गर्नु ,
- विद्यालय सुपरिवेक्षण प्रणालीलाई आपूर्तिमा आधारित नभएर मागमा आधारित बनाउनु ।
- कार्यरत शिक्षकको सक्षमता परीक्षण गर्ने व्यवस्था गरी पेसागत सक्षमता , कार्यसम्पादन स्तर र अनुभवलाई वृत्ति विकाससँग  आवद्धता गर्नु ।
- सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्था गर्नु ।
- विद्यालय सुपरिवेक्षण प्रणाली तथा शिक्षक पेसागत सहयोग प्रणालीलाइ मागमा आधारित बनाइ शिक्षकहरूको गुणस्तर तथा सक्षमतामा सुधार गर्नु ।
- विद्यालयको प्रशासनिक, व्यवस्थापकीय तथा शैक्षिक सुधारका लागि सहभागितामूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम राख्ने ।

- प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समीतिलाई विद्यालयको समग्र पक्षको अनुगमन र सुपरिवेक्षणमा जिम्मेवार बनाइ स्थानीय तहले समन्वय र सहजीकरण गर्नु ।
- शिक्षकको पेसागत विकास तथा निरन्तर पेसागत सहायोगका लागि प्रणाली स्थापना गर्नु
- विद्यालय सुपरिवेक्षण, शिक्षक पेशागत सहयोग, कोचिङ मेन्टोरीङ प्रणालीलाइ व्यवस्थित गर्नु।

### ४.२.४ रणनीति

- विज्ञ समुह निर्माण गरि शिक्षक पेशागतका लागि कक्षा अनुगमन तथा स्थलगत सहयोग गर्ने ।
- विद्यालयमा तहगत तथा कक्षा शिक्षकको पहुँचमा सुधार  गर्ने,
- शिक्षक सक्षमता अभिवृद्धि गरी विद्यालय शिक्षाको गुणस्तरमा  सुधार गर्ने,
- विद्यालय सुपरिवेक्षण प्रक्रियालाई प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समीतिमा आधारित बनाउन जोड दिने,
- विद्यालय सुपरिवेक्षण, शिक्षक पेशागत सहयोग का लागि विषय विज्ञको समुह निर्माण गरी नियमित रूपमा विद्यालयलाई सहयोग गरिने छ ।
- कोचिङ, मेन्टोरीङ प्रणालीलाई व्यवस्थित गरी कक्षाकोठामै शिक्षकहरूलाई सहयोग पुग्ने गरी मेन्टर परिचालन गरिने छ ।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**(क) उपलब्धि**

- यस योजनाको कार्यान्वयन पश्चात सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुनेछ ।

**(ख)  नतिजा**

- स्थानीय स्तरबाट हुने शिक्षक नियुक्ति प्रक्रिया स्वच्छ र पारदर्शी हुने
- विद्यार्थी संख्याको आाधारमा शिक्षक वितरण हुने ,
- शिक्षक पेसा जिम्मेवार र मर्यादित पेसाका रूपमा रुपान्तरण हुने,
- शिक्षक सहायता प्रणाली व्यवस्थित हुने,
- शिक्षकको पेसागत विकासमा स्थानीय तहको सहयोग हुने,
- शिक्षकहरू सूचना तथा सञ्चार प्रविधि प्रति अभ्यस्त हुने र सो को प्रयोग शिक्षण सिकाइ प्रक्रियामा समेत हुने,
- शिक्षक सञ्जालको निर्माण भई अनुभवको आदान प्रदान हुने  ।

### ४.२.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | ५ बर्षको लक्ष्य | जम्मा लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | आवश्यकताको आधारमा योग्य, सक्षम, सूचना प्रविधिसँग परिचित शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | मागमा आधारित छोटो अवधिका पेसागत विकास तालिम तथा कार्यशाला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | समावेशी शिक्षा तथा सिकाइको विश्वव्यापी ढाँचासम्बन्धी शिक्षक तालिम सञ्चालन गर्ने । | पटक | | १ | | १ | | २ | ३ | |
| ४ | स्थानीय तहमा विज्ञ समूह गठन तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | विद्यालयमा हुने आन्तरिक तथा बाह्य अनुगमन र सुपरीवेक्षण | निरन्यर | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्याको आधारमा समायोजन तथा दरबन्दी व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | शिक्षण सिकाइ नियमित र प्रभावकारी बनाउने मापदण्ड विकास | पटक | ० | ० | १ | ० | ० | १ | १ | |
| ८ | पेशागत शैक्षिक अवलोकन | पटक | ० | ० | १ | ० | ० | १ | १ | |
| ९ | निश्चित कार्यसम्पादन सूचकका आधारमा प्रत्येक वर्ष प्रत्येक स्थानीय तहबाट उत्कृष्ट शिक्षक पुरस्कारबाट पुरस्कृत गर्ने । | पटक | ० | ० | ० | १ | ० | १ | १ | |
| १० | सुपरिवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्रधानाध्यापक, अनुभवी शिक्षक वा मेन्टर, विषय विज्ञ र समकक्षी शिक्षकबाट सुपरिवेक्षण गराउने गरी ३ दिने क्षमता विकास तालिम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्यार्थी सिकाइउपलब्धिका आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्न प्रधानाध्यापक र स्थानीय तहलाई जिम्मेवार बनाउने । | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

नेपालको संविधानले शिक्षालाई आधारभूत मानव अधिकारको रुपमा परिभाषित गर्दै आएको वर्तमान परिप्रेक्षमा सबै वर्ग, लिङ्ग, जातजाति, भौगोलिक क्षेत्र लगायत विभिन्न शारीरिक तथा मानसिक क्षमता भएका व्यक्तिहरूको शिक्षामा सहज, सर्वसुलभ र समतामुलक पहुँचको सुनिश्चितता गर्नु राज्यको अहम् दायित्वको रुपमा स्वीकार गरी शिक्षा मौलिक अधिकारको रुपमा स्थापित गरेको छ । सामान्य रुपमा विद्यालयमा आइरहेका वा सेवाक्षेत्रबाट आइरहेका तथा सेवाक्षेत्रमै गएर सेवा दिनुपर्ने सबैका लागि अनुकुल हुने शिक्षा पद्धति नै समावेशी शिक्षा हो ।

हाम्रो देश सामाजिक साँस्कृतिक रुपमा विविधता भएको मुलुक हो । यहाँ बहुभाषिक, बहुसंस्कृतिक र बहुजातजाति समुदायको बसोबास रहेको छ । यहि विविधता भित्र विभेद र वञ्चितीकरणमा परेका समुदायहरू पनि रहेका छन् । भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैंगिक भिन्नताको प्रभाव शैक्षिक पहुँच, सहभागीता र नतिजामा परिरहेको पाइन्छ । उल्लेखित विविधता भएको हाम्रो समाजमा शारीरिक रुपमा, मानसिक रुपमा, सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक आधारमा, वातावरण भूगोल, रुचि तथा अवसर प्राप्तिका आधारमा वैयक्तिक भिन्नता भएकाहरूलाई उचित सहभागिता गराँउदै शिक्षामा विविधता, समता र समावेशिताको प्रवर्धन गर्नु आवश्यकता छ ।

नेपाल सरकारको सोह्रौं योजनाले पनि आर्थिक, समाजिक, राजनैतिक र प्रशासनिक दृष्टिकोणले पछाडी परेका विभिन्न वर्गहरूका लागि सिप विकास तालिम, छात्रवृति, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा देखिएको अन्तरको अन्त्य सम्बन्धी कार्यक्रममहरू संचालन हुँदै आएको उल्लेख छ ।

समावेशी शिक्षा तथा समता सम्बन्धि संबैधानिक तथा नीतिगत व्यवस्थालाई हेर्ने हो भने दिगो विकास लक्ष्य (२०१५–२०३०) लक्ष्य नं. ४ मा पनि उल्लेख भएको छ । त्यसैगरी समता रणनीति २०७१ ले पनि शिक्षामा समावेशी र समतालाई जोड दिएको पाइन्छ । त्यसै गरेर राष्ट्रिय शिक्षा नीति २०७६ ले अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गताको अवस्था हेरी सम्भव भए सम्म अन्य बालबालिकाहरूसंगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गरेको छ । विविधताको सम्मान र समता तथा समावेशीता अभिवृद्धि गरी शिक्षामा सबैको पहुँच पुर्याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारणहरू तथा बाधाहरू पहिचान गरी ती बाधाहरूलाई हटाउन सक्नु पर्दछ ।

### ४.३.२ वर्तमान अवस्था

नेपालमा ३३ विषेश विद्यालय र २३ एकीकृत विद्यालय विद्यालयहरू रहेका छन् । धनकुटा नगरपालिकामा हाल जम्मा ३१ वटा सामुदायिक विद्यालयहरू सञ्चालन रहेका छन् । सामुदायिक विद्यालयहरू मध्ये १ वटा प्राबिधिक धार संचालन भएको विद्यालय रहेका छन । यस क्षेत्रमा मुलत स्रोत कक्षाहरु सञ्चालन नभएकाले कुनै  बिद्यालयमा

त्यस्ता खालका बालबालिकाको पहिचान भए नगरपालिकामा संचालन रहेका स्रोत कक्षामा पठाउन सहजीकरण गर्ने गरेको छ भने उक्त विद्यालयहरूले अपाङ्गता भएका बालबालिकाहरूलाई विशेष प्रकारले शिक्षा दिइरहेको पाइन्छ । त्यसै गरी यस पालिका भित्र नगरपालिकाको व्यवस्थापनमा CCTV वितरण, ससर्त अनुदान अन्तर्गत दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक वितरण, अपाङ्गता भएका, दलित तथा छात्राहरूलाई छात्रवृत्ति कार्यक्रम, त्यसै गरी प्राथमिक तहमा मातृभाषाको पढाइ हुनु, बालबालिकाको गुनासो तथा सुझावहरू सुन्नका लागि गुनासो सुनुवाइ सम्बन्धी व्यवस्था हुनु आदि गतिविधिहरू संचालनमा रहेका छन् । यस पालिका भित्र २०८१ को विद्यार्थी तथ्यांक अनुसार प्रारम्भिक बालविकासमा कुल भर्नादर १०४.९ रहेको छ । जसका लागि भुगोल, जनसंख्या, वस्ती आदिलाई समेटी विद्यालय वाहिर रहेका, बिचैमा विद्यालय छाडी तह पुरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेकाहरूलाई सम्वोधन गरी समता र समावेशीता अभिवृद्धि गर्नु जरुरी हुन आउँछ ।

धनकुटा नगरपालिकामा शैक्षिक समता र समावेशीकरणको अवस्था समग्र रूपमा सुधारोन्मुख भए पनि अझै पनि केही संरचनागत र पहुँचगत असमानता विद्यमान रहेको देखिन्छ। विद्यालय तहमा विद्यार्थी सहभागिता, लैङ्गिक सन्तुलन, संस्थागत पहुँच तथा विशेष आवश्यकता भएका समूहहरूको समावेशीकरणका दृष्टिले मिश्रित अवस्था देखिन्छ।

बालविकास केन्द्रहरूको विस्तार (कुल ५० वटा केन्द्र) ले प्रारम्भिक बाल विकासमा पहुँच विस्तार गरेको देखिए पनि भौगोलिक वितरण र गुणस्तरीय सेवाको दृष्टिले सबै समुदाय समान रूपमा लाभान्वित हुन नसकेको अवस्था छ। यसले ग्रामीण तथा दुर्गम क्षेत्रका बालबालिकामा प्रारम्भिक शिक्षामा पहुँच अझै सीमित रहेको संकेत गर्दछ। आधारभूत तह (कक्षा १–८) मा विद्यार्थी संख्या र लैङ्गिक संरचना हेर्दा छात्रा र छात्रको सहभागिता लगभग सन्तुलित रहेको देखिन्छ, जसले लैङ्गिक समताको सकारात्मक संकेत दिन्छ। सामुदायिक विद्यालयहरूमा छात्रा संख्या केही बढी हुनु बालिकाको विद्यालय पहुँच सुधार हुँदै गएको संकेत हो। तर संस्थागत विद्यालयहरूमा भने छात्रहरूको संख्या बढी देखिनु लैङ्गिक असन्तुलनको सूचक हो, जसले निजी विद्यालयमा बालिकाको पहुँच अझै सीमित रहेको देखाउँछ। माध्यमिक तह (कक्षा ९–१२) मा समग्र भर्ना दर बढ्दै गएको भए पनि कक्षा ११–१२ मा खुद भर्ना दर अझै पनि अपेक्षाकृत कम रहनु समावेशीकरणको चुनौती हो। विशेषगरी आर्थिक रूपमा कमजोर, जोखिममा रहेका तथा विद्यालय बाहिर रहेका किशोर–किशोरीहरू शिक्षाको मूलधारमा रहेको देखिन्छ।

शिक्षामा समावेशीकरणका दृष्टिले नगरपालिकामा स्रोत कक्षा, राहत शिक्षक व्यवस्था तथा विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। विशेष आवश्यकता भएका बालबालिका (अपाङ्गता भएका, आर्थिक रूपमा कमजोर, तथा दुर्गम क्षेत्रका) का लागि पहुँचयुक्त शिक्षा सुनिश्चित गर्न कार्यक्रम आवश्यक देखिन्छ। धनकुटा नगरपालिकामा शैक्षिक समता र समावेशीकरणतर्फ सकारात्मक प्रगति भएको देखिए पनि लैङ्गिक असन्तुलन (विशेषगरी संस्थागत विद्यालयमा), माध्यमिक तहमा कमजोर पहुँच, तथा लक्षित समूहहरूको पूर्ण समावेशीकरण प्रमुख चुनौतीका रूपमा रहेका छन्। आगामी शिक्षा योजनामा समावेशी नीति कार्यान्वयन, लक्षित छात्रवृत्ति कार्यक्रम, बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार विकास, र विद्यालय बाहिर रहेका बालबालिकालाई पुनः विद्यालयमा ल्याउने रणनीतिमा विशेष जोड दिन आवश्यक देखिन्छ।

### ४.३.४ उद्देश्यहरू

- अपाङ्गता भएका, जोखिममा परेका, विपन्न, दलित, जनजाति, द्वन्द्वप्रभावित, महिला तथा अन्य सीमान्तकृत समुदायका बालबालिका र व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु।

- लक्षित समूहका बालबालिकाको सिकाइ उपलब्धि अभिवृद्धि गर्दै गुणस्तरीय तथा समावेशी शिक्षा सुनिश्चित गर्नु।
- समता, समावेशिता, समान अवसर तथा शैक्षिक सुशासनका सिद्धान्तअनुसार शिक्षा सेवा प्रवाहलाई प्रभावकारी बनाउनु।
- विद्यालयमा सबै प्रकारका विभेद, हिंसा, दुर्व्यवहार, हेपाइ तथा बहिष्करणमुक्त सुरक्षित र सम्मानजनक सिकाइ वातावरण सुनिश्चित गर्नु।
- अपाङ्गता तथा विशेष आवश्यकता भएका बालबालिकाको प्रारम्भिक पहिचान, पहुँचयुक्तता सुनिश्चित तथा आवश्यक सहायक सामग्री र सहयोगी सेवाको व्यवस्था गर्नु।
- विद्यालयका भौतिक पूर्वाधारलाई लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित बनाउनु।
- शिक्षकहरूको समावेशी शिक्षा, सार्वभौमिक सिकाइ ढाँचा (Universal Design for Learning) तथा समावेशी शिक्षण–सिकाइसम्बन्धी क्षमता अभिवृद्धि गर्नु।
- समावेशी शिक्षण–सिकाइका लागि आवश्यक सिकाइ सामग्री, सहायक उपकरण तथा प्रविधिको विकास, उपलब्धता र प्रभावकारी प्रयोग सुनिश्चित गर्नु।

### ४.३.५ रणनीतिहरू

- घरधुरी सर्वेक्षणमार्फत विद्यालय उमेरका सबै बालबालिकाको पहिचान गरी शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गरिनेछ।
- सबै विद्यालयमा बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा समावेशी भौतिक र शैक्षिक वातावरणको विकास गरिनेछ।
- सीमान्तकृत, लोपोन्मुख, द्वन्द्वप्रभावित, आर्थिक रूपमा विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागि आवश्यकता–आधारित समावेशी तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयमा दिवा खाजा, स्वास्थ्य, पोषण, सरसफाइ, स्वच्छता तथा किशोरीमैत्री कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- आधारभूत तहमा मातृभाषा तथा बहुभाषिक शिक्षालाई प्रोत्साहन गर्दै स्थानीय भाषामा सिकाइका अवसर विस्तार गरिनेछ।
- आवश्यकता अनुसार विद्यार्थीलाई छात्रवृत्ति, पोसाक, झोला, शैक्षिक तथा सहायक सिकाइ सामग्री उपलब्ध गराइनेछ।
- विद्यालय व्यवस्थापन तथा शिक्षण–सिकाइ प्रक्रियामा अभिभावकको सक्रिय सहभागिता र उत्तरदायित्व अभिवृद्धि गरिनेछ।
- विद्यालयमा सबै प्रकारका विभेद, हिंसा, दुर्व्यवहार, हेपाइ तथा बहिष्करणमुक्त सुरक्षित र सम्मानजनक सिकाइ वातावरण सुनिश्चित गरिनेछ।
- विद्यालयका शैक्षिक, सामाजिक तथा अतिरिक्त क्रियाकलापमा सबै बालबालिकाको समावेशी सहभागिता सुनिश्चित गरिनेछ।

- अपाङ्गता भएका, सीमान्तकृत तथा जोखिममा रहेका बालबालिकाको प्रारम्भिक पहिचान, अभिलेखीकरण तथा आवश्यक शैक्षिक सहयोगको व्यवस्था गरिनेछ।
- स्रोत कक्षा तथा समावेशी शिक्षा सञ्चालन गर्ने शिक्षक, प्रधानाध्यापक र अन्य सरोकारवालाको क्षमता अभिवृद्धिका लागि नियमित तालिम तथा अभिमुखीकरण सञ्चालन गरिनेछ।
- प्रारम्भिक पहिचानपछि आवश्यकताअनुसार सहायक सामग्री, सहायक उपकरण तथा सहयोगी सेवा उपलब्ध गराइनेछ।
- समावेशी शिक्षा, सार्वभौमिक सिकाइ ढाँचा (Universal Design for Learning) तथा समावेशी शिक्षण–सिकाइसम्बन्धी शिक्षक तालिम सञ्चालन गरिनेछ।
- समावेशी सिकाइ सामग्रीको विकास, उत्पादन, प्रयोग तथा व्यवस्थापनलाई प्रोत्साहन गरिनेछ।
- बालक्लब, बाल सञ्जाल, अभिभावक समूह तथा सम्बन्धित संस्थाको सहकार्यमा बालअधिकार, बालसुरक्षा तथा किशोरी सशक्तीकरणसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- आवश्यकता र स्थानीय सम्भावनाका आधारमा विद्यालय शिक्षालाई जीवनोपयोगी सीप तथा सीपमूलक तालिमसँग आबद्ध गरिनेछ।
- बालबालिकासम्बन्धी कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनका लागि वडा कार्यालय, विद्यालय तथा सरोकारवालाबीच समन्वय र सहकार्य सुदृढ गरिनेछ।
- विद्यालयमा हरित विद्यालय तथा हरित बालबगैँचा कार्यक्रमलाई चरणबद्ध रूपमा विस्तार गरिनेछ।
- आर्थिक रूपमा विपन्न परिवारका अभिभावकलाई आत्मनिर्भर बनाउने आयआर्जन तथा जीविकोपार्जनमुखी कार्यक्रमसँग आबद्ध गरिनेछ।
- न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसकेका विद्यार्थीका लागि सुधारात्मक कक्षा, अतिरिक्त सिकाइ सहयोग तथा शैक्षिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।
- विपन्न, जेहेन्दार, अपाङ्गता भएका तथा लक्षित वर्गका विद्यार्थीका लागि उच्च शिक्षासम्म अध्ययन गर्न छात्रवृत्ति तथा शैक्षिक सहायता कोषको व्यवस्था गरिनेछ।

### ४.३.६ उपलब्धि तथा प्रमुख नतिजाहरू

#### (क) उपलब्धि

- विद्यालय तहको शिक्षामा समतामुलक पहुँच र समावेशी सहभागीता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

#### (ख) नतिजा

- पालिका भित्र रहेका दलित, जनजाति, अपाङ्गता भएका बालबालिका र द्वन्द्व प्रभावित, सिमान्तकृत बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् ।
- पालिका भित्रका लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागीता बढ्न गई सिकाइ उपलब्धिको सुधार हुने ।

- समता तथा समावेशी शिक्षाको मूल्य मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह हुने ।
- विद्यालयमा बालमैत्री वतावरणको सिर्जना हुने ।
- शिक्षण सिकाइ प्रक्रिया तथा शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि हुनेछ ।
- विद्यालयहरूमा अपाङ्ग तथा लैंगिकमैत्री वातावरण सृजना हुनेछ ।
- पालिका भित्रका विद्यालयबाट माध्यमिक शिक्षाको अन्त्यमा चरणवद्ध जीवनोपयोगी सीपयुक्त शक्तिको उत्पादन हुनेछ ।
- विद्यालयहरूमा हरित बाल बगैँचा चरणवद्ध रुपमा स्थापना हुनेछ ।

### ४.३.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | जम्मा लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ५ बर्षको | | |
| १ | विद्यार्थीहरूको प्रारम्भिक पहिचानका लागि क्रियाकलापहरू सञ्चालन गर्ने । | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| २ | प्रारम्भिक पहिचान गरीसकेपछि आवश्यकताअनुसार सहायक सामग्रीहरूको व्यवस्था गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ३ | समावेशी शिक्षा तथा सिकाइको विश्वव्यापी ढाँचासम्बन्धी शिक्षक तालिम । | पटक | ० | ० | १ | ० | १ | २ | २ | |
| ४ | समावेशी शिक्षा सम्बन्धि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | पटक | ० | १ | ० | १ | ० | २ | २ | |
| ५ | अपांगता भएका विद्यार्थिहरूका लागि छात्रवृती व्यवस्था गर्ने । | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ६ | प्रारम्भिक पहिचानका लागि विद्यालयका प्रअ हरूलाइ अभिमुखीकरण | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ७ | समावेशी शिक्षा तथा सिकाइको विश्वव्यापी ढाँचासम्बन्धी शिक्षक तालिम | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |

## ४. ४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

खाना भोक हटाउन मात्र नभई शारीरलाई  आवश्यक पर्ने पोषक तत्व र बृहत पोषक तत्त्व आपूर्तिका  लागि आवश्यकता पर्दछ। बालबालिकाको वृद्धि र विकासका लागि खाना अनिवार्य तत्त्व हो। पोषणयुक्त खाना खाएमा मात्र स्वास्थ्य जीवनको सुरुवात हुन्छ। विद्यालयमा आएका बालबालिकाहरूको पोषणयुक्त खाजा व्यवस्थापन गर्न प्रारम्भिक बालविकास देखि कक्षा पाँच सम्म पढिरहेका विद्यार्थीहरूका लागि नेपाल सरकारले बजेटको व्यवस्था गरेको छ। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्थानीय तहमा दिवा खाजाको रकम ससर्त अनुदानका रुपमा निकासा हुन्छ। विद्यालयले स्थानीय तहमा बजेट माग गरी विद्यार्थीहरूलाई खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने हुन्छ। दिवा खाजा व्यवस्थापनका लागि संघीय एवम् प्रदेश सरकार, स्थानीय तह, विद्यालय, अभिभावक लगायत सबै पक्षको सहयोग एवम् समन्वय आवश्यक पर्दछ। पोषणयुक्त दिवा खाजाबाट बालबालिकाको शारीरिक र मानसिक विकास भई मानवपुँजी विकासमा योगदान पुग्दछ ।

सन २००४ मा सरकारको स्वास्थ तथा जनसङ्ख्या मन्त्रालयले तयार पारेको राष्ट्रिय पोषण रणनीतिमा १३ वटा स्वास्थ तथा पोषण सम्बन्धी रणनीतिहरू तयार गरेकोमा त्यसमध्ये एउटा रणनीति स्वास्थ तथा पोषण सम्बन्धी थियो। यसले विद्यालयका बालबालिकाहरूमा कुपोषण हटाउने र विद्यार्थीहरूको वृद्धि , विद्यालय भर्ना र उपस्थिति बढाई सिकाइ उपलब्धि सुधार गर्ने लक्ष्य लिएको थियो। नेपाल सरकारले संविधानको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, सबैका लागि खाद्य सम्प्रभुताको हक, दिगो विकासको गरिबी उन्मूलन तथा भोक उन्मुलन र सबैका लागि गुणस्तरीय पहँच सुनिश्चितता सम्बन्धमा भएका कानुन तथा सम्झौता कार्यान्वयन गर्न बाल कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाको दिवा खाजा संचालनार्थ  धनकुटा नगरपालिकाले प्राप्त वजेट बाट गाउँ भित्रका सबै समुदायिक विद्यालयहरूमा रकम हस्तान्तरण गर्ने कार्य गरेको छ।

### ४.४.२ वर्तमान अवस्था

धनकुटा नगरपालिकामा जम्मा ३१ वटा सामुदायिक विद्यालयहरू रहेका छन् जस मध्ये ८ वटा माध्यमिक र बाँकी आधरभूत तह रहेका छन्  । ५० वटा बालविकास केन्द्रहरू संचालनमा रहेका छन्। शैक्षिक सत्र २०८२ मा बालविकास ४९४ जना र  कक्षा  १ दखि ५ सम्म १३९५ विद्यार्थीहरू अध्ययनरत रहेका छन्। यस पालिका भित्रका संस्थागत विद्यालयहरूले मापदण्ड अनुसारको स्वास्थ्य तथा पोषणयुक्त खाजाको व्यवस्थापन गरेको भएतापनि विभिन्न सामुदायिक विद्यालयहरूले भिन्न भिन्न तरिका अपनाएर खाजाको व्यवस्थापन गरीरहेको पाईन्छ। कुनै कुनै विद्यालयहरूले वडा कार्यालयको आर्थिक सहयोगमा खाजालाई उचित व्यवस्थापन गरीरहेको पनि पाइन्छ। नेपाल सरकारको कार्यक्रम कार्यान्वयन पुस्तिकामा दिवा खाजा सम्बन्धि जम्मा तीन वटा मोडालिटी उल्लेख गरिएको छः (विद्यालय    बाट दिवा खाजा व्यवस्थापन, विद्यालयको चमेना गृहबाट दिवा खाजा व्यवस्था गर्ने  र घरैवाट तयार गरी पठाउने व्यवस्थापन) जस मध्ये यस क्षेत्रका धेरैजसो विद्यालयहरूले पहिलो विकल्प अवलम्वन गरीरहेको पाईन्छ र त्यसपछि तेस्रो विकल्प अनुसार व्यवस्थापन गरेको पाइन्छ।

### ४.४.३ अवसर र चुनौतिहरू

नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य खाद्य सम्बन्धी अधिकारहरू , खाद्य सम्प्रभुत्ता सम्बन्धी कानुन, राष्ट्रिय स्वास्थ्य नीति २०७६ लागु हुनु, नेपाल सरकारले आर्थिक वर्ष २०७७/०७८ देखि सामुदायिक विद्यालयहरूमा बालकक्षा देखि कक्षा ५ सम्मका सबै बालबलिकाहरूलाई रु २० का दरले खाजा व्यवस्थापनका लागि रकम उपलब्ध गराउनु, संघीय सरकार शिक्षा ससर्त अनुदान अन्तर्गत WASH सहितको शौचालय र स्यानिटरि प्याड उपलब्ध हुनु, प्रदेश सरकार बाट खानेपानीका कार्यक्रम उपलब्ध हुनु, खाजाको कारण वालबालिकाहरूमा विद्यालय नियमितताको सुधार हुनु, अभिभावकहरूमा पोषणयुक्त खाना तथा बालबलिकाको स्वास्थ्य सम्बन्धि जनचेतना बढ्नु, ग्रामिण क्षेत्रका बालालिकाहरू लामो समय पैदल यात्राका कारण भोको पेट रही अध्ययन गर्नु पर्ने अवस्थाको अन्त्य भई सिकाइ उपलब्धिमा सुधार आउनु लगायतका गतिविधिले यस क्षेत्रको सुधारको प्रत्याभूत गर्दछ ।

यस पक्षको चुनौतिका रुपमा खाजाको कार्यक्रमका लागि नेपाल सरकारबाट उपलब्ध हुने रकम वर्तमान परिप्रेक्षमा एकदमै कम हुनु, बालबालिकाहरूले घरैबाट लिएर आएको खाजा बासी हुनु, ग्रामिण भेगका अभिभावकहरूलाई पोषणयुक्त खानाको ज्ञानको कमी हुनु आदि रहेका छन् । यस क्षेत्रका मुख्य समस्या तथा चुनौतिहरूलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ ।

### ४.४.४ उद्देश्य

दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रमका उद्देश्य देहाय बमोजिमको रहेका छन् ।

- विद्यालय खाजासँग सम्बन्धित सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पोषणयुक्त खाजाको सुनिश्चित गर्नु ।
- विद्यालयमा बालबालिकाको सरसफाई तथा स्वच्छतासम्बन्धि व्यबहारलाई प्रोत्साहन गर्नु ।
- बालबालिकाको पोषण र सिकाइ उपलब्धिमा सुधार गर्न स्थानीय सरकार, सम्बन्धित सरोकारवालाहरू तथा अभिभावकहरूसँग प्रभावकारी समन्वय, सहकार्य र साझेदारी गर्दै आवश्यक कार्यक्रम सञ्चालन गर्ने।
- विद्यालय उमेर समूहका बालबालिकाहरूको विद्यालय भर्ना दर वृद्धि गर्नु ।
- पोषणयुक्त खाद्यान्नको अभाव भएका विशेष क्षेत्रका बालबालिकाहरूलई लक्षित गरी शिक्षामा सुधार ल्याउनु ।
- कक्षा दोहोर्याउने र विद्यालय छाड्ने प्रवृत्तिमा कमी ल्याउनु ।
- सामुदायिक विद्यालयमा विद्यार्थीहरूको आकर्षण बढाउनु ।

### ४.४.५ रणनीति

- विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालनका लागि प्रचलित मापदण्डअनुसार स्थानीय मापदण्ड, कार्यविधि तथा गुणस्तर मापदण्ड विकास गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

- विद्यालयमा सम्भव भएसम्म स्थानीय उत्पादनमा आधारित ताजा, स्वस्थ, सुरक्षित तथा पोषणयुक्त दिवा खाजा विद्यालयमै तयारी गर्ने व्यवस्थालाई प्रोत्साहन गरिनेछ।
- दिवा खाजा कार्यक्रमलाई चरणबद्ध रूपमा विस्तार, गुणस्तरीय, व्यवस्थित तथा दिगो बनाइनेछ।
- विद्यार्थी सङ्ख्याअनुसार सुरक्षित खानेपानी, साबुनसहित हात धुने स्थान, सरसफाइ तथा स्वच्छ विद्यालय वातावरणको सुनिश्चितता गरिनेछ।
- विद्यालयमा प्राथमिक उपचार सामग्री (First Aid Kit) को उपलब्धता, नियमित प्रतिस्थापन तथा बालबालिकाको आवधिक स्वास्थ्य परीक्षण प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- स्थानीय स्वास्थ्य संस्थासँगको समन्वयमा किशोरी स्वास्थ्य, महिनावारी स्वच्छता, पोषण तथा स्वास्थ्य शिक्षासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- दिवा खाजाका लागि आवश्यक खाद्य सामग्री खरिद गर्दा स्थानीय किसान तथा स्थानीय उत्पादनलाई प्राथमिकता दिइनेछ।
- दिवा खाजा कार्यक्रमका लागि उपलब्ध बजेट तथा स्रोतसाधन वृद्धि गर्न सम्बन्धित निकायसँग समन्वय र पहल गरिनेछ।
- विद्यालयका आमा समूह, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकलाई पोषण, खाद्य सुरक्षा, सरसफाइ तथा स्वच्छतासम्बन्धि अभिमुखीकरण र तालिम प्रदान गरिनेछ।
- बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीका लागि स्थानीय तहको समन्वयमा सुरक्षित तथा पुनःप्रयोगयोग्य टिफिन क्यारीको व्यवस्था गरिनेछ।
- "घरमा बनेको स्वस्थ र पोषणयुक्त खाना विद्यालयमा ल्याउने" अवधारणालाई प्रवर्द्धन गर्दै स्थानीय खाद्य संस्कृतिमा आधारित स्वस्थ खानपानलाई प्रोत्साहन गरिनेछ।
- वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय तथा अभिभावक प्रतिनिधिको सहभागितामा दिवा खाजा, पोषण, सरसफाइ तथा स्वच्छताको नियमित अनुगमन प्रणाली विकास गरिनेछ।
- आमा समूह तथा अभिभावकको सक्रिय सहभागितामा विद्यालयको पोषण, दिवा खाजा, सरसफाइ र स्वच्छता कार्यक्रमको नियमित अवलोकन तथा समीक्षा गरिनेछ।
- दिवा खाजा कार्यक्रम प्रचलित मापदण्डअनुसार सञ्चालन भए–नभएको नियमित अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण गरिनेछ।
- प्रत्येक विद्यालयमा वर्षमा कम्तीमा एक पटक अभिभावक सचेतना तथा पोषण शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयमा पोषण शिक्षा, स्वस्थ जीवनशैली, खाद्य स्वच्छता तथा वातावरणीय सरसफाइलाई शिक्षण–सिकाइ र सहपाठ्य गतिविधिसँग एकीकृत गरी कार्यान्वयन गरिनेछ।

### ४.४.६ उपलब्धि तथा प्रमुख नतिजा

**(क) उपलब्धि**

- पालिका भित्रका विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार भई मनोसामाजिक कुशलता अभिवृद्धि तथा सिकाइमा सुधार सहित रमाइलो वातावरणमा सिकाइको पहुँच तथा सहभागिता हुने ।

### (ख) प्रमुख नतिजाहरू

- विद्यालयमा दिवा खाजा सहित स्वास्थ्य तथा पोषण र स्वच्छता सम्बन्धि स्पष्ट जिम्मेवारी निर्धारण र कार्यान्वयन हुने ।
- विद्यालयमा खाजालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न सहयोग मिल्ने
- दिवा खाजा रकम वृद्धि भई वर्तमान परिप्रेक्ष्य सुहाउँदो पोषणयुक्त खानाको विद्यालयमा उचित व्यवस्थापनमा टेवा पुग्ने
- सामुदायिक विद्यालयका प्राथमिक तह तथा क्रमशः आधारभूत तहमा पौष्टिक तथा स्वस्थकर स्थानीय स्तरमा उत्पादित खाजाको व्यवस्थापनमा सहयोग मिल्ने
- सामुदायिक विद्यालयहरूमा बालविकास देखि कक्षा ५ सम्मका सम्पूर्ण विद्यार्थीहरूले अभिभावकको सहभागितामा खाजा प्राप्त गर्ने
- दिवा खाजाको सम्बन्धमा विद्यालय वडा कार्यालय  र पालिकाको उचित सहभागिता र अनुगमन हुने ,
- विद्यालयमा आवश्यक मात्रामा पिउने पानीहात धुने साबुन र पर्या ,प्त पानीको व्यवस्थापनमा टेवा पुग्ने
- विद्यालयमा प्रथमिक उपचार किड वितरण तथा बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँचमा नियमितता हुने
- विद्यालयहरूमा गठित आमा समूहरूको पोषणयुक्त खाजा सम्बन्धी तालिमको व्यवस्थापन हुने
- विद्यालयहरूमा विद्यार्थी भर्ना दर बढ्ने  , नियमितता हुने ,सिकाइ उपलब्धि दरमा सुधार आउने र शिक्षामा दिगो पन हुने ।

### ४.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | ५ वर्षको लक्ष्य | | |
| १ | दिवा खाजा कार्यक्रम कार्यावयन सहजिकरण पुस्तिका विकास र वितरण | दस्तावेज सङ्ख्या | | १ | - | | - | १ | २ | |
| २ | स्थानीय तह र समुदायको साझेदारीमा आधारभुत | तह | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तहमा दिवा खाजा कार्यक्रम संचालन | | | | | | | | | |
| ३ | खाजा कार्यक्रम तथा स्वास्थ्य कार्यक्रम सम्बन्धि अभिमुखिकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | स्वास्थ्य पोषण सम्बन्धित सचेतनामुलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | दिवा खाजा  वितरण तथा स्वास्थ्य सम्बन्धि कार्यहरूको प्रभावकारिताको लागि विद्यालय स्तरमा अनुगमन संयन्त्रको विकास र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यालयमा स्वास्थ्य स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | Early Screening program गर्ने | पटक | १ | | | | | १ | २ | |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

शिक्षा प्रत्येक बालबालिकाको मौलिक अधिकार हो। कुनै पनि परिस्थितिमा विद्यालय उमेरका सबै बालबालिकाले सुरक्षित र निरन्तर रूपमा शिक्षा प्राप्त गर्न सक्ने व्यवस्था गर्नु राज्य तथा स्थानीय सरकारको दायित्व हो। प्राकृतिक वा मानव सृजित त विपद् तथा संकटका कारण शिक्षण–सिकाइमा अवरोध आउन सक्ने भएकाले त्यस्ता अवस्थामा पनि सिकाइलाई निरन्तरता दिने व्यवस्था आवश्यक हुन्छ।

नेपालमा बाढी, पहिरो, आगलागी, भूकम्प, महामारी, डढेलो लगायतका प्राकृतिक प्रकोप तथा अन्य आपतकालीन परिस्थितिले विद्यालय शिक्षामा असर पुऱ्याउने गरेका छन्। यस्ता अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार, सुरक्षा, मनोसामाजिक सहयोग तथा सिकाइको निरन्तरतालाई सुनिश्चित गर्ने उद्देश्यले वैकल्पिक सिकाइ प्रणाली, सुरक्षित सिकाइ वातावरण तथा विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रम सञ्चालन गरिन्छ। संकटपूर्ण अवस्थामा शिक्षाले बालअधिकारको संरक्षण, जीवन रक्षा, विद्यालय तथा समुदायको उत्थानशीलता अभिवृद्धि र शिक्षालाई निरन्तर सञ्चालन गर्ने आधार तयार गर्दछ।

नेपालले आपतकालीन अवस्थामा शिक्षालाई बालअधिकारको अभिन्न अङ्गका रूपमा स्वीकार गरेको छ। यसका लागि संविधान, कानुन, राष्ट्रिय नीति तथा शिक्षा क्षेत्रका योजनाहरूमा विपद् तथा संकटका अवस्थामा समेत

शिक्षाको निरन्तरता सुनिश्चित गर्ने व्यवस्था गरिएको छ। विशेषगरी २०७२ सालको भूकम्प, कोभिड–१९ महामारी तथा विभिन्न प्राकृतिक विपद् बाट प्राप्त अनुभवका आधारमा विद्यालय सुरक्षा, वैकल्पिक सिकाइ, जोखिम न्यूनीकरण तथा विपद् तयारीलाई शिक्षा व्यवस्थापनको महत्त्वपूर्ण पक्षका रूपमा समेटिएको छ।

नेपालको संविधान, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५, शिक्षा नियमावली, २०७७, राष्ट्रिय शिक्षा नीति, २०७६, विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा, बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज (Comprehensive School Safety Minimum Package) तथा विद्यालय शिक्षा क्षेत्र योजना (२०२२–२०३२) ले सुरक्षित, समावेशी र संकटप्रतिरोधी शिक्षा प्रणाली विकासमा जोड दिएका छन्। यी नीतिगत व्यवस्थाले स्थानीय तहलाई विद्यालय सुरक्षा, विपद् तयारी तथा वैकल्पिक सिकाइ व्यवस्थापनमा स्पष्ट मार्गदर्शन प्रदान गरेका छन्।

धनकुटा नगरपालिकाको भौगोलिक अवस्थाका कारण विद्यालयहरूले विभिन्न प्रकारका प्राकृतिक जोखिम सामना गर्नुपर्ने अवस्था रहेको छ। केही विद्यालय भिरालो भूभाग, खोला किनार वा वन क्षेत्र नजिक रहेका छन् भने केही विद्यालयमा खुला तथा सुरक्षित स्थान सीमित छन्। वर्षायाममा बाढी–पहिरो, सुख्खा मौसममा डढेलो तथा आगलागी, साथै भूकम्पजस्ता विपद्का कारण शिक्षण–सिकाइ प्रभावित हुन सक्ने सम्भावना रहन्छ।

यस परिप्रेक्ष्यमा धनकुटा नगरपालिकाले विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, सुरक्षित भौतिक पूर्वाधार, वैकल्पिक सिकाइ प्रणाली, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण, मनोसामाजिक सहयोग तथा समुदायको सहभागिता मार्फत विपद् तथा संकटका अवस्थामा पनि शिक्षाको निरन्तरता सुनिश्चित गर्ने नीति अवलम्बन गर्नेछ। यसबाट विद्यालयहरूलाई सुरक्षित, उत्थानशील (Resilient) र संकटप्रतिरोधी शैक्षिक संस्थाका रूपमा विकास गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

### ४.५.२ वर्तमान अवस्था

धनकुटा नगरपालिकामा विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलताको अवस्था क्रमशः सुधार हुँदै गएको देखिन्छ। विद्यालयहरूमा भौतिक पूर्वाधार विस्तार, सूचना–प्रविधिको प्रयोग, तथा विभिन्न शैक्षिक सुधार कार्यक्रमहरूको कार्यान्वयनले सुरक्षा तथा विपत् व्यवस्थापन क्षमतामा केही सकारात्मक परिवर्तन ल्याएको छ। तथापि, सबै विद्यालयमा एकरूप रूपमा सुरक्षित, विपत्–संवेदनशील र उत्थानशील वातावरण सुनिश्चित भइसकेको अवस्था भने अझै छैन।

नगरपालिकाका सामुदायिक विद्यालयहरूमा CCTV जडान, ICT ल्याब स्थापना, विज्ञान प्रयोगशाला विस्तार तथा स्मार्ट बोर्ड/TV जडान जस्ता कार्यक्रमहरूले विद्यालय वातावरणलाई आधुनिक र केही हदसम्म सुरक्षित बनाएको छ। यस्ता पूर्वाधारहरूले मात्र सिकाइ सुधार नभई आपतकालीन अवस्थामा निगरानी तथा व्यवस्थापनमा पनि सहयोग पुऱ्याउने देखिन्छ। तर सबै विद्यालयमा यस्ता सुविधा समान रूपमा विस्तार हुन नसक्दा सुरक्षा स्तरमा असमानता कायम रहेको छ।

भूकम्प, पहिरो, आगलागी, बाढी तथा जलवायुजन्य जोखिमका दृष्टिले विद्यालयहरू अझै पनि संवेदनशील अवस्थामा रहेका छन्। विद्यालय भवनहरूको संरचनागत मजबुती, सुरक्षित निकास मार्ग, आपतकालीन योजना (Emergency Preparedness Plan) र नियमित अभ्यास (Drills) सबै विद्यालयमा समान रूपमा लागू भएको

अवस्था देखिन्छ। यसले विपत् न्यूनीकरण तयारीलाई अझ सुदृढ भएको औंल्याउँछ। शिक्षक तथा विद्यार्थीमा विपत् सम्बन्धी सचेतना अभिवृद्धि तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन भएका छन्।

२०७२ सालमा आएको विनाशकारी भुकम्प तथा २०७७ सालबाट सूरु भएको कोभिड—१९ को प्रकोप बाट धनकुटा नगरपालिका पनि प्रभाबित भयो । २०७२ सालको विनाशकारी भूकम्पले केही विद्यालयहरुमा आंशिक तथा पूर्ण रुपमा क्षती पूगेकोमा पूनर्निर्माण प्राधिकरणबाट विद्यालयहरु निर्माण भईरहेकेका छन् । त्यसैगरी कोभिड—१९ को प्रभावले करीब दुई शैक्षिक शत्रमा विद्यालयहरु अधिकांश समय बन्द रहे त्यस अवस्थामा प्रभावकारी तथा सुरक्षित शिक्षाको बैकल्पिक माध्यम प्रयोग गर्न नसक्दा विद्यालय तहका बालबालिकाहरु प्रत्यक्ष सिकाइबाट वन्चित रहे । विद्यालय तहको पाठ्यक्रमलाई आधार मानी केन्द्रीय स्तरमा विभिन्न विषयमा अनलाईन तथा अफलाईन सिकाइ सामग्रीहरु तयार गरी वेबसाईमा राखिएको छ । नेपाल सरकारले मिति २०७७ जेठ १८ गते वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरण निर्देशिका जारी गर्यो र २०७७ असार १ गते बाट वैकल्पिक माध्यमबाट कक्षा संचालनका लागि सार्वजनिक रुपमा आब्हान गरीएकोमा नगरपालिका स्तरमा प्रभावकारी रुपमा सिकाइ सञ्चालन गरिएको पाईएन । विभिन्न विद्यालयमा फरक-फरक अभ्यास गरेको पाईयो ।

कोभिड–१९ जस्ता महामारी तथा अन्य आकस्मिक अवस्थाले वैकल्पिक शिक्षण प्रणाली र डिजिटल शिक्षाको आवश्यकता स्पष्ट पारेको छ। यस सन्दर्भमा सूचना–प्रविधिको पहुँच विस्तार भए पनि सबै विद्यालयमा समान पहुँच नहुँदा शिक्षा निरन्तरता र उत्थानशीलता (resilience) पूर्ण रूपमा सुनिश्चित हुन सकेको छैन। उल्लेखित अवस्थाहरुले आगामी दिनहरुका लागि शिक्षाको संरचना, भौतिक पूर्वाधार, सिकाइ वातावरण, सिकाइका लागि आवश्यक पर्ने स्रोत साधन, आपतकालीन अवस्थामा सिकाइ निरन्तरताका लागि आवश्यक हुने व्यवस्थापकीय तथा पेसागत क्षमता र आपतकालीन अवस्थाको तयारी, प्रतिकार्य र पुनरुत्थानको भरपर्दो प्रणाली विकास गर्नुपर्ने आवश्यकता समेत देखिएको छ । कोभिड १९ ले पारेको प्रभावलाइ न्युनकरण गर्ने उद्देश्यले अहिले पालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयमा सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनका लागि आधारभूत सर्वेक्षण सम्पन्न भइसकेको छ र अन्य थप गतिविधि सञ्चालन गर्ने तयारी भइरहेको छ ।

धनकुटा नगरपालिका भित्र कार्यरत शिक्षकहरुले विभिन्न तालिमको अवसर बढि पाउनु, समशितोष्ण हावापानी पाईनु, यातायातको हिसावले तराई देखी धनकुटा जोड्ने सडकमार्ग रहेको छ । मध्य पहाडी राजमार्ग निर्माण भएपछि यहाँका जनताहरूलाई धेरै सहज भएको देखिन्छ । हरेक विद्यालयले विद्यालय सुधार योजना निर्माण गर्दा जोखिम व्यवस्थापनको पनि सम्बोधन गर्नुपर्ने भएकाले त्यसको केही अभ्यास भएको छ ।

प्राकृतिक प्रकोप, महामारी वा अन्य कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान परिवेश र अवस्था अनुसार केही पूर्वानुमान गर्न सकिए तापनि समय स्वरुप र मात्राको यकिन भविष्यबवणी गर्न सकिदैन । त्यसैगरी कतिपय प्रकोप, महामारी तथा आपतकालको पूर्वानुमान गर्न नसकिने पनि हुन्छ । एउटै नगरपालिका भित्रका विद्यालयहरु भएपनि सबैका लागि एकै प्रकारको योजना बनाउनु सान्दर्भिक नहुन सक्छ । धनकुटा नगरपालिकामा विद्यालय सुरक्षा तथा विपद् न्यूनीकरणका क्षेत्रमा पूर्वाधार र कार्यक्रम विस्तार हुँदै गएको देखिए पनि जोखिम व्यवस्थापन प्रणाली, संरचनागत सुरक्षा, नियमित अभ्यास तथा समावेशी पहुँचका दृष्टिले अझै सुधार आवश्यक छ। आगामी शिक्षा योजनामा सुरक्षित विद्यालय संरचना विकास, विपत् पूर्वतयारी तथा प्रतिक्रिया प्रणाली सुदृढीकरण, नियमित अभ्यास, र डिजिटल तथा वैकल्पिक शिक्षण प्रणाली विस्तारलाई प्राथमिकता दिन आवश्यक छ ।

### ४.५.३ उद्देश्यहरु

यस पालिकाको विपद्को अवस्थामा शिक्षाको उद्देश्य निम्न बमोजिम हुने छ ।

- संकटको संभावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने ।
- संभावित संकटको सामना गर्ने अर्थात उत्थानश ील प्रणालीका लागि भौतिक मानव ीय र आर्थिक स्रोतको तयारी गर्ने।
- संकटको प्रतिकार्यको संयन्त्र र कार्यढाँचा तयार गर्ने .
- सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयन गर्ने ।

### ४.५.४ रणनीति

योजनाको उद्देश्यहरु हासिल गर्न निम्न अनुसारका रणनीतिहरु अवलम्वन गरीनेछ ।

- संघीय तथा प्रदेश सरकारद्वारा जारी शिक्षा, विपद् व्यवस्थापन तथा विद्यालय सुरक्षासम्बन्धी नीति, ऐन, नियम, मापदण्ड र निर्देशिकाको प्रभावकारी कार्यान्वयन गरिनेछ।
- पालिकाभित्रका विद्यालयहरूको विपद् तथा संकट जोखिम (Risk Assessment) को नियमित मूल्याङ्कन, विश्लेषण र अद्यावधिक गरिनेछ।
- जोखिम मूल्याङ्कनका आधारमा पालिका तथा प्रत्येक विद्यालयले विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापन योजना (School Disaster Management Plan) तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।
- विद्यालयहरूमा विपद् प्रतिरोधी, सुरक्षित तथा बालमैत्री भौतिक पूर्वाधारको निर्माण, मर्मत तथा पुनःस्थापना गरिनेछ।
- आपतकालीन अवस्थामा शिक्षाको निरन्तरताका लागि आवश्यक शैक्षिक सामग्री, सूचना तथा सञ्चार प्रविधिका उपकरण, प्राथमिक उपचार सामग्री, खाद्यान्न, पोषण, प ोसक तथा अन्य आवश्यक राहत सामग्रीको व्यवस्थापन गरिनेछ।
- विद्यार्थी, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा अन्य सरोकारवालाको विपद् पूर्वतयारी, उद्धार, प्रतिकार्य, मनोसामाजिक सहयोग तथा पुनःस्थापनासम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय ज्ञान, सीप तथा समुदायमा प्रचलित विपद् व्यवस्थापनका असल अभ्यासहरूको संरक्षण, प्रवर्द्धन तथा शिक्षण–सिकाइमा उपयोग गरिनेछ।
- विपद्, महामारी वा अन्य कारणबाट भएको सिकाइ क्षति न्यूनीकरणका लागि सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। यस अन्तर्गत प्रारम्भिक सिकाइ परीक्षण (Diagnostic Assessment), सिकाइ स्तर विश्लेषण, विद्यार्थी वर्गीकरण, उपचारात्मक

(Remedial) शिक्षण, प्रगति मूल्याङ्कन तथा अन्तिम उपलब्धि परीक्षण नियमित रूपमा सञ्चालन गरिनेछ।

- विपद् तथा संकट व्यवस्थापनका क्षेत्रमा अन्य स्थानीय तह तथा विद्यालयहरूले अवलम्बन गरेका प्रभावकारी अभ्यासहरूको अध्ययन, आदान–प्रदान तथा आवश्यकतानुसार कार्यान्वयन गरिनेछ।
- विद्यालय शान्तिक्षेत्रको अवधारणालाई प्रभावकारी कार्यान्वयन गर्न स्थानीय राजनीतिक दल, जनप्रतिनिधि, सुरक्षा निकाय, पेसागत तथा विद्यार्थी संगठन, बालक्लब, सामाजिक तथा सांस्कृतिक संस्थाहरूबीच समन्वय र सहकार्य सुदृढ गरिनेछ।
- विपद् वा विद्यालय बन्द भएका अवस्थामा अभिभावकलाई घरमै बालबालिकाको सिकाइ सहजीकरण गर्न आवश्यक सिकाइ सामग्री, मार्गदर्शन तथा अभिमुखीकरण उपलब्ध गराइनेछ।
- विद्यालयका पुस्तकालय, बुक कर्नर तथा अन्य सन्दर्भ सामग्रीको घरमै अध्ययन गर्न मिल्ने व्यवस्था गरी स्वअध्ययन संस्कृतिलाई प्रवर्द्धन गरिनेछ।
- वैकल्पिक सिकाइ प्रणाली (अनलाइन, अफलाइन, रेडियो, टेलिभिजन, मुद्रित सामग्री तथा समुदायमा आधारित सिकाइ) को विकास र प्रयोगमार्फत शिक्षाको निरन्तरता सुनिश्चित गरिनेछ।
- विद्यालयहरूमा नियमित विपद् पूर्वतयारी अभ्यास (Mock Drill), प्राथमिक उपचार तालिम तथा सुरक्षित विद्यालय अभियान सञ्चालन गरिनेछ।
- प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनका जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा, वातावरण संरक्षण तथा दिगो विकाससम्बन्धी अवधारणालाई विद्यालय शिक्षामा प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण तथा शिक्षाको निरन्तरतासम्बन्धी कार्यक्रमहरूको नियमित अनुगमन, मूल्याङ्कन र समीक्षा गरी आवश्यक सुधारका उपायहरू अवलम्वन गरिनेछन्।

### ४.५.५ उपलब्धि र नतिजा

**(क) उपलब्धि**

- आपतकालिन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाहरुको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सूनिश्चित हुने ।

**(ख) नतिजा**

- पालिकाका विद्यालयहरुमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास हुने ।
- आवश्यक भौतिक,मानवीय र आर्थिक स्रोतको व्यवस्था पन सहित विद्यालय सक्षम हुने ।
- संकटपूर्ण अवस्थामा समेत शिक्षण सिकाइ निरन्तर संचालन हुने ।
- सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयन गर्ने ।

### ४.४.६ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू

| क्र .स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | भौतिक लक्ष्य-१० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | मनोसामाजिक परामर्श तालिम सञ्चालन | पटक | ० | ० | १ | ० | ० | १ | |
| २ | विपद् सम्वन्धी विद्यालय विपद् योजना निर्माण तथा परिमार्जन | पटक | ० | १ | ० | १ | ० | २ | |
| ३ | पालिकास्तरीय विद्यालय शिक्षा सहयोग विपदकोष कार्यक्रम | पटक | १ | ० | ० | ० | ० | १ | |
| ४ | उद्दार कार्यक्रममा खटिने संवयंसेवकका लागि तालिम सञ्चालन | पटक | १ | ० | १ | ० | १ | ३ | |
| ५ | प्रतिकार्य कार्यदलको गठन र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | आपतकालीन तथा संकटपूर्ण सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | | |
| ८ | अभिभावकहरूले आफ्नो बच्चाहरूलाइ सिकाइ सहजीकरण गर्न सकिने सामग्री छपाइ तथा वितरण, | पटक | १ | १ | १ | १ | १ | | |
| ९ | आपतकालीन योजना (Emergency Preparedness Plan) र | पटक | १ | १ | १ | १ | १ | | |
| १० | नियमित अभ्यास (Drills) | पटक | १ | १ | १ | १ | १ | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालयमा विद्यार्थी भर्ना हुनका लागि बालबालिकाले सुरक्षित महसुस गर्नु पर्दछ जसका लागि सुरक्षित विद्यालय हुनु आवश्यक छ । सुरक्षित विद्यालय हुनका लागि मापदण्ड अनुसारको कक्षाकोठा, खेल्ने खेलमैदान, चमेनागृह, शौचालय तथा सफा खाने पानी जस्ता भौतिक संरचनाहरू हुनुपर्दछ । शिक्षा नियमावली २०५९ मा सुविधाजनक रुपमा पठनपाठनमा सहभागी हुनका लागि बालविकास तथा आधारभूत तहलाई ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहलाई १.०० वर्ग मिटर क्षेत्रफल प्रति विद्यार्थीका लागि आवश्यक पर्ने उल्लेख गरिएको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा विपद जोखिममुक्त भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, शौचालय, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गरी हरित र बालमैत्री विद्यालयको रुपमा विकास गर्ने नीति लिएको छ । मुलुक संघीयतामा गइसकेपछि राष्ट्रिय शिक्षा नीति तथा कार्यक्रम अनुसार धनकुटा नगरपालिकाले विद्यालयको सम्पूर्ण भौतिक पूर्वाधार विकासका लागि तोकिए बमोजिम कार्यक्रमहरूलाई निरन्तरता दिइरहेको छ भने वि.स. २०७२ को भुकम्पले गाउँ क्षेत्रभित्रका क्षतिग्रस्त विद्यालयहरूको पुननिर्माणका लागि नेपाल राष्ट्रिय पुन:निर्माण प्राधिकरण बाट विपद जोखिममुक्त विद्यालयहरू निर्माण कार्य गरेको छ ।

### ४.६.२ वर्तमान अवस्था

धनकुटा नगरपालिकामा विद्यालय भौतिक पूर्वाधार विकासको अवस्था क्रमशः विस्तार हुँदै गएको भए पनि अझै पनि आधारभूत पूर्वाधारको पूर्ण सुनिश्चितता हुन सकेको छैन। हाल नगरपालिकामा ३१ वटा सामुदायिक विद्यालय सञ्चालनमा रहेका छन्, जसअन्तर्गत एक वटा विशेष विद्यालय र एक वटा प्राविधिक धार सञ्चालन भएको विद्यालय समेत रहेका छन्। यसले विद्यालय संरचनागत विविधता देखाए पनि पूर्वाधार विकासमा असमानता कायम रहेको संकेत गर्दछ।

सामुदायिक विद्यालयहरूमा पक्की भवनको सुविधा आंशिक रूपमा मात्र उपलब्ध छ। केही आधारभूत विद्यालयहरू अझै पनि ट्रस छाना भएका पुराना भवनमा सञ्चालन भइरहेका छन्, जसले सुरक्षित र दिगो सिकाइ वातावरणमा चुनौती सिर्जना गरेको छ। विशेषगरी कक्षा १–३ सम्मका कक्षाकोठाहरू अझै पनि पूर्ण रूपमा छापायुक्त (पक्की र व्यवस्थित) कक्षाकोठामा रूपान्तरण हुन नसकेको अवस्था छ, जसले प्रारम्भिक तहको सिकाइ वातावरणलाई प्रभावित गर्न सक्छ।

नगरपालिकाका माध्यमिक तहका केही विद्यालयहरूले आफ्नै व्यवस्थापनमा CCTV क्यामेरा जडान गरेका छन्, जसले विद्यालय सुरक्षा तथा व्यवस्थापन सुधारमा सकारात्मक योगदान पुऱ्याएको छ। त्यस्तै संघीय तथा प्रदेश सरकारका सशर्त अनुदानमार्फत केही विद्यालयहरूमा विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याब निर्माण भएका छन्। तर पालिकाको आफ्नै स्रोतबाट यस्ता प्रविधिमैत्री पूर्वाधारमा पर्याप्त लगानी गर्न नसकिएको अवस्था देखिन्छ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत केही विद्यालयहरूमा ४ कोठे पक्की भवन, २ र ३ कोठे ट्रस भवन, खानेपानी तथा शौचालय निर्माणका कार्यहरू सम्पन्न भएका छन्। यसले विद्यालय पूर्वाधार सुधारमा सरकारी कार्यक्रमहरूको सकारात्मक प्रभाव देखाउँछ। साथै नगरपालिका तथा अन्य सरोकारवाला निकायहरूको समन्वयमा विभिन्न भौतिक निर्माण तथा शैक्षिक सुधारका कार्यक्रमहरू नियमित रूपमा सञ्चालन हुँदै आएका छन्।

यद्यपि, वार्षिक योजना अनुसार केही पूर्वाधार निर्माण कार्य सम्पन्न हुँदै आए पनि विद्यालयहरूमा अझै पनि व्यवस्थित शौचालय, सुरक्षित खानेपानी, पर्याप्त कक्षाकोठा तथा प्रयोगशाला जस्ता आधारभूत मापदण्डहरूको अभाव स्पष्ट रूपमा देखिन्छ। यसले गुणस्तरीय शिक्षाका लागि आवश्यक न्यूनतम पूर्वाधार पूर्ण रूपमा सुनिश्चित हुन नसकेको संकेत गर्दछ।

धनकुटा नगरपालिकामा विद्यालय भौतिक पूर्वाधार विकासमा सकारात्मक प्रगति भए पनि पुराना र असुरक्षित भवनहरूको प्रतिस्थापन, आधारभूत सुविधा (शौचालय, पानी, कक्षाकोठा) को पूर्ण उपलब्धता, तथा प्रविधिमैत्री पूर्वाधार विस्तार अझै प्रमुख चुनौतीका रूपमा रहेका छन्। आगामी शिक्षा योजनामा समन्वयात्मक लगानी, प्राथमिकता निर्धारण र दिगो पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राख्न आवश्यक देखिन्छ।।

### ४.६.३ अवसर र चुनौतीहरू

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयका भौतिक पूर्वाधार विपद जोखिममुक्त वनाउनुका साथै सबै विद्यालयहरूलाई सुरक्षित एवम हरित विद्यालयको रुपमा विकास गर्ने नीति अवलम्वन गरेको छ। यसको साथै सार्वजनिक विद्यालयहरूको पूर्वाधार निर्माण, मर्मतसम्भार, सञ्चालन र व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई जिम्मेवारी प्रदान गरेको छ जुन स्थानीय निकायका लागि स्थानीय आवश्यकताका आधारमा पूर्वाधारको काम गर्ने अवसर प्राप्त हुन्छ।

संघीयता कार्यन्वयन भन्दा अगाडी शिक्षा विभागमा भौतिक निर्माण तथा पूर्वाधार विकास सम्बन्धी काम गर्ने शाखा बेग्लै र प्रत्येक जिल्ला शिक्षा कार्यलयहरूमा प्राविधिक सहितको व्यवस्थापनमा विद्यालय शिक्षामा भौतिक निर्माणको काम हुदै आएको थियो तर निर्माणको मापदण्द तथा आधार संघीय तहबाट हुदै आएको छ। यसबाट योजना र कार्यन्वयनमा तालमेल मिलाउन र सूचना आदन प्रदान गर्न चुनौती भइरहेको छ।

### ४.६.४ उद्देश्य

१) सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा प्रदानमा सहयोग गर्नु ।
२) विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्डको विकास र कार्यान्वयन गर्नु र स्रोत पहिचान गर्नु।
३) भौतिक पूर्वाधार विकास एवं विस्तारका लागि पारदर्शी तथा जवाफदेही प्रणालीको विकास गर्नु।
४) पालिकाका विद्यालयहरूमा निर्माण हुने सबै पूर्वाधारहरूलाई अपाङ्गमैत्री, बालमैत्री र लैङ्गिकमैत्री बनाइनु।

### ४.६.५ रणनीतिहरू

१) पालिकामा सञ्चालित विद्यालय तह र विद्यार्थी संख्याका आधारमा पूर्वाधारको पुनःपरिभाषित गरिनेछ।
२) विद्यालय पूर्वाधारका विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरिनेछ।
३) पूर्वाधार विकासका लागि वार्षिक रुपमा तोकिएका ससर्त अनुदान वापतका योजना तथा कार्यक्रमहरू माग र आवश्यकताका आधारमा वितरण गरिनेछ।
४) पालिकाका विद्यालयहरूमा निर्माण हुने सबै पूर्वाधारका कार्यहरूलाई अपाङ्गमैत्री, बालमैत्री र लैङ्गिकमैत्री बनाइनेछ।

५) कक्षा १ देखी ३ सम्मका कक्षाकोठालाइ बालमैत्री तथा छापामय बनाइने छ।

६) विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न संघ संस्था एवं निकायसँग लागत साझेदारी गरिने छ।

७) स्थानीय सरकार तथा अन्य सरोकारवाला निकायविच आपसि समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधार एवं जनशक्तिको उपयोग सम्बन्धी नीति तयार गरी कार्यन्वयन गरिने छ।

८) पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवं वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिने छ।

९) रमाइलो वातावरणमा शिक्षण सिकाइ सञ्चालन गर्न प्रशस्त मात्रमा शैक्षिक सामाग्रीका साथै खेल सामाग्रीयुक्त बालउधान निर्माणको कार्यक्रमलाई प्रोत्साहन गरिने छ।

### ४.६.६ उपलब्धि तथा नतिजाहरू

#### (क) उपलब्धि

- सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक सुविधा युक्त विद्यालयमा अध्ययन गर्ने अवसर हुने।

#### (ख) नतिजा

- भौतिक पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी सहित कार्यान्वयन हुने।
- पूर्वाधार विकासको आवश्यकता पहिचान र वितरणको मापदण्ड तयार हुने।
- विद्यालयहरूमा अपाङ्गमैत्री, बालमैत्री एवं लैङ्गिकमैत्री संरचनाको व्यवस्था गरिने।
- विद्यार्थीहरूलाई रमाइलो वातावरणमा शिक्षण गर्न विभिन्न प्रयोगशालाहरूको निर्माण गरिने।
- कक्षाकोठाहरू शैक्षिक सामाग्रीयुक्त हुने।
- स्वच्छ वातावरण, सुविधायुक्त शौचालय तथा सफा खानेपानीको प्रवन्ध हुने।
- विद्यालय तथा कक्षाकोठाहरूको समय समयमा मर्मत सम्भार गरिने ।

### ४.५.७ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | भौतिक पूर्वाधार विकास योजना निर्माण | पटक | | १ | - | | - | १ | | |
| २ | विद्यालयको आवश्यकता, प्राथमिकता तथा स्रोत अनुसार अपाङ्गमैत्री, प्रविधिमैत्री र समतामूलक, | पटक | ० | २ | २ | २ | २ | ८ | १६ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालमैत्री एवं लैङ्गिकमैत्री कक्षाकोठा व्यवस्थापन। | | | | | | | | | |
| ३ | निर्माण भएका संरचनाहरूको सम्बर्धन तथा मर्मत (आवश्यकता अनुसार निरन्तर ) | विद्यालय | ० | २ | २ | २ | २ | ८ | १६ | |
| ४ | विनियोजित रकमको शिर्षक अनुसार कार्यान्वयन, अनुगमन तथा मूल्याङकन (आवश्यकता अनुसार निरन्तर ) | विद्यालय | ० | २ | २ | २ | २ | ८ | १६ | |
| ५ | कक्षा १ देखी ३ सम्मका कक्षाकोठामा बालमैत्री तथा छापामय वातावरण निर्माण गर्ने। | विद्यालय | २८ | | | १६ | | ० | ४४ | |
| ६ | विद्यालय हाता हरियाली कार्यक्रम ( निरन्तर ) | विद्यालय | ० | २ | २ | २ | २ | ८ | १६ | |
| ७ | कक्षा कोठा व्यवस्थापन | | २८ | | | १६ | | ० | ४४ | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

विश्वमा  सूचना र प्रविधिको विकासले अत्यन्तै  चाँडो फड्को मारेको छ। ज्ञानको बिस्फोटन गराएको छ। यसबाट एकातिर ज्ञान आर्जन गर्न सहज भएको छ भने अर्का तर्फ हाम्रा शिक्षण सिकाइका विधि तथा तौर तरिकामा आमूल परिवर्तन ल्याएको छ। शिक्षामा सूचना तथा प्रविधिको अत्यधिक प्रयोगले अवसर तथा चुनौति दुबै सिर्जना गरेको छ। सूचना तथा सञ्चारको प्रभावकारी प्रयोगले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शैक्षिक गुणस्तरको अभिवृद्धि  गर्नमा महत्वपूर्ण भूमिका खेल्दछ। यसले विद्यालय तहको शिक्षण सिकाइमा सहजता ल्याउनुको साथै परीक्षा मूल्यांकन,विद्यालयको व्यवस्थापकीय पक्ष तथा आर्थिक पारदर्शिता र सुशासन कायम गर्नमा समेत मद्दत गर्दछ। आजको विश्वमा आर्थिक तथा शैक्षिक भिन्नताका कारण बर्गीय समाज निर्माण भईरहेको अवस्थामा सूचना र प्रविधिको कुशल प्रयोगले धनी  गरीब वर्ग बिचको खाडल कम गराउन मद्दत गर्दछ।

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी संघीय सरकारसँग प्रसस्त कानुनी आधारहरु छन्। यस अन्तरगत बोर्ड बैंक नीति २०७१, नेपालको सूचना तथा प्रविधि नीति २०७२, डिजिटल नेपालको कार्यढाँचा २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजना २०१३-२०१७ समेतले शिक्षा क्षेत्रमा सूचना तथा सचार प्रविधिको स्थापना, संचालन, व्यवस्थापन, अनुगमन तथा मूल्यांकन गर्ने

कुराको व्यवस्था गरेको छ। यस नगरपालिकामा भने आफ्नै नीति वा कानुनको व्यवस्था भने छैन। संघीय सरकारको नीति बमोजिम नै सञ्चालन भईरहेको अवस्था छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नुका उद्देश्यहरुमा सबै विद्यार्थीहरुका लागि सूचना तथा सञ्चार प्रविधिलाई आधारभूत साक्षरताका रुपमा विकास गरी डिजीटलाइज्ड गर्ने, शिक्षामा समतामूलक पहुँच पुर्‍याई गुणस्तर अभिवृद्धि गर्ने र शिक्षाको सेवा प्रवाह तथा प्रणालीमा सूधार गरी सुशासनको प्रत्याभूति गर्ने रहेका छन्। गुरु योजनाले पहिचान गरेका चारओटा क्षेत्रहरुमा सूचना तथा संचारका लागि संरचना तयार गर्ने, मानवीय स्रोत विकास गर्ने,डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका थिए। हालको परिवेशमा अनुकुल रणनीति,क्रियाकलाप तथा लक्ष्यहरु अध्यावधिक तथा परिमार्जन गरी यो पालिका स्तरीय योजनामा समावेश गर्नुपर्ने देखिएको छ। महामारीको समयमा अनलाइन र अफलाईन दुबै माध्यमको प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि मानवीय क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन। यस्तो अवस्थामा सबैका लागि पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु चुनौतिपूर्ण कार्य रहेको छ।

### ४.७.२ वर्तमान अवस्था

धनकुटा नगरपालिकाका विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग क्रमशः विस्तार हुँदै गएको देखिन्छ। पछिल्ला वर्षहरूमा सामुदायिक विद्यालयहरूमा ICT आधारित सिकाइ वातावरण विकास गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन भएका छन्। यस अन्तर्गत ICT ल्याब स्थापना, इन्टरएक्टिभ बोर्ड, स्मार्ट टिभी जडान तथा कम्प्युटर सामग्री उपलब्ध गराउने जस्ता पहलहरूले विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाउने प्रयास गरिएको छ।

नगरपालिकाका केही विद्यालयहरूमा ICT प्रयोगशाला (ICT Lab) स्थापना भई विद्यार्थीहरूलाई आधारभूत कम्प्युटर सीप, डिजिटल साक्षरता तथा इन्टरनेट प्रयोग सम्बन्धी ज्ञान प्रदान गरिँदै आएको छ। साथै स्मार्ट बोर्ड र स्मार्ट टिभी जडानले शिक्षण–सिकाइ प्रक्रियालाई दृश्यात्मक, आकर्षक र प्रभावकारी बनाउन सहयोग पुर्‍याएको छ। यसले विद्यार्थीको सिकाइमा रुचि वृद्धि हुनुका साथै शिक्षकलाई पनि आधुनिक शिक्षण विधि अपनाउन प्रेरित गरेको देखिन्छ।

कोभिड–१९ महामारीको अनुभवले डिजिटल शिक्षाको आवश्यकता स्पष्ट पारेको छ। त्यसपछि वैकल्पिक शिक्षण प्रणाली, अनलाइन सामग्री तथा डिजिटल स्रोतहरूको प्रयोगमा वृद्धि भए पनि दीगो र प्रणालीगत ICT एकीकरण अझै चुनौतीपूर्ण रहेको छ। यद्यपि ICT पूर्वाधार सबै विद्यालयमा समान रूपमा विस्तार हुन सकेको छैन। केही विद्यालयहरूमा उपकरण तथा इन्टरनेटको उपलब्धता सीमित रहेको छ, जसले प्रविधिमा आधारित शिक्षण–सिकाइको पूर्ण कार्यान्वयनमा चुनौती सिर्जना गरेको छ। विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रमा रहेका विद्यालयहरूमा डिजिटल पहुँच अझै कमजोर रहेको देखिन्छ।

नगरपालिकाका नमूना विद्यालय लगायत अन्य केही विद्यालयहरुमा विभिन्न निकायको सहयोगमा स्मार्ट बोर्ड रहेका छन् तथा इसिडिमा पनि केही विद्यालयहरूमा डिजिटल सिकाइका सामग्री मार्फत शिक्षण सिकाइ भइरहेको छ। पालिकाको आफ्नै स्रोत बाट सूचना तथा संचार क्षेत्रमा लगानी गर्न सकिएको अवस्था न्यून मात्रामा रहेको छ। पालिकाबाट शिक्षकहरुका लागि हरेक वर्ष संचना तथा प्रविधि सम्बन्धि तालिम समय समयमा संचालन गरीएका छन्। सबै विद्यालयहरुको भौतिक तथा भौगोलिक अवस्था फरक फरक भएकोले विद्युत, इन्टरनेट कनेक्टिभीटि

आदिको विस्तार गर्न कठीनाइ छ । पालिकामा सूचना तथा संचार प्रविधिको प्रयोगको लागि आवश्यक अन्य पूर्वाधारहरुको प्रभावकारी व्यवस्था  हुन नसक्नु, अझैपनि केही पुराना शिक्षकहरू नयाँ प्रविधि संग परिचित हुन नसक्नु, सूचना तथा संचार प्रविधि प्रयोगको लागि क्षमताको विकास गराउन सकिएको छैन । सेवा प्रदायक संस्थाहरु सँग समन्वयको अभाव जस्ता समस्याहरु रहेको छ ।

धनकुटा नगरपालिकामा विद्यालय शिक्षा प्रणालीमा ICT को प्रयोग विस्तार हुँदै गएको सकारात्मक संकेत देखिन्छ। तर पूर्वाधारको असमान वितरण, इन्टरनेट पहुँचको सीमितता र शिक्षकको डिजिटल क्षमता अभिवृद्धि अझै सुधार गर्नुपर्ने प्रमुख क्षेत्रहरू हुन्। आगामी शिक्षा योजनामा सबै विद्यालयमा समान ICT पहुँच, नियमित डिजिटल तालिम, र प्रविधिमा आधारित शिक्षण–सिकाइ प्रणालीलाई संस्थागत गर्न आवश्यक देखिन्छ। विद्यालय क्षेत्र सूधार विकास कार्यक्रम अन्तरगत विभिन्न विद्यालयहरुमा पूर्वाधार विकास गर्ने, सूचना प्रविधि व्यवस्थापन प्रणालीको स्थापना तथा संचालन गर्ने जस्ता कार्यहरु भएका छन् । धनकुटा नगरपालिकाका मा.वि. तहका केही विद्यलयहरूले आफ्नै व्यवस्थापनमा सिसिटिभि क्यामेरा जडान गरी सकिएको छ । पालिकाका  सबै विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार गरीएको छ । संघीय तथा प्रदेशबाट विभिन्न सशर्त बजेटबाट पालिकाका केही विद्यालयमा विज्ञान प्रयोगशाला तथा कम्प्युटर ल्याबहरू निर्माण भएका छन् र यसको लागि पालिकाको आफ्नै श्रोतबाट लगानी गर्न नसकिएको अवस्था देखिन्छ ।

### ४.७.३ उद्देश्यहरु

- सिकाइलाई प्रभावकारी गुणस्तरीय  र सान्दर्भिक बनाउन सूचना तथा संचार प्रविधिको प्रयोग विस्तार गर्ने ।
- सूचना तथा संचार प्रविधिको प्रयोगलाई समतामूलक ढंगले सबै लक्षीत समूह सम्म विस्तार गर्ने ।
- शिक्षा सम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज, छिटो छरितो र सस्तो बनाउने ।
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउने ।

### ४.७.४ रणनीतिहरु

- सबै विद्यालयहरुमा सूचना तथा संचार प्रविधिका आधारभूत संरचनाहरु तथा उपकरणको प्रबन्ध गरी सूरक्षीत भौतिक र प्राविधिक प्रबन्ध मिलाईने छ ।
- कार्यरत सबै शिक्षकहरुको क्षमता विकास गरीने छ । अब प्रवेश हुने शिक्षकहरुका लागि प्रविधि प्रयोगको सीप आवश्यक सर्त हुनेछ ।
- पालिका स्तरमा प्राविधिक सहायताका लागि सक्षम शिक्षकहरुको छनौट गरी विषयगत समिति बनाइने छ । सो समितिलाई आवश्यकता अनुसार   डिजीटल सामग्री निर्माणमा जिम्मेबार बनाइने छ ।
- केन्द्र, प्रदेश तथा अन्तरपालिका समन्वय गरी तालिम सञ्चालन गरी शिक्षकहरुको क्षमताको विकास गरीनेछ ।
- शिक्षक सहायता तथा पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रणालीको प्रयोग गरीनेछ ।

- विश्वव्यापी रुपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरुमा विद्यालय, शिक्षक एवम् विद्यार्थीको पहुँचमा पुर्‍याईने छ।
- EMIS को प्रयोगलाई थप विस्तार तथा व्यवस्थित गराईने छ।
- सिकाइका विश्वव्यापी ढाँचा अनुरूप शिक्षकहरूलाइ तालिमको व्यवस्था गरीने छ।
- बाँकी रहेका सबै विद्यालयहरूमा इन्टरनेट सेवा विस्तार गरीनेछ।
- नगरपालिका भित्र रहेका सामुदायिक अध्ययन केन्द्र तथा सामुदायिक पुस्तकालयहरुमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सेवालाई सहज र प्रभावकारी बनाईने छ।

### ४.७.५ उपलब्धि र नतिजा

**उपलब्धि (क)**

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी,गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नाका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार भइ सुशासन कायम हुने।

**नतिजा (ख)**

- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि पालिका स्तरमा सूचना तथा सञ्चार प्रविधि स्रोतकेन्द्रको स्थापना हुने छ।
- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकास भई सबैको पहुँच हुने।
- सबै विद्यालयहरु र विद्यार्थीहरुमा सूचना र सञ्चार प्रविधि सम्बन्धि पहुँच हुने।
- सबै विद्यालयहरुमा शिक्षण सिकाइ तथा अन्य व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग हुने।
- पालिका स्तरमा सूचना तथा सञ्चार शिक्षक सहायता प्रणालीको विकास हुने।
- पालिका स्तरमा रहेका सामुदायिक अध्ययन केन्द्र तथा पुस्तकालयहरुमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग हुने।
- अनुगमन, मूल्यांकन तथा प्रतिबेदन प्रणालीमा सुधार भई लागत,जनशक्ति र समयको बचत हुने।

### ४.७.६ प्रमुख क्रियापलाप तथा लक्ष्यहरु

| क्र.स. | क्रियाकलाप | इकाइ | पहिलो पाँच बर्षको लक्ष | | | | | जम्मा | १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | विद्यालयमा ICT बिस्तार | विद्यालय | | १ | २ | २ | २ | ७ | ! ) | |
| २ | बाकी रहेका सबै विद्यालयमा इन्टरनेट | विद्यालय | ० | | ४ | ४ | ४ | १२ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सेवा विस्तार तथा व्यवस्थापन गर्ने | | | | | | | | | |
| ३ | सबै शिक्षकहरुलाई ICT को आधारभूत तालिम कार्यक्रम | विद्यालय | ४४ | | | ४४ | | ४४ | ४४ | |
| ४ | IEMIS सम्वन्धि तालिम | ४४ | | | ४४ | | ४४ | ४४ | ४४ | |
| ५ | विद्यालयमा ई लाइब्रेरी सञ्चालन | विद्यालय | ० | ५ | ५ | ५ | ५ | २० | २४ | |
| ६ | पलिका स्तरमा नमूना ICT स्थापना | वटा | | | | | १ | १ | २ | |
| ७ | पालिकामा विभिन्न समूहहरूका विभिन्न माध्यम सिकाइ आदानप्रदानका लागि सिकाइ समूह निर्माण | पटक | | १ | | १ | | १ | ३ | |
| ८ | संचालनमा रहेका सामुदायिक सिकाइ केन्द्र तथा पुस्तकालयहरुमा ICT बिस्तार | केन्द्र | | १ | १ | १ | | १ | ४ | |

## परिछेद ५ विद्यालय सुशासन तथा व्यवस्थापन

### ५.१ परिचय

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन, बालबालिकाको सिकाइ उपलब्धिमा सुधार तथा विद्यालय व्यवस्थापनलाई उत्तरदायी, पारदर्शी र नतिजामुखी बनाउन सुदृढ शैक्षिक सुशासन आवश्यक हुन्छ। शैक्षिक सुशासनले सहभागितामूलक निर्णय प्रक्रिया, स्पष्ट भूमिका र जिम्मेवारी, प्रभावकारी कार्यान्वयन, विधिको शासन, समता, समावेशिता, पारदर्शिता तथा जवाफदेहितालाई सुनिश्चित गर्दछ। यसका माध्यमबाट विद्यालयमा गुणस्तरीय शिक्षाको प्रवाह, बालबालिकाको सक्रिय सहभागिता तथा सिकाइप्रतिको उत्तरदायित्व अभिवृद्धि गर्न सकिन्छ।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहलाई शिक्षासम्बन्धी एकल तथा साझा अधिकार प्रदान गरेको छ। यस संवैधानिक व्यवस्थाअनुसार विद्यालय शिक्षाको सञ्चालन, व्यवस्थापन, अनुगमन, गुणस्तर अभिवृद्धि तथा शैक्षिक सुशासन कायम गर्न तीनै तहका सरकार, विद्यालय, समुदाय, गैरसरकारी संस्था तथा विकास साझेदारहरूको समन्वय र सहकार्य आवश्यक हुन्छ। साथै, संस्थागत क्षमता विकास, स्पष्ट जिम्मेवारी, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन

प्रणाली र सूचना तथा सञ्चार प्रविधिको उपयोगलाई सुदृढ गर्दै नतिजामुखी शिक्षा व्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको छ।

यस १० वर्षे नगर शिक्षा योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक शिक्षासम्म सबै बालबालिकाको पहुँच, सहभागिता, समता, समावेशिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्ने लक्ष्य लिएको छ। सो लक्ष्य प्राप्तिका लागि आवश्यक संस्थागत संरचना, दक्ष जनशक्ति, क्षमता विकास, योजना कार्यान्वयन प्रणाली, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन व्यवस्थालाई सुदृढ बनाउने व्यवस्था यस परिच्छेदमा समावेश गरिएको छ।

यस अध्यायमा वर्तमान अवस्थाको समीक्षा गर्दै शैक्षिक सुशासनमा रहेका चुनौतीहरूको विश्लेषण गरिएको छ। साथै, ती चुनौतीहरूको समाधानका लागि आवश्यक नीतिगत व्यवस्था, संस्थागत संरचना, क्षमता विकास, कार्यान्वयन संयन्त्र तथा अनुगमन र मूल्याङ्कन प्रणालीको रूपरेखा प्रस्तुत गरिएको छ, जसले नगरपालिकामा उत्तरदायी, पारदर्शी, सहभागितामूलक र गुणस्तरीय शिक्षा व्यवस्थापनलाई संस्थागत गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।
।

### ५.१.१ वर्तमान अवस्था :

नेपालको संघीय शासन व्यवस्थाअनुसार विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहको समन्वयमा भइरहेको छ। संघीय स्तरमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय शिक्षा नीति, मापदण्ड, पाठ्यक्रम, गुणस्तर सुनिश्चितता, योजना निर्माण तथा अनुगमन–मूल्याङ्कनको नेतृत्व गर्दछ। मन्त्रालयअन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड तथा शिक्षक सेवा आयोगले आ–आफ्नो जिम्मेवारीअनुसार कार्य सञ्चालन गरिरहेका छन्। प्रदेश तहमा शिक्षा विकास निर्देशनालय तथा प्रदेश शिक्षा तालिम केन्द्र र जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइमार्फत शिक्षा प्रशासन तथा समन्वयका कार्यहरू सञ्चालन भइरहेका छन्।

संघीय संरचनाअनुसार विद्यालय शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भए पनि संघीय शिक्षा ऐन समयमै जारी हुन नसक्दा प्रदेश तथा स्थानीय तहका कानुनी व्यवस्था, संस्थागत संरचना र कार्यप्रणाली पूर्ण रूपमा व्यवस्थित हुन सकेका छैनन्। यसका कारण केही नीतिगत तथा कार्यान्वयनगत अन्योल देखिएको छ। साथै, शिक्षा सेवाको जनशक्ति व्यवस्थापन, पदसोपान, क्षमता विकास तथा सेवा प्रवाहलाई संघीय व्यवस्थाअनुकूल थप सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विद्यालय शिक्षासम्बन्धी स्थानीय तहका अधिकार र जिम्मेवारी स्पष्ट गरेको छ। सोही व्यवस्था अनुसार धनकुटा नगरपालिकाले शिक्षा शाखामार्फत विद्यालय शिक्षाको योजना निर्माण, सञ्चालन, व्यवस्थापन, अनुगमन तथा समन्वयका कार्यहरू गर्दै आएको छ। हाल नगरपालिकाअन्तर्गत ४४ वटा सामुदायिक विद्यालय र ४ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन्। विद्यालयहरूमा प्रधानाध्यापकको नेतृत्वमा शैक्षिक, प्रशासनिक तथा व्यवस्थापकीय गतिविधिहरू सञ्चालन भइरहेका छन्।

यद्यपि, विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि, प्रभावकारी शैक्षिक सुशासन, सूचना प्रविधिमा आधारित व्यवस्थापन, जनशक्ति विकास, नियमित अनुगमन तथा संस्थागत क्षमता अभिवृद्धिका क्षेत्रमा अझ थप सुधार र सुदृढीकरण आवश्यक देखिएको छ। आगामी १० वर्षे शिक्षा योजनाले यिनै पक्षलाई प्राथमिकतामा राखी प्रभावकारी, उत्तरदायी तथा नतिजामुखी शैक्षिक व्यवस्थापन प्रणाली विकास गर्ने लक्ष्य लिएको छ।

### ५.१.२ उद्देश्य :

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

- विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार गर्न आवश्यक संस्थागत संरचना, दक्ष जनशक्ति तथा प्राविधिक सहयोग प्रणालीको विकास र सुदृढीकरण गर्नु।
- विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको समन्वय, सहकार्य, सहअस्तित्व तथा प्रभावकारी व्यवस्थापनका लागि संस्थागत संयन्त्रको विकास गर्नु।
- समता, समावेशिता, पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वमा आधारित शैक्षिक सुशासन प्रवर्द्धन गर्नु।
- विद्यालय, शिक्षा शाखा तथा सम्बन्धित शैक्षिक निकायहरूको संस्थागत तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित शैक्षिक व्यवस्थापन, अनुगमन तथा सेवा प्रवाह प्रणालीको विकास गर्नु।
- शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षा प्रशासनको नेतृत्व, व्यवस्थापन र कार्यसम्पादन क्षमता अभिवृद्धि गर्नु।
- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ र नतिजामुखी बनाउनु।
- विद्यालय तथा शिक्षा प्रशासनमा सुशासन, सहभागिता, पारदर्शिता र उत्तरदायित्वको संस्कृति विकास गर्नु।

### ५.१.३ रणनीतिहरू :

- विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठानिक संरचनाको सुधार गर्ने र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिनेछ।
- स्थानीय तहका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने र संस्थागत व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियम निर्माण गरी कार्यान्वयन गरिने छ।
- समता तथा समावेशितालाई प्रोत्साहन गर्नका लागि आवश्यक पर्ने नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने र शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शिता, जवाफदेहीता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिईनेछ।
- विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि पेसागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिईने छ ।
- स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ ।

### ५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य :

उपलब्धि :

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने ।

प्रमुख नतिजाहरू :

- स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने
- स्थानीय सरकार, शिक्षाको शासकीय स्वरुप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने
- शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्धन गर्ने संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने
- शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, शिक्षार्थीको सिकाइप्रति जवाफदेही,
- समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने

### ५.१.४ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | धनकुटा नगरपालिका शिक्षा ऐन २०७६ संशोधन | पटक | | | १ | | | १ | २ | |
| २ | खुल्ला प्रतिस्पर्धाबाट प्रअको छनोट र नेतृत्व सम्बन्धी तालिम | जना | | १ | | १ | | १ | ३ | |
| ३ | वि.व्य.स तथा प्रअको क्षमता विकास कार्यक्रम | पटक | | १ | | १ | | १ | २ | |
| ४ | आचारसंहिताको निर्माण र कार्यान्वयन | विद्यालय | ४८ | | | ४८ | | ४८ | ४८ | |
| ५ | प्रधानाध्यापक सँग कार्य सम्पादन करार सम्झौता | पटक | | | | १ | | १ | २ | |
| ६ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | विद्यालय | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ | |
| ७ | सामाजिक परीक्षण तथा लेखा परीक्षण | विद्यालय | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | कार्यविधि तयार सहित उत्कृट विद्यालय, शिक्षक, प्रअ, विव्यस र विद्यार्थीको घोषणा तथा पुरस्कार वितरण | पटक | | | | १ | | १ | २ | |
| ९ | वार्षिक विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | | | | १ | | १ | २ | |
| १० | विद्यालयको अभिलेखीकरण तथा सुशासनको अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागि पूर्व विद्यार्थी समाज गठन तथा अक्षयकोष एवम् आर्थिक स्रोत संकलन | पटक | | | १ | | | १ | २ | |
| १२ | शिक्षा समितिको नियमित बैठक | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १३ | प्रधानाध्यापकहरुको नियमित मासिक/चौमासिक/ श्रोत स्तरीय बैठक | पटक | ४ | ४ | ४ | ४ | ४ | ४ | १० | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन्। नेपालमा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्नेछ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ अधिकारहरु को व्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको १० बर्ष योजनाले तय गरेका लक्ष्यहरु पुरा गर्नका लागि र त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले सहयोग समन्वय तथा आत्मीकरण गर्नु आवश्यक रहेको छ । त्यसको साथै यस नगरपालिकाले पनि समग्र पालिकाको विकास र परिवर्तनका लागि केहि सोच, लक्ष्य, उदेश्य सहित शिक्षा क्षेत्रको नीति तय गरेको छ । उल्लेखित सन्दर्भमा पालिकाको शिक्षा सम्बन्धी नीति,

कार्यक्रम, लक्ष्य, तथा उदेश्य पुरा गर्न स्थानीय नगरपालिकाका आवश्यकताहरु पुरा गर्न नगरपालिकाको आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको १० बर्ष योजना तयार गर्नु आजको आवश्यकता रहेको निष्कर्ष रहेको छ। साथै सबै स्थानीय सरकारहरुले शिक्षा क्षेत्रलाई ब्यवस्थित गर्न पालिका स्तरमा शिक्षा प्रोफाइल तथा शिक्षा योजना अति नै आवश्यक रहेको र तयार गर्ने प्रतिबद्ध गरे बमोजिम योजना निर्माणको कार्यलाई अगाडि बढाइएको हो।

नेपालको वर्तमान संविधानले आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र नि:शुल्क गरेको छ भने माध्यमिक तह सम्मको शिक्षालाई नि:शुल्क गर्ने हकको सुनिश्चत गरेको छ। त्यसैगरी, अपाङ्गता भएका तथा आर्थिक रुपले पिछाडिएका बालबालिकाहरुको शिक्षामा कानुन बमोजिम नि:शुल्क गर्ने कुराको समेत सुनिश्चत गरेको छ। संघीय स्वरुपको राज्य व्यवस्था भए अनुरुप तीनै तहका सरकारहरु स्थापना भई क्रियाशिल अवस्थामा छन्। सबै सरकारहरुका आ-आफ्ना परिवेश भए अनुरुप र प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ। तीनै तहका सरकारहरुले समन्वयात्मक ढंगबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाइ परिवर्तित मर्म र गन्तव्यहरुलाई उक्त योजनामा प्रतिविम्वित गर्दै राष्ट्रले लिएका लक्ष्यहरु पुरा गर्नु आजको आवश्यकता हो।

### ५.२.२ वर्तमान अवस्था

नगर शिक्षा समितिको अगुवाइमा पालिकामा शिक्षा क्षेत्रका क्रियाकलापहरु सञ्चालन गरिएको छ। यस नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०८० देखि लागु गरिएको छ। स्थानीय विषयले यस पालिकाको ऐतिहासिकता र समग्रता झल्काउन मद्दत गर्नेछ भनी बालबालिकालाई स्थानीय परिवेश अनुकूल विषय क्षेत्रमा परिचित हुन सहयोग पुऱ्याउने छ।  आभारभूत तह कक्षा १–३ मा निरन्तर विद्यार्थी मुल्याङ्कन प्रणाली मार्फत उद्दार कक्षोन्नतीको नीति अनुसार मूल्याङ्कन, कक्षा ४–५ मा ५० प्रतिशत निर्माणात्मक ५० प्रतिशत निर्णयाात्मक मूल्याङ्कन प्रणाली अपनाइएको छ। त्यसैगरी आधारभूत तह कक्षा ६-७ मा ४० प्रतिशत विद्यार्थी मूल्याङ्कन र ६० प्रतिशत आवधिक परीक्षालाई कक्षोन्नतीको आधार बनाइएको छ भने कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा सञ्चालन गरीनेछ। कक्षा १० -१२ को अन्तिम परीक्षा रा.प.बो.को निर्देशन अनुरुप हुने गरेको छ त्यस्तै राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयन भएको छ भने एकिकृत पाठ्यक्रमको प्रभावकारी प्रयोग र कार्यान्वयनमा केही समस्याहरु र जटिलताहरु समेत देखा परेका छन्।

### ५.२.३ उद्देश्यहरू

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु।
- योजना प्रभावकारी प्रयोग र कार्यान्वयन गर्नु।
- एकीकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण गर्नु।

### ५.२.४ रणनीतिहरू

- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानॗून, कार्यविधि तथा निर्देशिका विकास गर्ने।

- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
- विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्न लगाउने ।
- विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धि आवश्यक अनलाइन दूर शिक्षणमा अनुकूलन हुनका लागि शिक्षक सहयोगी पुस्तिका मापदण्ड तयार गरी लागू गर्ने ।
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
- सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आयआर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै जीवनपर्यन्त सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिहरू**

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

**प्रमुख नतिजा**

१ शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | जम्मा भौतिक लक्ष्य( १० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | प्रतिशत | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **२** | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | कक्षा | | १ | | | १ | २ | ४ | |
| **३** | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | समय | | १ | | | १ | २ | ४ | |
| **४** | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | संख्या | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ | |
| **५** | एकीकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| **६** | शैक्षिक गुणस्तर सुधारसम्बन्धी अन्तरक्रिया | संख्या | | | १ | | १ | २ | ४ | |
| **७** | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | | १ | | १ | | २ | ४ | |
| **८** | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरूलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ । शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दिगो विकासको लक्ष्यको लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी  आवश्यकता पर्दछ ।

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध  राष्ट्र निर्माण गर्नमा शिक्षाको अहम भूमिका हुन्छ । भविष्यका लागि गुणस्तरीय मानव संशाधनको विकास गर्न शिक्षामा लगानी गर्नु आवश्यक छ । शिक्षामा गरीने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हो । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ ।

यस सन्दर्भमा धनकुटा नगरपालिकाको शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरु उल्लेख गरीएको छ । पहिचान गरीएका चुनौतीहरुको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरु प्रस्तुत गरी स्रोतको आँकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरीएको छ ।

## ६.२ वर्तमान अवस्था

धनकुटा नगरपालिकाको आ.व. २०८२/८३ को कूल वजेट रु ९४ करोड ९८ लाख ८८ हजार रहेको छ । शिक्षा क्षेत्रमा बिनियोजन रकम रु. **२६८९०६०००** (शसर्त अनुदान सहित) शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तर्गतको वजेट विनियोजन गरेको छ । शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रुपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरुमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी बृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय वजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्ल्लेख गरीएको छ । भावी दिनमा शिक्षा क्षेत्रको बजेट वृद्धिमा राज्य र सरकारको ध्यान जानु अनिवार्य रहेको छ । आ.ब. २०८२/८३ मा यस धनकुटा नगरपालिकाको शिक्षा क्षेत्रको बजेट देहायअनुसार रहेको छ ।

| आ.व.२०८२।०८३ को लागि शिक्षा,युवा तथा खेलकुद विकास शाखा तर्फको कार्यक्रम र बजेट | | | |
|---|---|---|---|
| क्र.स. | कार्यक्रमको शिर्षक | यस आव २०८२/८३ का लागि बजेट | कैफियत |

| | | | |
|---|---|---|---|
| १ | संघीय तर्फका प्रारम्भिक बालविकास सकाको लागि स्थानीय तहले व्यहोर्नु पर्ने तभ.(४८*७०००*१३) को पालिका थप तभ | ४८४८००० | |
| २ | पालिका सिर्जित बालविकास केन्द्रका सका तलव () | २५०००० | |
| ४ | सामुदायिक विद्यालयका कार्यालय सहयोगीको लागि स्थानीय तहले व्यहोर्नुपर्ने तभ.( ७०००*१३*४१ को लागि ) | ३७३१००० | |
| ५ | सामुदायिक माध्यमिक विद्यालयका सहायक विद्यालय सहायक ९ जनाको लागि स्थानीय तहले व्यहोर्नुपर्ने (३५००*१३*९) | ४०९५०० | |
| ६ | पालिका सिर्जित शिक्षक तभ प्रावि निमावि र मावि ११ र १२ तर्फ सहित | १०००००० | |
| | शिक्षक , सका तथा कर्मचारीहरुको लागि स्थानीय तहले व्यहोर्नु पर्ने जम्मा तभ तर्फ रु | ८६१४००० | |
| ४ | विद्यालयमा एकिकृत शैक्षिक व्यवस्थापन प्रणालीIEMIS मा काम गर्ने फोकल शिक्षकहरूका लागि IEMIS सम्बन्धी कार्यशाला र ICT फोकल शिक्षकहरुलाई सूचना प्रविधि सम्वन्धित आधारभूत तालिम | १५५००० | |
| ५ | पालिका स्तरीय आधारभूत तह कक्षा ८ उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन | ५००००० | |
| ६ | विद्यालय अनुगमन तथा सुपरिवेक्षण( विद्यालयको पठन पाठन,परीक्षा र दिवा खाजाको अवस्था अनुगमन समेत ) | २५०००० | |
| १० | प्र.अ. बैठक सञ्चालन तथा व्यवस्थापन | १५०००० | |
| ११ | शिक्षकहरूको पेसागत क्षमता विकास तालिम | २५०००० | |
| १९ | माध्यमिक विद्यालयका विद्यालय सहायकहरुका लागि लेखा सञ्चालन तथा व्यवस्थापन सम्बन्धि क्षमता विकास | १५०००० | |
| २२ | शिक्षा कार्यक्रम तर्फ जम्मा | ६००००० | |
| २६ | पालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन तथा व्यवस्थापन | ३५०००० | |
| ३० | जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा पालिकाबाट विजेता खेलाडी सहभागिताको लागि व्यवस्थापन | ३५०००० | |
| | कुल जम्मा | २१६०७५०० | |

### शिक्षामा राज्यको लगानीको अवस्था

नेपालमा वि.सं. २०४९/५० मा शिक्षामा राज्यको लगानी कूल राष्ट्रिय वजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो । कूल ग्राह्स्थ उत्पादनसँग शिक्षा क्षेत्रको वजेट तुलना गर्दा वि.सं. २०५५ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कूल गार्हस्थ वजेटको औसत ३.७ प्रतिशत रहेको थियो । विगत एक दशक अवधिमा सरकारबाट कूल राष्ट्रिय वजेटको औषत १३.२ प्रतिशत वजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ । नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्वपूर्ण अंश रहेको छ । विगत ५ वर्षको शिक्षा क्षेत्रको वजेटको औषत १०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ ।

### ६.४ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरु देहाय अनुसार रहेको छन्

- योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
- विद्यालय शिक्षा सम्बन्धि पहिचान गरीएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
- उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत वजेट निर्धारण गर्नु ।
- खर्चको प्रक्रिया, तिनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।
- लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु ।

### ६.५ रणनीतिहरु

योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरु देहायबमोजिम हुनेछन्

- विद्यालय शिक्षाको लागि कानूनमा तोकिए अनुसारको आर्थिक दायित्व तिनै तहका सरकारहरु विचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरीने ।
- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने ।
- सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ ।
- शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र त ीनै तहका सरकारबाट कूल वजेटको वार्षिक रुपमा २० प्रतिशत पुर्याइनेछ ।
- नेपालको वैदेशिक सहायता नीति अनुरुप शिक्षाको वजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरीनेछ ।

### ६.६ प्रस्तावित कार्यक्रम तथा वजेट अनुमान

